१९३२ में एम्स्टर्डम ओलम्पिक में हाकी में भारत की धाक जम गई । हमने हाकी में स्वर्ण पदक जीता ।

१९२८ में लास एंजेल्स (अमरीका) ओलम्पिक में भारत ने अमरीका और जापान की टीमों को हराकर फिर हाकी में स्वर्ण पदक जीता ।

१९३६ में बर्लिन (जर्मनी) ओलम्पिक में भारतीय हाकी टीम का नेतृत्व हाकी के जादूगर ध्यानचन्द ने किया । इससे हाकी में भारत तीसरी बार लगातार जीता ।

१९४० में युद्ध के कारण ओलम्पिक खेल नहीं हो सका ।

१९४४ में ओलम्पिक खेल नहीं हुए । तब दूसरा विश्व-युद्ध चल रहा था ।

१९४८ में लन्दन ओलम्पिक में भारत ने लगातार चौथी बार फिर हाकी में स्वर्ण पदक जीता ।

१९५२ में हेलसिंकी ओलम्पिक में भारत हाकी टीम ने पाँचवी बार फिर स्वर्ण पदक जीता । के० डी० यादव ने बैंटम वेट कुश्ती में कांस्य पदक जीता ।

१९५६ में मेल्बोर्न ओलम्पिक में हाकी में हम फिर जीते । लेकिन १९६० में रोम ओलम्पिक में भारत को पहली बार हाकी में हार का मुँह देखना पड़ा और रजत पदक से सन्तोष करना पड़ा । हमारी फुटबल टीम सेमी-फाइनल में पहुँची और उसे चौथा स्थान मिला ।

१९६० के ओलम्पिक में मिल्खा सिंह ने ४०० मीटर के फासले को ४५.६ सेकिंड में पार किया और चौथा स्थान पाया । माधव सिंह ने 'मिडिल वेट' कुश्ती में छटा स्थान पाया ।

१९६४ में टोकियो ओलम्पिक में भारत हाकी में पाकिस्तान को हराकर स्वर्ण पदक जीता और हम फिर विश्व-विजेता बने । एथलेटिक में कप्तान गुरबचन सिंह विश्व के पाँचवे हर्डलर (बाधा-दौड़ के धावक) बने । विशम्भर सिंह ने कुश्ती में छठा स्थान पाया । स्टीफी डिमूज ने ४०० मीटर की दौड़ के क्वाटर-फाइनल में छटा स्थान पाया ।

१९६८ में मेक्सिको ओलम्पिक में भारत हाकी के फाइनल में भी नहीं पहुँचा । हमें केवल कांस्य पदक यानी तीसरा स्थान ही मिला ।

१९७२ में म्युनिख ओलम्पिक में भारत ने हाकी में कांस्य पदक प्राप्त किया ।

हँसना मना है

पवन कुमार अग्रवाल
दशम् वर्ग (वाणिज्य)

(१) पता नहीं साहब

मालिक (क्रोध में)—अरे, गधा, कहाँ रहता है ?

नौकर—धोबी के घर, हुजूर ।

मालिक—उल्लू ।

नौकर—घोंसले में, हुजूर ।

मालिक—सुअर ।

नौकर—पता नहीं साहब ।

(२) अन्धा भीखारी

एक अन्धा भिखारी—बाबूजी, भगवान के नाम पर एक पैसा दे दो ।

सज्जन—मैं कैसे यकीन करूँ कि तुम अन्धे हो ?

भिखारी—वह सामने वाला पेड़ आपको दिखाई दे रहा है ?

सज्जन—हाँ ।

भिखारी—वह पेड़ तो मुझे नहीं दिखाई दे रहा है ।

(३) टाई

पुत्र (पिता के गले में टाई बंधी देखकर)—पिताजी, आपके गले में क्या बँधा है ?

पिता—तुम्हें इतना भी नहीं मालूम ?

पुत्र—अच्छा अब समझ गया । माँ ने मुँह पोंछने के लिए रूमाल बाँध दिया है ।

(४) पाकेटमार

(एक पाकेटमार को पुलिस के सिपाही ने पकड़ लिया)

पाकेटमार—हवलदार ! मुझे एक मिनट के लिए छोड़ें तो सामनेवाली दूकान से सिगरेट ले आऊँ ।

सिपाही—मुझे बेवकूफ बनाता है ? मुझे धोखा देना चाहते हो ? मैं तुझे भागने नहीं दूगां । तू यहीं ठहर, मैं सिगरेट लेकर आता हूँ ।

(५) शर्मा जी

(शर्मा जी अपनी पत्नी और १६ बच्चे को लेकर सिनेमा देखने चले । तभी सिपाही ने उन्हें पकड़ लिया ।)

उन्होंने पूछा—मैंने क्या किया ?

सिपाही ने कहा—तुमने कुछ न कुछ तो किया ही होगा । तभी तो यह भीड़ तुम्हें घेरे हुए है ।

(६) शादी

एक कंजूस के लड़के की शादी थी शादी के कुछ दिन पहले वह बैण्ड-बाजेवाले की दूकान में गया ।

उसने मैनेजर से कहा—

—भाई मेरे बेटे की शादी है इसलिए मुझे बैण्ड-बाजे की जरूरत है ।

तब मैनेजर ने एलबम में से एक फोटो दिखाते हुए कहा अगर यह ड्रेस पहन कर आऊँगा तो ३०० रु० लगेंगें और फिर दूसरा फोटो दिखाते हुए कहा कि यह पहन कर आऊँगा तो १५० रु० लगेंगें । बताइये कौन सी ड्रेस पहन कर के आऊँ ?

सेठ ने ५० रु० देते हुए कहा—भाई ५० रु० लिजिये और १५ तारिख को जाँगियाँ पहन कर आ जाओ।

\+ \+ \+

अमर कुमार रसैली,
सातौं श्रेणी

(१) (शाम के वक्त एक लड़का बौड़ के पान के दूकान में आता है ।)

लड़का—ओ भैया जी, थोड़ा सफेद दीजिएन !

पानवाला—अभी बत्ती जल रही है, इस वक्त नहीं होगा ।

लड़का—तो बत्ती बुझा के दे दो ।

\+ \+ \+

(२) (शिक्षक लड़कों को पढ़ाते वक्त एक छात्र से सवाल पूछा तो छात्र झटसे उस सवालका जवाब दे देता है, तब शिक्षक खुश होके कहता है ।)

शिक्षक—तुम तो कमाल के लड़के हो ।

छात्र—जी नहीं ! मैं तोतारामका लड़का हूँ ।

\+ \+ \+

(३) (मास्टर भूगोल की पाठ पढ़ाते वक्त एक लड़का को प्रश्न करता है ।)

मास्टर—बताओ तो अगर दिनमें सूर्य न निकले तो क्या होगा ?

आलसी लड़का—तब तो बड़ा मजा आएगा ।

मास्टर—क्या होगा ?

आलसी लड़का—सोनेका समय बढ़ जायेगा ।

पवन कुमार अग्रवाल
दशम् श्रेणी (वाणिज्य)

(१) बाप ने बेटे से पूछा—तुम दश साल के हो गए मगर अभी मेरे कन्धे के बराबर भी नहीं हुए ।

बेटे ने तपाक से उत्तर दिया—जरा यह तो सोचिए कि आपका कन्धा कितने साल का हुआ ?

\+ \+ \+

(२) सुमन (एक साधु से)—बाबा, कहीं आप तो चोर नहीं ?

साधु—तुम्हें कैसे मालूम ?

सुमन—क्योंकि आपकी दाढ़ी में एक तिनका फँसा हुआ है ।

\+ \+ \+

नेता का मित्र—आज तुमने बड़ा अच्छा भाषण दिया ।

नेता—मगर सब के सब सुनने वाले गधे थे।

मित्र—तो, इसीलिये तुम उन से बार-बार कह रहे थे "प्यारे भाइयों" !

\+ \+ \+

(४) शिक्षक ने बिगड़कर कहा—सब कोई बैठ जाओ और जो गधा होगा, वह खड़ा रहेगा ।

सभी बच्चे बैठ गये। राम् ने मास्टर जी को खड़े देखकर कहा—मास्टर जी, आप भी बैठ जाइये न !"

\+ + +

(५) मोहन (गणेश से)—कहो दोस्त, कैसी तबीयत है ?

गणेश—बुखार तो टूट गया है, कमर में थोड़ा दर्द है।

मोहन—कोई बात नहीं। जिस तरह बुखार टूट गया, उसी तरह कमर भी टूट जायेगी।

\+ + +

(६) दो मित्र रेल में सफर कर रहे थे। उनमें से एक मित्र को एक हजार रुपया दूसरे को देना था। लगातार तकाजों के बावजूद वह कर्ज चुकाने से कन्नी काटता रहता था।

उस दिन सफर के दौरान अचानक रेल गाड़ी के डब्बे में चोर घुस आया और आते ही पिस्तौल तानकर बोला—"जिसके पास जो कुछ है, निकाल कर मेरे हवाले कर दो।"

दोनों मित्र डर गये। जिस मित्रको कर्ज देना था, उसने अपना बटुआ निकाला और अपने मित्र से कहने लगा—"यह लो यार, तुम्हारा हजार रुपया पड़ा था। मुझे बड़ा खेद है कि तुम्हारे बार-बार माँगने पर भी कर्ज की रकम अदा न कर सका। लो अब ले लो।"

\+ + +

(७) एक अँग्रेज गाड़ी में जा रहा था उसका ड्राईभर हिन्दुस्तानी था। एक जगह गाड़ी कीचड़ में फँस गयी। तब अँग्रेज ने पूछा—"ह्वाट इज दिस ?" तब ड्राईभर ने जवाब दिया—सर, माई नेम ईज गाड़ी कीचड़ में फसींग, न हिलींग, न डुलिंग, तो हम का करींग।

\+ + +

(८) तालाब पर काफी भीड़ थी। एक दम लोगों की नजरें एक डूबते बच्चे की ओर गई। इधर छपाक की आवाज आई। लोगों ने देखा एक नौजवान तालाब में बच्चे की ओर बढ़ रहा है। जब वह बच्चे को निकालकर वापस आया लोग उसे शाबासी देने लगे। मगर उसने घबराई आवाज में कहा—"शाबास को मारो गोली, पहले यह बताओ, मुझे तालाब में धक्का किसने दिया था।"

\+ + +

(९) सोहन—भूले हुए रिश्तेदारों को खोज निकालने का सबसे अच्छा उपाय क्या है ?

श्याम—कोई बड़ी लाटरी जीत लेना।

\+ + +

(१०) लेखक—मैं एक ऐसा नाटक लिख लाया हूँ जो सारे हाल को आँसुओं से भर देगा।

डायरेक्टर—नहीं भाई, मुझे तो ऐसा नाटक चाहिये जो मेरी टेबल को नोटों से भरा दे।

एक संस्मरण

श्री बी० सी० सिमिक,
अवकाश प्राप्त (शिक्षक)

मेरे जीवन में बुधबार ५ सेप्टेम्बर १९७३ आजीवन स्मरणीय रहेगा, क्योंकि उस राष्ट्रीय शिक्षक दिवस के उपलक्ष्य में मेरे चिरकाल-सम्बन्धित विद्यालय के मान्यवर प्रधानाध्यापक श्रीमान् पी० आर० प्रधानजी, मित्रवर्ग शिक्षक-गण तथा छात्र समुदाय ने उस दिन एक भव्य समारोहका आयोजन किया जिसमें मुख्य भूमिका अदा करनी पड़ी। मुझ जैसे मामूली शिक्षक प्रति प्रदर्शित सम्मान, वक्तव्यों तथा सद्भावना-सूचक अनेकों उपहारों के लिए श्रीमान प्रधानाध्यापकजी, शिक्षकवर्ग तथा छात्रों को हार्दिक धन्यवाद ज्ञापन करता हूं। मैं स्वयंको ऐसे भव्य स्वागत तथा सौहार्द्र-सूचक उपहारों के लिए अयोग्य सोचता हूँ। अस्तु—

इस लेखमें मैं सुमियन परिवारके मनोरंजनार्थ अपने स्कूली जीवन की घटनाएँ लिख रहा हूँ। मुझे आशा है इनसे पाठकों को मनोरंजन और ५०।६० वर्ष पूर्व के S.U.M.I. की अवस्था की झाँकियाँ मिलेंगी।

(क)

१९१६ मार्च की घटना है। मुझे विद्यालय प्रवेश हुए डेढ़ महीने हुए थे। एकाएक प्रिन्सिपलजी कमरे में आए और टेस्ट लिया। चौथे दिन मैं आफिस में बुलाया गया। विस्मितवदन डरता हुआ भीतर गया। उन्होंने वात्सल्य-पूर्ण स्वरमें मेरी पीठ पर हाथ फेरते हुए कहा—"तुमको मैंने शिक्षक बनने के लिए चुना है। तुम इस स्कूल के शिक्षक बनोगे।" इन बचनों से मेरे भावी-जीवन कार्यका सूत्रपात हुआ और शिक्षक बनने की प्रेरणा मुझे मिली।

(ख)

मिस्टर विलियम फेरी हमारे अंग्रेजी के शिक्षक ग्लासगो विश्वविद्यालय के स्नातक थे। वे पद्य पढ़ाने में कुशल थे। उनके सिखाए हुए पद्यों में से अब तक मुझे ये याद हैं:— Elegy, Psalm of Life, Deserted Village, Lays of Ancient Rome, Duty, Hohenlinden, Soldier's Dream, Burial of Sir John Moore, Charge of the Light Brigade, Rossabelle आदि और फुटकर पद्यों का अन्वय तथा सरलार्थ सहित सजीव व्याख्या देने में निपुण थे। मैं उनका कृतज्ञ शिष्य हूँ।

वे हमारे पाद-गोलक दलके अच्छे खिलाड़ी थे। उनकी छाती चौड़ी, उभयपद चालक थे किन्तु ऊँचे तो वे प्रायः पौने पाँच फीट के थे। उनका लक्ष्य दर्शनीय होता था। जब वे क्रीड़ा क्षेत्र में क्रीड़ा में अपना करतब प्रदर्शित करते थे तो दर्शकों के मुँहसे "वाह!" "ओहो!", "फेरि हान फेरि", "फेरि बजा फेरि", "बल गर पुड़के साहेब" आदि वाहवाही छूटती थी। उनके मनमें "फेरि और पुड़के साहेब" गड़ गये थे। ३।४ मास तक उनको ये दो शब्द काँटेकी तरह चुभे। तो सोमबार को अँग्रेजी पढ़ाने के बदले खिसियाकर बोले "Boys, why do you all distort my name? Remember my name is not फेरि or पुड़के साहेब My full name is William Watson Ferrie." तब उन्होंने अपना पूर्ण नाम कृष्ण-पट पर लिखा और हमसे भी लिखवाया। तो भी क्रीड़ा क्षेत्रमें उनपर यह उपाधि-वर्षा होती रही। नेपाली भाषा सीखते जाने पर उन्हें सन्तुष्टि

हुई कि फेरि उनका नाम नहीं और पुड़के उनके लिए अनुपयुक्त विशेषण नहीं था।

(ग)

मेरे श्रद्धेय मान्यवर गुरुजी श्रीमान् रामचरित्र पांडेय जी हिन्दी, उर्दू और फारसीके प्रकाण्ड विद्वान थे। वे गणित और हिन्दी के शिक्षक थे। उनकी रचनाएँ अनेकों पत्रिकाओं में प्रकाशित होती थीं। हिन्दी-ज्ञानके लिए वे मेरे परम पूज्य हैं। मई १९१७ में बंगालके तात्कालीन गवर्नर लार्ड कारमाइकेल (कारमाइकल ग्राउण्ड उनका दान है) कालिम्पोंग पधारे। विदाई के अवसर पर थाने के सम्मुख चौरस्ते पर आयोजित सभा में उन्हें भी वक्तृत्व देनेको कहा गया था। उन्होंने अपने बैठक से खड़े होकर १० मिनटों तक अनवरुद्ध बोलीमें लार्ड महोदय तथा भारतकी युद्ध सम्बन्धी सहायताओं पर प्रकाश डाला। अकस्मात उनके कवित्व का स्रोत उमड़ निकला। भारत की राजनैतिक और आर्थिक अवस्था व्यक्त करते हुए वे अनेकों पद बोलते गये, अन्तकी दो पंक्तियाँ मुझे याद हैं "हे सृष्टिबनानेवाले क्या यही है न्याय? भारतके नाथ लन्दन में हैं, कैसे होता न्याय?" इसके बाद वे कुर्सी पर बैठते हुए बोले "मेरे सत्य बचनों से सब सन्तुष्ट हुए होंगे। पूज्यवर गुरु महोदय।"

(घ)

डा० सदरलैण्ड ने १९१६ में रेशम-शिल्प-पालन केन्द्र खोला था। उसके अवशेष अब भी हैं। १९१९ में डिब्रुगढ़ से एक युवक उसमें सीखने के लिए छात्रावास में रहने लगा। वह एक बातूनी संगी के जिम्मे था। नेपाली से अनभिज्ञ वह फरवरी महीने के साँझ-सवेरे की ठंडक से थरथर काँपता था। एक साँझ को वह काँपता हुआ हमारे मनोरञ्जन वार्तालाप में शामिल हुआ और कहने लगा "सुन सुन साथी हो" हम सब चुप हुए "यो कालेवुङ ठाउँमा साह्रै जाड़ो रैछ। म एक्ले ढेडु हाँड़ीको पींधमन्दा काली मुस्टे जाड़ोले लग्लगी छु। बोक्सा जस्तै दाँत ठकठक गर्दै बस्दैछु। लुते कुकुर जस्तै रातै पिच्छे आफै श्यास छोड्दै आफै सुँघ्दै जीउ तताउँदै छु।" हम तो सुनकर हँसी से लोट-पोट, वह बेचारा शर्म से लाल होकर भाग गया। पीछे नेपाली शिक्षक का उससे महाभारत हुआ जिसमें मुझे बिचवई का कार्य करना पड़ा और तब दोनों में मिलाप हुआ।

(ङ)

१९३१ अप्रेल के एक शनिवार प्रचण्ड गर्मी में एक घण्टेतक लड़कों को गेंद खेलवाकर मैं उनके साथ पेड़की छाया में केवल बैठा ही था कि पीछे से आवाज आयी—"Why are you idling there with boys? Roll up your sleeves and get down to the ground." यह मिल साहब का वज्र था। फौरन लड़कों को लेकर पसीने से तर प्रचण्ड ताप से रक्तवर्ण होने पर भी उन्हें यत्र-तत्र दौड़ाया। दस मिनट भी नहीं बीते थे कि एक नहीं चार लड़के मूर्च्छित हो गिर गये। पानी पास में नहीं—दो को अपने कंधों पर उठाकर दो को साथियों से उठवाकर कोठी के सामने के पानीकल में पहुँचाया। उन्हें लिटाकर भींगे रुमाल से उनके मुखड़े पोंछ रहा था कि गर्जन फिर सुनाई दी "What is the hubbub about? What are you doing?" चुप-

चाप मैं उन्हें पोंछता रहा। मिलजी आ धमके और बोले—"I did't notice that you had made them play so hard." मैंने तत्काल उत्तर दिया—"All this wouldn't have happened if you had used your eyes properly. Your quick tongue is responsible for this." मदद करने वा हमदर्दी के लिए एक शब्द नहीं—मेरे प्रत्युत्तर से उनके मुँहमें ताला लग गया। अपना सा मुँह लेकर घर की तरफ लौटे।



नेताओं का जन्म और मरण

नेता	जन्म	मरण
महात्मा गान्धी	१८६९	१९४८
जवाहरलाल नेहरू	१८८९	१९६४
ईश्वरचन्द्र विद्यासागर	१८२०	१८९१
गोपालकृष्ण	१८६६	१९१५
बाल गंगाधर तिलक	१८५६	१९२०
राजाराम मोहनराय	१७७४	१८३३
रामकृष्ण परमहंस	१८३४	१९०२
लाला लाजपतराय	१८६५	१९५८
सरदार पटेल	१८७५	१९५०
आशुतोष मुखर्जी	१८६४	१९२४
मोतीलाल नेहरू	१८६१	१९३१
रवीन्द्रनाथ टैगोर	१८६१	१९४१
स्वामी विवेकानन्द	१८६५	१९०२

मित्र

सावन कुमार राई,
कक्षा ११ (कला)

आज उस रास्ते से जाते-जाते फिर मेरी दोनों आँखे उस भग्न अवस्था में खड़ी पान की दूकान पर पड़ी। वह दूकान रास्ते के एक किनारे पर है। जब मैंने यह भग्नावशेष पानकी दूकान देखी तब से मेरे दिल में बीते हुए दिनों की याद आने लगी।

पान दूकान में एक पानवाला बिहारी भाई था। हम लोग उसको 'मित्र' कहते थे, क्योंकि वह बहुत मिलनसार आदमी था। एक बार जब मैं पाठशाला से भीगते-भीगते आया तब उस पान की दूकान पर आश्रय लिया और मित्र ने भी आश्रय दिया। उस-समय मित्र और मेरे अन्दर का जो संकोच था वह धीरे-धीरे हटता गया और उसने धीरे-धीरे एक कथा कहना प्रारम्भ किया।

वह बिहार में एक जमीनदार का सबसे छोटा लड़का था, और उससे बड़े दो भाई थे। वे दो बड़े भाई दिनभर खेत में खटते थे, लेकिन उस समय वह मित्र माँ-बाप के गोद में दिन भर सुख से व्यतीत करता था। यह सब देखकर वे दोनों भाई ईर्ष्या से जलते थे। धीरे-धीरे वह बड़ा हो गया और उसके विरुद्ध बड़े भाइयों की ईर्ष्या भी बढ़ती गयी।

मनुष्य का जन्म ही मृत्यु है, और इसी के चक्कर में पड़कर पानवाले मित्र के माँ-बाप भी एक-एक वर्ष के अन्दर ही चल बसे। तब से मित्र को उसके भाई घृणा की दृष्टि से देखने लगे। मित्र उनका छोटा भाई था तो भी आज ऐसा व्यवहार! मित्र दुःख नहीं जानता था न कोई खेती का काम जानता था तो भी मित्र प्रयास करता था। उसने हिम्मत न हारी। कठिन काम भाइयों के साथ करता था लेकिन उससे गलतियाँ होती थीं। इस कारण मित्र को उस के भाइयों ने घर में रखना नहीं चाहा और एक-दिन ऐसा आ ही पहुँचा, जिस दिन मित्र को घर से निकाल दिया गया। फिर भी मित्र जीवन से हताश नहीं हुआ और दुःख सहकर भी यहाँ पर अपना जीवन व्यतीत करने लगा। आरम्भ में छोटी सी खिलौने की दूकान किया और धीरे-धीरे इसी में उन्नति करता गया। एकदिन वह सड़क के किनारे एक बड़ी पान की दूकान भी खड़ाकर डाला। कठोर परिश्रम के उपरान्त वह इस दशा में था।

लेकिन आज वह हमारा मित्र नहीं है, वह तो वहीं अपने पूज्य माँ-बाप की गोद में फिर चला गया, इस संसार को छोड़ दिया, इस संसार से विदा लेलिया; तो भी उस की याद हमारे दिल में हैं, इस याद को कभी मौत नहीं आएगी जब तक हम जीएंगे। आज भी अथक परिश्रम से निर्मित वह दूकान किसी वियोगी की आँखों की तरह खुली अपने राही का रास्ता देख रही है..... !!

चटपटे चुटकुले

सत्य नारायण बंसल,
कक्षा १० (वाणिज्य)

१

एक आदमी—"बाबूजी, मुझे नौकर रख लीजिए।"
मालिक—"देख, कहीं दो चार दिन रह कर न भाग जाना।"
आदमी—"सरकार, मुझे तो एक ही जगह रहने की आदत है, तीन साल से मैं बराबर एक ही जगह रहा हूँ।"
मालिक—"कहाँ ?"
आदमी—"जेल में।"

२

सिनेमा शुरू होने पर हाल की बत्तियाँ बुझा दी गयी तो एक गँवार चिल्ला उठा—"क्या हम उल्लू हैं जो हमें अँधेरे में खेल दिखा रहे हो!"

३

मालिक (नौकर से)—"गधा !.....दिन भर कहाँ रहता है ?"
नौकर—"धोबी के घर में।"
मालिक (और क्रोध से)—"कैसे बोलता है ?"
नौकर—"ढें-यू.....ढें-यू.....।"

४

मजिस्ट्रेट—"तुम दो टूक जवाब दो, तुमने चोरी की है या नहीं ?"
अभियुक्त—"सरकार, अगर यह फैसला मुझे ही करना है तो आप अपना अमूल्य समय क्यों नष्ट कर रहे हैं ?"

५

अध्यापक—(नये लड़के से)—"क्यों जी, तुम्हारा नाम क्या है ?"
विद्यार्थी—"गुलजारी लाल सिंह।"
अध्यापक—"जब कभी बड़ों की बात का जवाब दिया जाता है, तब हमेशा पहले श्रीमान् कहना चाहिये।"
छात्र—"ठीक है ! क्षमा कीजिये ! मेरा नाम श्रीमान् गुलजारी लाल सिंह !"

६

गाय और ग्वाले में क्या अंतर है ?"
गाय शुद्ध दूध देती है और ग्वाला पानी मिलाकर।"

७

मां—बेटे, जल्दी तैयार हो जाओ, वरना स्कूल पहुँचने में देर हो जायेगी।
बेटा—कोई बात नहीं माँ, स्कूल सारे दिन खुला रहता है !

८

सिपाही—"पार्क में कुत्तों को लाने की इजाजत नहीं है ! क्या यह कुत्ता आपका है ?"
सज्जन—"नहीं, यह मेरा नहीं है !"
सिपाही—"लेकिन यह तो आपके पीछे-पीछे आ रहा है।"
सज्जन—"मेरे पीछे-पीछे तो आप भी आ रहे हैं।"

९

दूधवाला—"कल से दूध का भाव एक आने सेर बढ़ गया है।"
खरीदार—"क्यों ?"
दूधवाला—"क्योंकि म्यूनिसिप्यालिटी ने कल से पानीका टैक्स बढ़ा दिया है।"

१०

अध्यापक (विद्यार्थी से)—"आज तुम्हें देर कैसे हो गयी ?"
विद्यार्थी—"गिर गया था, लग गयी !"
अध्यापक—"कहाँ गिर गये, क्या लग गयी ?"
विद्यार्थी—"बिस्तर पर गिर गया था, नींद लग गयी, मास्टर साहब !"

क्या आप जानते है

राम प्रदीप मिश्रा,
नवम वर्ग
"वाणिज्य"

१

कि चीनी वर्णमाला में २१४, संस्कृत में ४४, रूसी में ३५, फारसी में ३१, अरबी में २८, रोमन में २६ तथा लैटिन में २४ अक्षर होते हैं ?

२

कि महाभारत के श्लोकों की संख्या २ लाख २० हजार है ?

३

कि रोशनी एक सेकेन्ड में १ लाख ८६ हजार मील चलती है ?

४

कि आवाज एक मिनट में १२ मील की यात्रा करती है ?

५

कि रविवार की छुट्टी सन् १८४३ ईश्वी में शुरू हुइ थी ?

६

कि नारियल के वृक्ष से लगभग ३६० उपयोगी वस्तुएँ बनाई जाती है ?

७

कि संसार में समस्त रेल इन्जनों और भट्टियों में २९ मन कोयला एक मिनट में जलाया जाता है ?

८

कि हिरन अपनी नाक एवं कान दोनों से सांस लेता है ?

९

कि हाथी प्रतिदिन ५ घण्टे से अधिक नहीं सोता है ?

१०

कि सबसे बड़ा बरामदा रामेश्वरम मन्दिर में है जो ७५,००० फीट लम्बा है ?

'A muster at the G. P. O. at 10 !
(A rememberancer to Himalayan Culturists.)

District Inter School Sports, Darjeeling.
(Karchung & Surendramani.)
Representing S.U.M.I.

The Staff & Prefects 1973

Commerce First batch 1973

मिल-जुलकर काम करो

ऋषि कुमार अग्रवाल,
भूतपूर्व छात्र

आइये, जरा पीछे मुड़कर देखें। दुनियाँ के आरम्भ में आदमी आज जैसा नहीं था। वह भोजन की खोज में जंगलों में भटकता था। वह अकेला था और मनमानी करता था। इसलिए वह कमजोर था। लेकिन धीरे-धीरे उसने सहयोग का पाठ सीखा। उसने देखा कि मिल-जुलकर शिकार करना भी आसान है और शत्रुओं से अपना बचाव करना भी।

एक दूसरे की मदद के बिना इतने काम कैसे पार पड़ सकते थे। इस तरह जैसे-जैसे आदमी आगे बढ़ता गया, आपसी सहयोग बढ़ता गया। लेकिन बाद में जैसे ही आदमी के अन्दर स्वार्थ की भावना पैदा हुई कि बना-बनाया खेल बिगड़ने लगा। बलवान ने निर्बल को दबाना शुरू कर दिया। समाज में भेद भाव पैदा हो गया। नतीजा यह हुआ कि सहयोग की कड़ी टूट गयी और सारा समाज, राष्ट्र और संसार बिखर गये।

हमारा देश आजाद है। उसे बनने-बिगड़ने की जिम्मेदारी किसी और दूसरे के हाथ नहीं है। हमारे अपने हाथों में है। हम चाहते है कि हमारे देश की गरीबी दूर हो, बेरोजगारी मिटे, हर आदमी पढ़ा-लिखा हो, उसके रहने के लिए घर और बीमार पड़ने पर इलाज की व्यवस्था हो। हम चाहते हैं कि हम सच्चे अर्थ में स्वतन्त्र हों। लेकिन प्रश्न यह है कि इतना बड़ा काम हो कैसे ?

प्रश्न बड़ा तो है ही, साथ ही अच्छा भी है। इसी प्रसंग में मुझे एक कहानी याद आती है।

एक किसान था। उसके कई बेटे थे। उनके आपसी झगड़ों से वह बड़ा परेशान था। उसके सामने तो वे उसके कहे-सुनने से कुछ कर भी लिया करते थे, पर बूढ़े को चिंता यह थी कि उसके बाद क्या होगा ? लड़के बिखर गये तो घर-बाहर सब का सब चौपट हो जायेगा। वंश का नाम मिट्टी में मिल जायेगा। क्या करे, कुछ समझ में नहीं आता था।

जब उसका अंत समय निकट आया, तो उसने अपने लड़कों से कहा—"खेत में रुपया गाड़ा हुआ है। मेरे मरने के बाद निकाल लेना।"

काम इक्के-दुक्के के बस का था नहीं। सभी मिलकर खुदाई पर लग गये। खेतों का चप्पा-चप्पा खोद डाला पर रुपया न मिला। सोचा, शायद धन कुछ और नीचे हो, सो उन्होंने कुछ और गहरी खुदाई की।

जमीन खूब खोदी गयी। नीचे की मिट्टी ऊपर आ गयी। इतने पर भी रुपया नहीं मिला तो एक बात उनकी समझ में आयी। उन्होंने कहा—क्यों न इस जमीन में कुछ बो दें ? रुपये का तो पता चल नहीं सका, अब अपनी मेहनत की क्यों बेकार जाने दें।

लड़कों ने खेतों को बोया। खूब देख-भाल की, कुछ ही महीनों में फल सामने आया। खेत लहलहा उठे। इतनी पैदावार हुई, जितनी वर्षों में नहीं हुई थी। लड़के मालामाल हो गये। अब उन्हें पता लगा कि खेत में गड़े धन का क्या मतलब था, और क्यों पिताजी ने उसकी जगह नहीं बतायी थी। साथ ही इससे उन्हें मिल-जुलकर काम करने से लाभ का भी पता चला। फिर उन्होंने एक दूसरे का साथ कभी नहीं छोड़ा। जब तक रहे, मिलकर रहे और सुख से रहे।

हमारे ऊपर के प्रश्न का उत्तर भी यही है। देश की सच्ची आजादी के लिए गरीबी को दूर करना जरूरी है। गरीबी दूर करने की कुंजी मिलकर काम करना है। देश की उन्नति तभी हो सकती है जब हम सभी एक दूसरे की भलाई की बात सोचें, मिलकर काम करें और अपने कर्त्तव्य को ईमानदारी से पूरा करें। फिर हमारे हरेक काम अच्छे फल देंगे। धरती सोना उगलेगी। कारखानों से माल निकलेगा। और इसी तरह समृद्धि चारों तरफ फैलेगी। एक की खुशी सबकी खुशी होगी।

सुमाइट

कालिम्पोङ

१९७३

आधुनिक विद्यार्थी प्रति

भारत दरनाल,
नवौं श्रेणी (कला)

(१)

हामी विद्यार्थी भोलिको छत्र छायामा,
देशको अनुपम ज्योति हौं !
हामी चमत्कार, बलत्कार नबनेंर,
चम-चम चम्कने गगन तारा झैं बनौं ।

(२)

तर अर्द्धनग्न चेतन लिएर होइन,
आँकुरा जगाएर कदापि पुर्दैन ।
आत्ममा प्रबल, अभिलाषा उमारेर,
देशलाई प्रगति पथको-भौतिक आधार बनाऔं !

(३)

सृजना यहाँ सृजौं अनित्य,
राष्ट्रिय भावना उच्च राखेर ।
नवीन लक्षको, परामर्श लिएर,
आत्म-प्रयास लाई जारी राखौं ।

(४)

भविष्यमा अझ कति आउलान्,
बीर धीर हाम्रा सन्तान ।
आजनै हामीले देश बनाएनौं भनें,
के भन्लान् हामीलाई, तिनले ?

(५)

सम्झ साथी, यो थपेड़ालाई
नगर अनुकरण पश्चिमी सभ्यतालाई ।
हेर पाइला, आफ्नै ढुकुटी लाई,
साथद, माकुराले जालपो सक्यो लगाई ।

जोर मानेमा तर्साउँछ !

सुरेन्द्रमणि प्रधान,
एघारौं श्रेणी (कला)

स्वाँ...स्वाँ...स्वास फेरेर केही बेर पछि—

"आ.. हा...मैले यो जीवनमा कहिले भर पेट खान पाइनँ, न लगाउन नै पाएँ भनौं भने अहिले सम्मको यो मेरो जीवन डोको र नाम्लोले बित्यो...अझै यस्तै हुनेछ.....यसले मुक्ति दिनेछैन.....।" त्यस पछि शून्य वातावरण...।

एउटा सत्य घटना—

म भरखरै सुतेको मात्र थिएँ..., ढक... ढक...ढोकामा आवाज आयो...अनायसै अल्झी मान्दै ढोका खोलिदिएँ । मनमा एउटा सिङ्गै डर उमारेर प्रश्न गर्ने म अघिको सङ्गार बाहिरको मान्छेलाई—"को हो ?"

"म !" एउटा चिसो शब्द । मलाई यस्तै लाग्छ ।

"को म ? चिन्दिनँ ।"

"म जगते !" एउटा दुक्क हुने शब्द मेरो कर्णमा बज्रन्छ । म ठीक बन्छु ।

"किन आइस् यति बेला ?" यस्तो प्रश्न गर्ने म मेरो कर्त्तव्य ठान्छु ।

"तल जेठा तामाङ्ग मरेछ र खबर दिन पो आएको !" एउटा दुःखद खबर !

"अरे के अचम्भ, बिहान त मैले भेटेको साँझै सँधै झैं नूनको बस्ता बोकेर खानी गएको भन्यो। होइन होला, तैंले हावा त लगाइनस् ?

"हो बिहान त मैले पनि भेटेको अनि भन्नु हुन्थ्यो 'कै नानी ! आफू चाहिँ बिमार भन्न पनि पाइएन, यो डोको, नाम्लो र दुःखले कहिले छोड्ने' भन्दै त्यही जोर मानेमा बिसायो अनि एक क्षणमा गन...गन...गर्दै खानी तर्फ गएको त मैले देखेको...।"

"अन्त लास कहाँ छ ? शायद लड्रेर पो मऱ्यो कि, तर होइन होला !"

"नूनको बस्ता त खानी साँझै पुऱ्याएर पनि एक मुरी धान बोकेर यता फिरेको रे अनि रेली पूल तर्दा झमक्क रात परिसकेको थियो रे । अलिक माथि आएर भारी बिसाएर सानो कुवामा मुख जोतेर पानी पिउँदा पो के भएछ, मुख, नाक बाट रगत निस्केर कुवा जम्मै रातो रंगमा परिणत भएछ । अन्त समय गइसक्दा पो एक जना मान्छेले देखेछ पानीमा मुख जोतेर लड्रिरहेको मान्छे ! त्यति बेला जेठा तामाङ्ग इशाराले मात्र बोलेछ—'के भयो-भयो अब म बाँच्दिनँ होला...मेरो जहानलाई झट्टै बोलाई देऊ' अनि त्यो मान्छेले उठ्याउने कोशिष गरेछ तर सकेनछ र त्यही माथिको गाउँमा गएर हल्ला-खल्ला गरिदिएछ । गाउँलेहरू राती नै पूल्तो लिई त्यो कुवामा आएछन्— सबैले चिनेछन् उही जेठा तामाङ्ग जो आज बिहान मात्र नूनको बस्ता बोकेर खानी गएको थियो । तर जेठा तामाङ्गको प्राण गइसकेको थियो । दुइ भाइ उसको घरमा खबर दिन गएछ.....मलाई चाहिँ यता पठा'को ।" जगतेले एउटा कथा भन्यो...किनकि यो एउटा कथा नै थियो ।

"तँ जा अहिले, म भोलि बिहानै झर्छु ।"

जगते हिड्‌यो—

मेरो सोचाई बढ्न थाल्यो उही जेठा तामाङ्गको विषयमा जब म पुनः ओछ्यानमा पर्से—विचारा उसको उमेर प्रायः ५०/५१ वर्ष पुगेको हुँदो हो, केश पाकेको.....थाप्लोमा नाम्लोको डाम, आंग पिल्सेको, उसलाई रेली पारीका मान्छेहरू 'ट्रक' भन्थे । साँच्चै उ ट्रक समान थियो किनकि उसैको कारणले कतिपय रेली पारीका मानिसहरूलाई वर्षा माझमा रेलीको बाढ़ तर्न पर्दैनथ्यो । अब उसको घरक समस्या...समस्या नै रह्यो...समाधान छैन ...छोरा-छोरी र स्वास्नी...!

भोलि बिहानीको कुरा हो, म सदा भन्दा निकै ढिलो उठें । घाम अघि नै झुल्किसकेछ । हतार-हतार मुख धुन बाहिर निस्केको थिएँ, गाउँकै दुइजना दाइहरू बाहिर बसिरहेका रहेछन । मैले यहाँ आएको कारण सोधें, उत्तर हिज कै पाएँ—'जेठा तामाङ्ग खसेछ !' तौ दुइ दाइहरू चाहिँ जेठा तामाङ्गको घरको (बाँचेका जहानको) निम्ति केही खाने कुराहरू बटुल्दै आएका रहेछन् साथै क्रिया-कामको निम्ति केही चन्दा उठाउँदै हिँड्‌का रहेछन् । मैले पनि चार पैसा चन्दा स्वरूप दिएँ । बिहानीको खाना-पिना गरेर उँधोतिर हिँडें ।

म मरेको घरमा पुग्दा, त्यहाँ प्रायः मान्छेहरू आइसकेछन् । समय पनि भइरहेथ्यो जेठा तामाङ्ग-लाई जंगल पुऱ्याउन । हामीले पक्का गर्‌यौं रेली खोला लाने । यति बेला सम्म एकजना गाउँले बजारबाट 'कफन' लिएर आइपुग्यो । तर कसले त्यो मुर्दामा कफन बेह्रिदिने किनकि मुर्दा हेर्दा नसक्नुको गतिमा थियो, मुख र नाकमा सुकेको रगतको दाग, खुला आँखा आँशु झरेको दाग, पसिना सुकेको अनुहार...। कस्तो मैला शरीर र लुगाहरू...गन्हाउन थालेको मुर्दा...। यसैले उसको मृत शरीरमा नयाँ कफन बेहेर्ने कोही अघि सरेनन...! म भावनामा डुब्न थालें उही एउटा दुःखित भावना—उ सोझो थियो, चोर्ने, ढाँट्ने, छल्ने इत्यादि अवगुणहरूदेखि उ सदैव टाढो थियो, मात्र उ सदैव आफ्नो कर्त्तव्यमा लागिरह्यो, दुनियाँलाई उसले गुण लगायो । अँ, उ कति पीर र समस्यामा डुबेको थियो...उमाथि संसारको एउटा डरलाग्दो भारा थियो । उसले छोरा-छोरी र स्वास्नीको पेट खालि राखेन ! उसले संसारलाई धेरै-कुछ दियो र पनि उ मन्यो शून्य भएर !

अनायसै एक कोमल, मायालु हृदय भएको राई दाइ अघि बढ्‌यो अनि त्यो दुर्गन्ध पूर्ण मुर्दामा कफन बेहेर्ने अघि सऱ्यो—त्यसमा मैले पनि हात दिएँ । बिस्तारै उसको शरीरको बस्त्र निकाल्दै नयाँ कफनमा मुर्दाको शरीर लपेटी रहेथ्यौं, मेरो हात एउटा पटुकाको कड़ा गाँठोमा पऱ्यो जुन गाँठो चार पाँच बटा थियो । मुस्किलले खोलें—दुइवटा तीन पैसे र एउटा दश पैसा रहेछ जम्मा १६ पैसा यो देख्दा मेरो मन भित्रै बाट अमिलो भएर आयो, उसले यति १६ पैसा केको इच्छाले राखेको थियो...?

अब शँखको ध्वनि कानमा पर्न थाल्यो । हामी एउटा नयाँ कफनमा लपेटिएको गह्राउने मुर्दा लिएर रेलीतिर बढ़िरहेथ्यौं ।

हामी रेलीको गड़तिरमा पुग्यौं, अघि नै बालुवाको राश माथि दाउराको परिबन्ध गरि-सकेथ्यो बिस्तारै चितामा आगोको राज्य फैलिन थाल्यो औ मान्छेको आकृति जलेर एउटा कालो डल्लोमा परिणत हुन थाल्यो...। आगो अझै जलिरहेथ्यो..., घाम पनि बिस्तारै परिवेशमा लुक्किरहेथ्यो...। अनि अन्तमा त्यो चिताको स्थानमा मात्र खरानीको राश थियो । त्यो पनि एक

झोंका हावाले फुस्स उड़ाइदियो – एउटा मान्छे, एउटा दुःख, एउटा इच्छा एउटा जलन, उड़ेर हरायो, हावामा हावा नै बन्यो ।

त्यसपछि हामी उँभोतिर लाग्यौं...साँझ झमक्क परिसक्दा...अनि घेरै माथि जोर-मानेमा बिसायौं । हाम्रो थकाइ मरेछ क्यारे पुनः उँभो बढ्यौं । यस्तैमा जगतेले कुरा निकाल्यो – "सदा त जेठा तामाङ्ग यहाँ बिसाउँथ्यो तर हिजदेखि त सदालाई बिसायो ..।"

त्यसैले आजकल पनि औंसी र पूर्णेमा जेठा तामाङ्गले भारी बिसाउँछ—किनकि आत्म मर्दन—स्वाँ...स्वाँ...स्वास फेरेर केही बेरपछि—

आ...हा...हा...मैले यो जीवनमा कहिले भर-पेट खान पाइनँ, न लगाउन नै पाएँ भनौं भने अहिले सम्मको यो मेरो जीवन डोको र नाम्लोले काट्यो...अझै यस्तै हुनेछ यसले मुक्ति दिनेछैन....!! त्यसपछि शून्य वातावरण...!!

सारँगीको धुन अनि बसन्तको आगमन

– अशोक शर्मा,
नवम् श्रेणी (कला)

कता.....कता पहाड़को कन्दराबाट
प्रतिध्वनित भएर आएको.....
सारँगीको मधुर ध्वनिले
यहाँ वनको चाँप, गुराँस फुल्छ,
बसन्तले नौलो चोली फेर्छ,
नौलो जागरण, नव-स्फूर्ति आउँछ,
यहाँ मुर्झाएको प्रकृतिमा.....
यहाँको पहाड़ी झरनाहरूमा.....
नौलो जोश आउँछ
आकाशभरी झुण्डिएका बादलहरू रोएर
झरिदिन्छ यहाँ वर्षा बनेर ।
त्यही पहाड़बाट प्रतिध्वनित भएर आएको
सारँगीको मधुर धुनले.....
त्यहाँ पूर्णिमाको रात डाकी त्याउँछ.....
अनि त—
कोइलीले चाँपको हाँगामा बसेर
सारंगीको तान सँगै मधुर-कण्ठ खोलेर
बसन्तको नव सन्देश दिन्छ.....
यहाँ बाँच्ने प्राणीहरूलाई.....
एउटा नौलोपना खोलेर ।

चेतनाको पहिलो डाक

जाइओन लेप्चा,
एघारौं श्रेणी (कला)

"आमा...! भोक लाग्यो, भात देऊ न।" मध्य दिनको छातीभित्र त्यो त्रिपाईको कुनै एउटा झोपड़ीबाट करुण-रोदन निस्कन्छ (शायद एउटा शिशुको रोदन)।

मध्य दिन भएता पनि त्यो निर्दयी बादल आफ्नै कार्यमा तल्लिन देखिन्छ। घेरैनै चाहन्छन् त्यो बादललाई अदृश्य गराउन अनि सुन्दर दिन प्राप्त गर्न तर प्रकृतिको नियम भत्काउन कसको तागत ?

\+ \+ \+

दिनभरी स्वास्नीको खून सुक्छ दुइ मानाको जोगाड़मा। लोग्ने त छ तर लोग्नेको के भरोसा ?. काममा जान्छ त्यसको ज्याला ठाड़ो घाँटी लगाउनमा नै पुग्दैन, उसको निम्ति केको छोरा-छोरी, केको जहान।

दिनभरी काम गरेर थाकेर आएकी स्वास्नीलाई बेकसुर मातेर कुट्छ। बिचरी सहाराहीन अबला गरोस् नै के ? उसको जीवनको प्रत्येक क्षण उसको निम्ति दिन काट्न पहाड़ बन्छ, किनकि उसको लोग्नेको व्यवहारै त्यस्तो छ। कुनै दिन उसलाई बिरक्त लाग्छ तर जस्तै मन बिरक्तिए पनि त्यो माया भन्ने कुरो कदापि बिरक्तिदैन—ती छोरा-छोरीको मायाले गर्दा उ न कहीं जान सक्छे न त केही गर्न नै सक्छे र पनि हरेस खाइन, उसले छोरा-छोरीलाई अरूको छोरा-छोरी संग दँजाउन नै प्रयास गरिरही तर उसको गरीबीले गर्दा आज आफ्नो बढ़ेको छोरा-छोरीलाई अरूको घरको नौकर बनाउनुपरेको छ। उसले आफ्नो छोरा-छोरीलाई न त पाठशाला-को शिक्षा दिनै सकी कारण तिनीहरूको कच्चा उमेरमा नै नौकर भएर जित्न लागेको छ।

\+ \+ \+

त्रिपाईको त्यो सानो झुप्रो संधै अन्धकार देखिन्छ—न त त्यसको बाहिरी शृंगार छ न त भित्री नै। त्यो परिवार आजसम्म कति दिन भोकै बसेर व्यतित गर्नुपरेको छ। बिचरी एउटी अबला कहाँ जान सक्छे र ? फेरि जावस् पनि कसरी ? मातृत्वको कसिलो बन्धन छ—त्यसैले बाँधिनुपरेको छ। आँखाको आँसु आखाँमा नै सुकाउनुपरेको छ। लोग्नेको के भरोसा र कारण उ त एउटा मयूरको भाले जस्तो छ।

एक बेलुकी—वातावरण शान्त छ। भोकले त्यस परिवारमा हलचल मचाइरहेको हुन्छ यस्तैमा लोग्ने मातेर घर आइपुग्छ। मानिस मातेर व्याकुल भए ता पनि आत्म त व्याकुल हुँदैन। तब त उसको पेटमा भोक त अवश्यै थियो। आत्माले भनि-रहेथ्यो "खाना...खाना" तर उसको बाहिरी शरीर मदमा पौरिरहेको थियो। एकासि उसको आत्मिक रोदन बाहिरी मुखबाट निस्कन्छ —"भात ले"। तर यो शब्दको उत्तर के देओस् र बिचरीले। फेरि पनि त्यो मातले गर्दा लरबरिएको आवाज आउँछ—"ए सुन्दैनसस्, भात ले भनेको।" दोस्रोपल्ट पनि केही उत्तर नपाएकोले गर्दा उ उठ्छ धरखरिँदै अनि स्वास्नी-लाई कुट्न जान्छ दाउराको कन्चेट हातमा

लिएर । निसंकोच उ त्यो स्वास्नीको शरीरमा प्रहार गर्न थाल्दछ...।

आज त्यो त्रिपाईको वातावरण निश्चल छ । झोपड़ीको ढोका बन्दछ । छोरा-छोरी शायद कतै छिमेकीको घरमा गए होलान्... अनि लोग्ने त्यो कालिम्पोङ थानाको चिसो सिमेन्टमा कक्रिरहेको छ । स्वास्नी चाहिँ "चारटरिज" अस्पतालको शान्त वातावरण चिर्दै १० न० बेडमा आफ्नो छोरा-छोरीको शोकमा छट्पटाउँछे तर उसले प्रत्येक दिन डाक्टर, नर्सहरूबाट सान्त्वना पाउँछे—"तिमी अहिले ठीकै छौ, चोट अब निको हुन आँटेको छ ।" यस्तैमा एक दिन भनेकी थिई—"डाक्टर साहेब, म यो चोटको प्रहारबाट मुक्त हुन न पाए असल थियो कारण ममाथि अझ अर्को चोट पनि छ जो अहिले तपाईंको समक्ष छैन । तपाईंदेखि अदृश्य छ ।"

डाक्टरले भन्छ—"धैर्य धारण गर संसारमा चोट न पर्ने मानिसको छ र ? त्यस्ता चोट-हरू त संसारको निम्ति केही होइन । यो त सम्भव छ—शायद स्वर्गको निम्ति यो असम्भव हुन सक्छ ।

\+ \+ \+

आज स्वास्नी अस्पतालबाट कति दिन बाद बिदा लिएर घर गएकी छ भनी लोग्नेले थाहा पायो तब उसलाई कहाँ-कहाँदेखि खुशी पनि लाग्यो । उ घरि हाँस्न खोज्छ—फेरि आफैले रोएको अनुभव गर्छ । आफैलाई घृणा गर्छ 'पापी, तेरो आफ्नै कसुरले गर्दा त हो नि चिसो भूइँमा डल्लिन परिरहेछ ।' त्यो थानाको चिसो भूइँमा उकुस-मुकुसिएर बसिरहेकै हुन्छ धेरै-धेरै कल्पनाहरू अंगाल्दै । यस्तैमा जेलको ढोका खोलिए जस्तो उसलाई अनुभव भयो । अनायस उसको दुइ नयन वैलाएको फूलमा पानीको प्रभाव परे जस्तो स्वास्नीको सुन्दर मुहारमा पर्न गयो । केही बेर अघि जता-तते निराशै-निराशले व्यक्त भएको जेल अहिले उसको निम्ति स्वर्ग जस्तो लाग्यो ।

उसकी स्वास्नी पुलिस 'इन्सपेक्टर'-सित अनुनय गरिरहेकी थिई—"सर, यो जति घटना घट्यो यो सब मेरो लोग्नेले गरेको होइन यसमा त मेरो नै भूल छ । यदि न्यायले भेटाए मलाई नै सजाय दिनोस् ; त्यसको निम्ति म राजी छु तर मेरो लोग्नेलाई चाहिँ छोड़िदिनोस् ।" केही क्षण पछि कारागारको ढोका बन्द भयो; उसको आशा त्यसै बिलीन भैसकेथ्यो । उसको आँखाका ज्योतिहरू त्यो जेलको अँध्यारो कुनामा चियाइरहेको थियो त्यही ढोका खोलिने प्रतिक्षामा तर.. बन्द ।

\+ \+ \+

फेरि पनि आज त्रिपाईको वातावरणमा केही सौन्दर्य छाएको छ । उ त्यो जेललाई छोड़ी त्रिपाई आएको छ । उसले आफ्नो ती कुबानीहरूलाई चटक्क भुल्न लागेको छ । उसको पहिलाको त्यो रक्सी पिउने आदतले गर्दा उसलाई घरि-घरि रक्सी दोकान जाने इच्छा जागेर आउँदछ । कोही-कोही बेला त दोकान अघि नै पुग्दछ तर फेरि त्यही जेलको चिसो भूइँको यादले चस्का दिन पुग्छ—त्यो जेल -को शान्त वातावरण र काली कुना-काप्चीहरू नयन अघि नाच्छन् र त उ आफैले आफैलाई रोक्न बाध्य हुन्छ ।

जेल को बिदा पश्चात् प्रत्येक क्षणहरूमा जब पनि स्वास्नी संग रहन्छ तब उ पश्चात्ताप गरिनै रहन्छ । स्वास्नीको अघि गएर प्रण गर्छ जाँड़-रक्सीलाई दूर राख्ने अनि त्यो चोट जुन चोट गरीबी भएर आएको थियो त्यो चोटको दवाई खोज्ने । फेरि गरीबीको दिन फर्कन्छ आफ्नै कारणले । त्यो तुच्छ झोपड़ी उज्यालो हुन थाल्छ । कति दिन अघि कचल्टिएर बसेका फूलहरू पनि फुल्न थालेका छन् । आफ्नो दैनिक कार्यलाई सुचारू रूपले चलाउन व्यस्त हुन्छ ती बाल-बच्चा आफ्नो प्राणको निम्ति । हिज लत्रिएको मुनामा उमंग देखिन्छ । हिमाली हावा आफ्नै सुरमा व्यस्त छ, अन्धकारलाई दूर गरी पूर्व क्षितिजमा सूर्य मुस्काइरहेछ ।

मधुरो प्रकाश

डुक छिरिङ्ग सिमिक,
नवौं श्रेणी (कला)

आकाशमा चम्किने ताराहरू !
"म" यहाँ बसी देख्छु संसार !!
पहाड़को नगीज कुना-कुनामा !
देख्छु "म" संधै संसार !!!

पूर्णिमाको कोमल रात झैं !
हूँ "म" संसारको अकेला मात्र !!
लाखौं प्रगतिमा दुइ मात्र !
यहीं छ मेरो सानो संसार !!!

आज यौवनकालका रचनाहरू !
अन्योल पृष्ठमा कोरिएका लहरहरू !!
सुन्दर फूलका कोपिला झैं !
बस्दछु "म" शीत झैं !!

यौवनकालको तारा सम्झी !
भएछु "म" अंकालका तारा !!
मेरो मधुरो उज्ज्वल शरीर !
छुपाई राख्छु "म" सारा शरीर !!!

हजारौं दिनहरू बित्दै आज !
यहाँ नै छ मेरो अन्तिम दिन !!
समय छ मेरो केवल एक घड़ी मात्र !
सदैव बन्दछु म अन्धो तारा !!!!

विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ

भक्त प्रसाद अधिकारी,
एघारौं श्रेणी (वाणिज्य)

विवेकानन्द भन्नुहुन्छ—"Students of today are the future leaders and pillars of the nation. They should therefore learn every relevant matter of the nation." अर्थात् "छात्रहरू भविष्यका राष्ट्रका नेता तथा खम्बाहरू हुन्, त्यसो हुँदा तिनीहरूले देशको सबै परिवेशमा ज्ञान लिनुपर्छ ।" त्यसकारण विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ ।

१८औं शताब्दीको फ्रान्सिसी क्रान्तिले जन्माएको गणतान्त्रिक राज्यको सँगसँगै राजनीतिमा पनि भीष्म परिवर्तन आएको छ । त्यही क्रान्तिको अवलोकन गरेर विश्वका सारा राष्ट्रमा १८औं शताब्दीदेखि यता गणतान्त्रिक अधिकारको निम्ति संघर्ष, शोषण र अत्याचारको विरुद्धमा दुन्दुभी शुरू भएको छ । २०औं शताब्दीमा यस्तो परिवर्तन छ कि—आजको युगमा राष्ट्रको पद्धति बारे ज्ञान नभए हामी आफूले पाएको अधिकार पनि गुमाउँछौं । गणतान्त्रिक सरकार प्रजाको सरकार हो औ प्रजाको भलाईकोलागि राज्यको नीति तयार हुन्छ—सामाजिक र राजनैतिक दुवै क्षेत्रमा जनताको सबैभन्दा ठूलो हात छ । यसै संदर्भमा भलाई यो भन्न अति आवश्यक छ कि कुनै पनि राष्ट्रको मानिसले, आफ्नो देशको शासन-पद्धति राम्ररी बुझ्नु आवश्यक छ । तर...राजनीति बुझ्नुको निमित्त हामीलाई शिक्षा अति नै आवश्यक छ । त्यसकारण शिक्षा सँगसँगै राजनीतिको पाठ पनि पढ्न हामीले पाएदेखि हामी भविष्यमा राष्ट्रको निमित्त केही गर्न सक्छौं जस्तो मलाई लाग्छ । आफ्नो देशको शासन-पद्धति बारे हामीले सिक्नु औ जान्नुपर्ने हुनाले र विद्यार्थीहरू भविष्यका नागरिक हुनाले—"आजको विद्यार्थी यदि भोलिको आफ्नो देशप्रतिको उत्तरदायित्व पूर्ण गरी देशलाई प्रगतिशील र समृद्धशाली बनाउन चाहन्छ भने उसले आजको राजनीति छानविन गर्न सक्नुपर्छ औ त्यसै अनुसार उसले भोलिको कदम चाल्न जान्नुपर्छ ।" त्यसकारण विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ ।

राज्यको प्रशासन चलाउने तथा राज्यको योजनाहरू चलाउने नीति नै राजनीति हो । कुनै पनि राज्यमा यदि समाजलाई विकसित गर्नु हो भने त्यहाँका विद्यार्थीले पूरा मात्रामा राजनीतिमा भाग लिनु उचित छ । किनभने आजको विद्यार्थीले नै भोलिको समाजको भार थाम्नुपर्छ, औ आजका विद्यार्थी नै भोलिका कर्णधार नागरिक हुन् । आजको बदलँदो युगमा भोलि के हुन्छ कसैलाई थाहा छैन । त्यसकारणले गर्दा भोलिको समाजको भार थाम्नु आजदेखि नै तयारी भए कुनै आपत्ति आइलाग्ने छैन ।

उदाहरणकोलागि हेर्नुहोस्—तालीम पाएको सिपाही र नपाएको सिपाही युद्धस्थलमा आकाश-पातालको फरक हुन्छ । त्यसरीनै हामी देख्छौं—आजका विद्यार्थीले भोलिको समाजको भार थाम्ने हो भने आजैदेखि त्यो क्षेत्रमा काम गर्नु उचित मात्र होइन आवश्यक पनि छ । त्यसकारण यो कुरा निश्चित छ कि विद्यार्थीले राजनीतिमा भाग लिनु उचित मात्र होइन आवश्यक पनि छ ।

त्यसरीनै हाम्रा बाजे-बराज्यूहरूले एउटा उखान बनाइदिएका छन्—"अघि चेतन सदा सुखी, पछि चेतन सदा दुःखी"। यो उखानले के संकेत गर्छ—यो उखान बनाएर हाम्रा बाजे-बराज्यूले पछि गर्ने काम अघि नै गरे भने उसको जिन्दगी सुखी हुन्छ तर पछि गरे उसले आफ्नो जीवनमा दुःख भोग्नुपर्छ। त्यसकारणले गर्दा विद्यार्थीहरूले पनि राजनीति भन्ने के हो, विद्यार्थी जीवन मैं जानी राखे पछि उसलाई सेवामा कुनै बाधा हुँदैन जस्तो मलाई लाग्छ।

फेरि 'कविरदास' भन्नुहुन्छ—"कल करे जो आज कर, आज करे जो अब, पल में प्रलय होगा पूरा करेगा कब"। अब विचार गर्नुहोस् कविरदासले के भन्नुहुन्छ? विवेकानन्द के भन्नु हुन्छ? हाम्रा बाजे-बराज्यूका उखानले के संकेत गर्छ विचार गर्नुहोस् शान्त मन लिएर, एक गिलास चिसो पानी टाउकोमा खन्याएर। भन्नुहोस्—विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ कि छैन?

आजको समाजको बदलँदो रूप र आजको राजनीतिमा आएको परिवर्तनलाई नियाल्नुहोस् औ त्यसपछि पल्टाऊनोस् इतिहासका पाताहरू—भारतवर्षलाई स्वतन्त्र गराउने वीर शहीदहरू सुवासचन्द्र, भगतसिंह, चन्द्रशेखर आजाद, शुकदेव, असफल्ला खाँ इत्यादि विद्यार्थी अवस्थामा नै राजनीतिमा पसेका थिए। त्यस बेलाको राजनीतिको शोषणको विरोध तिनीहरूको हृदयमा भरिएको थियो। त्यसैले तिनीहरू विद्यार्थी भएता पनि स्वतन्त्रता संग्राममा दृढ़ भएर रहे—त्यसरी इतिहासले पनि प्रशस्त मात्रामा उदाहरण दिइ-रहेको छ कि विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ। विचार गर्नुहोस्—उचित छ कि छैन?

आफ्नो देशको राजनीति नजान्ने मानिस आजको समाजमा मूर्दा समान हो। फेरि विद्यार्थी भन्नाले स्कूलमा पढ़ने मात्र नभएर ३०।३२ पुगेर M.A, र Ph.D. गर्दै गर्नेहरू पनि विद्यार्थी नै हुन्। त्यसो हो भने के त अब ४० वर्ष नाघेको दाँत झरेर थोने भइसकेका बूढ़ाहरूको आश गर्ने? होइन साथी हो, अब यस्तो युग आएको छ—हामी विद्यार्थीलैनै समाज र देशको निम्ति काम गर्नुपर्छ—जमाना सुहाउँदो र युग सुहाउँदो राजनीतिको सृजना गर्नुपर्छ, किनभने बूढ़ाहरूले हामीलाई र हाम्रो निम्ति केही गर्दैनन्—उनीहरू ता केवल आफ्नो रहल-पहल दुइचार दिनको धुकधुकी कहिले सकिएला र स्वर्गको ढोका खुल्ला भन्ने ताकमा छन्। तब विचार गर्नुहोस् यस्तो अवस्थामा विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ कि छैन त? राम्ररी विचार गरेर हेर्नुहोस् यदि विद्यार्थीले राजनीतिमा भाग लिएनन् भने भोलिको हाम्रो समाजको 'रूप-रेखा' 'लुगा धोइस् बूढ़ी भन्दा सुंघी हेरन बूढ़ा' भने जस्तो हुनेछ, हाम्रो समाजको दृश्य "लथालिङ्गे देशको मताभुङ्गे चाला" भने जस्तो हुनेछ। हाम्रो देशवासीको अवस्था "बिग्रेको मान्छे भत्केको घर जे मन लाग्छ उसै गर्" भने जस्तो हुनजाला। यदि यसबाट बाँच्न हो भने उपाय एउटै छ, त्यो हो आजका विद्यार्थीलाई पूरा मात्रामा राजनीतिमा भाग लिन दिनु औ राज्य प्रशासनको व्यावहारिक ज्ञान दिनु पर्छ। त्यसकारण विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ।

आफ्नो देशमा अधिक बर्बाद हुनदेखि रोक्न हामीहरूको कर्त्तव्य हो। हाम्रा नेता भ्रष्ट भए उनीहरू आफ्नो स्वार्थ सिद्ध गर्न लीन छन्। कुर्सीकोलागि छीना-झपटी गर्छन्। देशको हित उनीहरूबाट हुँदैन। त्यसकारण आजको युवा-पिँढ़ीले राजनीतिमा भाग लिनु

उचित छ । जब कालेज अनि विश्वविद्यालय-का छात्रले देशको राजनीतिमा भाग लिन्छन् तब मात्र हाम्रो भ्रष्टाचारी नेताहरू देशबाट मुक्त हुन्छन् । त्यसकारण विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ ।

देशमा भइरहेको भ्रष्टाचार, घुसखोरी, चोरबजारी आदि हटाउनुकोलागि पनि छात्रहरूले राजनीतिमा भाग लिनुपर्छ । आफ्नो देशको सरकारी कर्मचारीलाई सही बाटोमा ल्याउनुको लागि पनि विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ । हाम्रो देशको सरकारी कर्मचारी पनि घुसखोर हुनसक्छन् । उनीहरू आराम अधिक गर्छन् तर काम कम । पैसा दिँदा मात्र काम गर्छन् । उनीहरू आफिस जान्छन् काम गर्नु तर कोट कुर्सीमा राखेर बाहिर घुम्न जान्छन् नभए मेचमा खुट्टा फैलाएर सुत्छन् । त्यसकारण हामीहरूले प्रशासनमा सुधार ल्याएर यस्तो कर्मचारीलाई सही बाटोमा ल्याउनुकानिति विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ ।

देशको प्रशासन कमजोर भएको छ, ढिलो भएको छ । यसलाई मजबूत र कड़ा बनाउनलाई विद्यार्थीहरूले राजनीतिमा भाग लिनु उचित छ । "इस सड़ी गली सरकारको एक धक्का और दो" -को नारा हामीले निकाल्नुपर्छ । त्यसकारण विद्यार्थीले राजनीतिमा भाग लिनु उचित छ ।

जुन चाहिँ विद्यार्थीले राजनीतिमा भाग लिएर भारत स्वतन्त्र बनाए, त्यही भारत आज यही नेताहरूका गुलाम बनेको छ । आज भारतवर्ष आगोको ज्वालाले जलिरहेको छ । चारैतिर कालो बादल छाएको छ । यस्तो विपत्तिमा आजका छात्रहरू हाथमा हाथ राखेर बसिरहनु सक्दैन । त्यसकारण त्यस्तो विपत्तिबाट देशलाई मुक्त गराउनु आवश्यक छ । यो काम स्वार्थी, घुसखोर नेताले गर्न सक्दैन । त्यस-कारण हामीहरूको बीचबाट नै नेता जन्माउनु छ जसले देशलाई सही बाटो देखाउँछ ।

महाविद्यालय अनि विश्वविद्यालयमा पढ्ने छात्रको बुद्धि परिपक्व हुन्छ । उनीहरू देशको हित र अहितको विषयमा राम्ररी सोच बिचार गर्न सक्छन् ।

हामीहरू त यो माँग गरिरहेका छैनौं कि १८ वर्ष पुगेको सबै नागरिकलाई मतदानको अधिकार दिनुपर्छ । सबै देशमा १८ वर्ष पुगेका नागरिकलाई मतदान दिने अधिकार छ, तर भारतमा किन छैन । यो चाहिँ यस बातको प्रमाण हो कि १८ वर्ष पुगिसकेपछि मानिसको मस्तिष्क परिपक्व हुन्छ । त्यसकारण विद्यार्थीले राजनीतिमा भाग लिएर १८ वर्षको मतदानका अधिकार लिनुपर्छ तब मात्र हामीहरू आजको भ्रष्ट नेतालाई कुर्सीबाट अलग गर्न सक्छौं अनि आफ्नो देशको बागडोर निष्पक्ष नेताको हाथमा दिएर निश्चित् हुन्छौं । त्यस-कारण विद्यार्थीले राजनीतिमा भाग लिनु उचित मात्र होइन आवश्यक पनि छ । साथै कर्त्तव्य पनि हो ।

अतीतका ती तिक्त अनुभवहरू

सुखमान राई,
दशौं श्रेणी (कला)

यसै गाउँको सुकबीर बाजे, अहिले ६० वर्षको लग लागिसकेको छ। बूढ़ो फरसाइलो अनि हसिँलो छ। उसको गफले गर्दा दिन बितेको पनि पत्तो हुँदैन। यसै गुणमा मुग्ध भएर बूढ़ोलाई गाउँका सबै मानिसहरूले खूबै मन पराउँछन्। बेलुकी सधैं नै गफ सुन्न आउने तन्हेरीहरूको संख्या ज्यादै हुन्छ। तर एकदिन, बूढ़ो सधैं झैं लामो बेञ्चमा बसेर पारि गाउँको दृश्य हेरिरहेको थियो। अब भने बूढ़ोलाई ती पारि गाउँको दृश्यले निकै आकाषत तुल्यायो। आज भने बूढ़ोकोमा गफ गर्न पनि कोही आएका छैनन्।

तर आज किन हो, बूढ़ो ती पारिको गाउँलाई हेरी निरास देखिन्छ। बेला-बेलामा त बूढ़ो आँखाबाट आँसु झरिरहेको छ। शायद, आज कुनै दुःख बूढ़ोको हृदयमा लागेको छ। यसैले त आज उ आँसु झारिरहेछ। सधैं नै उ आफ्नी जहान नैनमती सित चाहिंदो बात गर्छ। तर आज भने उ यस्तो निरास भएको देखी नैनमतीले बोलाउने आँट पनि गरिन। चिया पनि छेउकै मूढ़ा-माथि राखेर गई। तर केही बेर पछि निस्कँदा पनि चिया नपिएको देख्दा उसलाई अचम्भ लाग्यो। तर पनि बोलिन उ। यतिञ्जेल सूर्यास्त भइसकेको थियो। गाउँ-घरका छर-छिमेकीहरू आफ्ना-आफ्ना खेत बारीबाट काम छाड़ी आइसकेका थिए।

बूढ़ा अझै पनि एक शब्द पनि नबोली पारिको गाउँनै हेरिरहेको थियो। बूढ़ाको त्यो एकहोरोपनलाई भङ्ग गर्नको निम्ति बले कराउँदै आयो। तर पनि बूढ़ो एकोहोरी नै रह्यो। उसले बाजेबाट एक शब्द पनि उत्तर पाएन। उसले निरास भएर मन-मनमा सोच्यो आज मैले बूढ़ा प्रति केही भूल त गरेको छैन? मबाट रिसाउने कामै पो के हुन सक्छ र! बले एक असल केटा थियो। उ हँसिलो र बलियो थियो। उ गाउँकै मण्डलको नर थियो। अब बले पनि बाक्लै भइसकेको छ। यसैकारण उसले केही संकोच नमानी "बाजे, तपाईंलाई के हुदैंछ" भन्दा पो बाजे त एक्कासि निद्राबाट बिउँझे झैं भएर, "नानी मलाई केही भएको छैन।" "होइन, बाजे तपाईंलाई केही हुनैपर्छ" बाजेले भन्यो—"खोई, नानी कहानी बहुत लामो छ—

"नानी, उ त्यो पारि गाउँ लोले बस्तो, त्यहीं मेरो जन्म भएको हो। म १२ वर्षको उमेर हुँदा मेरा पिताको स्वर्गबास भएको थियो। यसैको ३ साल पछाड़ि आमाको पनि लगत्तै मृत्यु भएको थियो। त्यतिबेला म १५ वर्ष पुगेको थिएँ। यसरी, एउटी आमाको पनि मृत्यु हुँदा, म सहे दुहुरो भएँ। एक जना भएको दाज्यू पनि पल्टन। उसलाई तार गर्दा-गर्दा बल्ल-बल्ल आएको थियो। दाज्यूको पनि छुट्टी बित्न लाग्दा, मैले दाज्यूसित घरजाम गर्नुपर्छ भन्ने सल्लाह दिएँ। दाज्यूले पनि घरको अवस्था देखी भाउज्यू भित्र्यायो। अब अँध्यारो छाएको घर पनि उज्यालो हुन थाल्यो।" बूढ़ा त्यो अतीतको मीठो रमाइलो दिनहरू सम्झेर खुशी हुन्थ्यो। फेरि भन्न शुरू गर्‍यो। "भाउज्यूले मलाई प्यारो गर्नुहुन्थ्यो। यस्तै प्रकारले दिन बितेर गयो। एकदिन दाज्यूको

पनि फर्किने दिन आइपुग्यो अनि फर्किनु भो । त्यस घरी म आठौं श्रेणीमा पढ्थें । पल्टनबाट मेरो नाममै पत्र र घरको लागि 'मणि आर्डर' आउँथ्यो । गएदेखि दाज्यूबाट ४ वटा पत्र आयो । तर यही बीचमा पत्र बन्द भो । चारैतिर लड़ाइँको हाहाकार मच्चियो । तर मलाई भने पक्का विश्वास थियो, मेरो दाज्यू सकुशल भएको खबर पत्रमा आउँछ भनेर । झन साह्रो-साह्रो लड़ाइँको हाहाकार मच्चिन थाल्यो । फलाना ठाउँमा यत्ति पल्टन मारिए । फलाना-फलानां जग्गाहरू शत्रुले कब्जा गऱ्यो' रे । तर यत्तिकैमा शान्त भयो 'रे भनेको पनि सुनियो । यो सुनेको भोलि-पल्ट मेरो नाममा रातो खाम भएको टेलिग्राम आयो । खोलेर पढ़दा म छाँगाबाट खसें । संसार नै अँध्यारोले ढाक्यो । मेरो आशा डमंग माटामा मिल्यो । त्यहाँ दाज्यूको मृत्यु भएको खबर रहेछ । भाउज्यू पनि तीन दिन मूर्छा परिन् । बल्ल-बल्ल होश ठेकानमा आयो । यही टेलिग्राम पाएको चार दिन बादमा एउटा सुबेदारले दाज्यूको सामानहरू ल्याई दियो । मैले दाज्यूको प्रत्येक पतलूनको खल्ती छाम्दा एउटा कागजमा यसतो लेखेको पाएँ—

तवाङ छावनी
मिति २/४/६२

प्यारो भाइ,

तेरो दाज्यूबाट प्याराशिष एवम् सम्झना साथै भाउज्यूलाई पनि । भाइ, अब म जबरजस्ती मर्न जाँदैछु । अब त म एउटा शहीद बन्न लागिरहेछु । तैंले भाउज्यूलाई राम्रो हेर्चाह-गर्नू । अब भाउज्यूलाई आमा सम्झी यसैमा तेरो ठूलो कर्त्तव्य लुकेको छ । म आफ्नो रगत दिँदै, मातृभूमिको रक्षा गर्दैछु । शत्रुहरूले मातृभूमिको स्वच्छ छातीमा टेक्दैछु । हाँसी-हाँसी स्वर्ग जान्छु यो मेरो बहादुरी चिन्ह लिएर । अब तैंले शोक नगर् म शहीद हुन आँटेकोमा, तैंले अब आफ्नो कर्त्तव्य गर् ।

बस्,

तेरो सदाको लागि
नफर्किने लाहुरे दाज्यू,
जीत

बूढ़ा यत्ति भनेर आँखाभरी आँसु पारेर त्यही पारि गाउँलाई हेरेर अँध्यारो मुख लगायो । त्यो उदास लाग्दो ठाउँ—जहाँ जंगलै जंगलले ढाकिएको । त्यहाँ फटयाक-फुटुक घर छन । बूढ़ो अझ निरास भएर सम्झन थाल्यो दाज्यू खसेको ६ महीना पछाड़ि भाउज्यू रुँदै-रुँदै माइत घर फर्केको । यतिञ्जेल रात परिसकेको थियो । गाउँमा कुकुर भुक्न लागिसकेको थियो चारैतिर सन्नाटा छाइसकेको थियो ।

बिरही साँझ !

भूपेन्द्र भण्डारी,
एघारौं श्रेणी (कला)

हाम्रा दाज्यू-भाइहरू सुन्दर भविष्यको कल्पना लिएर 'सिपाही' पेशा अप्नाउनु केही जस्तो मान्दैनन् । कति आमाहरू छोरोको वियोगमा आँसुको खोलो बगाई छोरो कहिले फर्केला भनी हड्डी र छाला मात्र भएको जीर्ण वृद्धा शरीरमा सासमात्र अडाई छोरोको बाटो हेरिरहेका हुन्छन् । बाबुले कठोर हृदयको एक कुनामा पुत्र-स्नेह जागेर आँसु खसाल्न नसकेता पनि रक्सी र जाँड़मा दुःख लुकाउन खोजिरहेका हुन्छन् । उता छोरोले आमा-बुबाको वियोगमा कठोर परिश्रम (सैनिक तालिम) गर्न नसकी भाग्न खोज्दा दण्ड (क्वार्टर गार्ड) भोग्नुपर्छ ।

मने पनि सिपाही हुन भागेथ्यो पोहोर साल मात्र । नेपाली रगत नसा-नसामा बगेको हुनाले तालिम सक्यो, आमा-बाबुको प्यार, स्नेह हर घड़ी आईनै रहे पनि.....। अब त उ पक्का सिपाही भएको छ 'देशभक्त' । एक वर्ष तालिम सकी बीस दिनको छुट्टी लिई त्यही बाटो, त्यही हरियाली छाएको गाउँमा फर्किरहेछ । उ कति खुशी छ इच्छा आकांक्षा-हरूको बाढ़ उर्लिरहेछ ।

उ सुखद मिलनको कल्पना मात्रले सुखी बन्न खोज्छ, उसले आमालाई भेट्ने छ, बुवा-लाई भेट्ने छ अनि त भेट्ने छ उसको मायालु 'कमला'-लाई । संझना मात्रले पनि उ रोमाञ्चित भइदिन्छ । उँभो हेर्छ अनि मनमनै भन्छ "अब धेर छैन ।" हतार लाग्छ, दगुर्न मन लाग्छ तर...उकालो बाटो, गरम महीना, ढाड़मा गह्रौं भारी, हातमा सुटकेश, खुट्टामा कानपुरे बुट... दगुर्न सक्दैन । चाँड़ो हिड़छ, चिप्लो बाटो, चिप्लिन्छ, ढुंगामा ठोकिन्छ, लड़छ, फेरि उठ्छ अनि त फेरि मन्द गतिले हिड़्न थाल्छ ।

जति नजिक आइपुग्छ मिलन भावना उति नै प्रगाढ़ हुन्छ । भिरालो बाटो त्यही माथि चिप्लो फेरि दगुर्छ । एक पल्ट चिप्लन्छ उठ्छ फेरि चिप्लिन्छ, ठोक्कर लाग्छ, उछिटिन्छ, भीर-बाट ओह्रालो लड़छ, थामिन खोज्छ सक्दैन लड़्दै जान्छ, ढुंगामा टाउको ठोकिन्छ, हातबाट सुटकेश छुट्छ ढाड़बाट भारी फुस्कन्छ, मुखबाट शब्द निस्कन्छ "आ...मा, क.. म.. ला, बा... !" बस फेरि शान्त, टाउको फुट्छ, रगतको खोलो बग्छ, अन्तिम श्वास लिन्छ, मुख चलाउँछ अनि त सब शान्त ! उसको इच्छा आकांक्षा, सुखद मिलनको कल्पना, सब सपना बनिदिन्छ । अनि त त्यहाँ बाँचेको हुन्छ—एउटा बिरही साँझ !

मातृभाषाको माध्यममा शिक्षा

सुन्दर सिंग,
दशौं श्रेणी (कला)

"जसले मातृभाषाको कदर गर्दैन उसले आफ्नो मुखको पनि कदर गर्न जान्दैन ।" महात्मा गान्धी जस्ता महान् व्यक्तिको पनि भाषा प्रति यस्तो उच्च विचार छ भनेदेखि हामीले पनि उनको उच्च विचारको अनुयायी बनेदेखि कुनै अत्युक्ति हुँदैन होला जस्तो मलाई लाग्छ । किनकि मातृभाषाले पनि जननी-ले झैं हामीलाई आफ्नै साथमा राखेर हुर्काएकी हुन्छिन् अनि केही कठिनाई नदिलाई हामी-लाई ज्ञान दिन सदा तत्पर रहन्छिन् । जसरी जननीको दश धारा दूधको ऋणबाट मुक्त हुन सक्तैनौं उसरीनै मातृभाषाको ऋण पनि सदा हामीलाई लागिरहन्छ ।

यसर्थ जसले मातृभाषाको अर्थ बुझेका छन् उनीहरूले शिक्षाको माध्यम पनि मातृभाषा नै बनाएका छन् ।

"भाषा" उन्नतिका महत्वाकांक्षीहरूले पाठशालामा यस्तो सुव्यवस्था गरिदिएकोले नै धेरैले भाषाको महत्व बुझेका छन् । फेरि भएन विचार अभिव्यक्ति मातृभाषामा जति सहजता साथ गर्न सकिन्छ उति अरू भाषामा कदाचित गर्न सकिँदैन । यसरी जब हामी स्व-भाषा-लाई लिएर शिक्षाको क्षेत्रमा अघि बढ्यौं भने हाम्रो भाषा प्रति भएका त्रुटिहरू पनि संशोधित हुँदै जान्छन् साथ-साथै "सानो उन्नतिले ठूलो उन्नति जन्माउँछ" भने झैं आज शिक्षाको माध्यममा मातृभाषा साना फिलुङ्गोको रूपमा छ भविष्यमा भीषण रूप लिएर सारा जगत्-लाई त्रासित गर्ने क्षमता पनि राख्न सक्छ जबकि हामी यथाशक्ति यसको उन्नतिमा लाग्छौं । साधारण अशिक्षित व्यक्तिहरू पनि शिक्षित व्यक्तिहरूले पढ़ेको सुनेर आफ्नो भाषा त बुझ्न सक्छन् । यसरी उनीहरूले पनि केही ज्ञान हासिल गर्न सक्छन् । आज कति जनाले मातृभाषालाईनै शिक्षाको माध्यम बनाएर पनि उच्च शिक्षा प्राप्त गरेका छन् भने हामीले पनि स्वभाषालाई महत्व दिएर शिक्षा अध्ययन गर्यौं भने हामीलाई पनि केही हानि हुनेछैन । तर "मातृभाषा शिक्षाको माध्यम" बनाउँदा उपयुक्त गुणहरू पनि भए दोष यसमा छैन भन्नु हुन्न । कारण संकुचित विचारले गर्दा हाम्रो कार्यक्षेत्र पनि संकुचित हुन जान्छ । एउटै भाषाको मात्र ज्ञान भए विभिन्न देशको विभिन्न विचार धारासित परिचित हुने सुअवसर हामी गुमाउँछौं फलस्वरूप हामीले धेरै कुरामा अनभिज्ञता प्रकट गर्नुपर्दछ ।

मानिस एक विवेकशील प्राणी हो त्यसर्थ जतिसक्दो ज्ञानको भण्डार आफूमा राख्ने क्षमता हामीमा हुनुपर्छ । तर मातृभाषा शिक्षाको माध्यम बनाउँदा, हाम्रो मनोवृत्ति त्यतैतिर ढल्किन्छ, अरू भाषा प्रति हाम्रो चासो हराउँदै जान्छ फलस्वरूप हाम्रो उत्साह र उमङ्गमा धमिरो लाग्न थाल्छ । यसरी भाषाको सिमित घेराले गर्दा हाम्रो मस्तिष्क सुप्त-प्रायः बन्न जान्छ ।

"मातृभाषाको शिक्षा माध्यम" विषयमा विवेचना गर्दा म यही निष्कर्षमा पुग्छु कि यस विषयमा गुण र दोष कुनैको कमी छैन । मलाई लाग्छ "भाषा मेरी मुमासरी" यसर्थ हाम्रा भाषामा पनि ती सबै शब्दहरूको कमी छैन जुनद्वारा हामी मनको भाव स्पष्ट गर्न

सक्छौं । शिक्षाले मानसिक विकास गराउँछ भने यही शिक्षा प्राप्त गर्दा पनि मातृभाषालाई लागु गराएर मलजल लगाएर ठूलो वृक्षरूपी भाषा बनाउने कर्त्तव्य हामीहरूको हो । तर यसो भन्दैमा अरू भाषा प्रति हामी पछौटे कदाचित हुनु हुँदैन । मातृभाषा साथ-साथै अरू भाषा पनि शिक्षाको निम्ति प्रयोजनीय छ । बीसौं शताब्दीका सभ्य जनहरूले "वसुधैव कुटुम्बकम्"को भावनालाई अप्नाइरहेछन् भने हामीले पनि विश्वभरका भाषा सिके पनि कुनै हानि हुनेछैन जस्तो मलाई लाग्छ । मातृभाषाको मात्र ज्ञान हुनेहरूले बाहिरी जगतमा "बाहिर बोक्रे भित्र खोक्रे"-को उपाधि पाउँछन् कि भन्ने डर मलाई छ ।

मेरो कामना—तिमीलाई

नबिन कुमार राई,
दशौं श्रेणी (कला)

फूलै-फूलले सजिएको यो जीवन
काँडामा क्षोभित्र न दिए है
जीतै-जीतले भरिएको यो जीवन
हार हुन कहिल्यै न दिए है ।
किनकि,.....
धरती र अम्बरको मिलन हुन
कति गाह्रो छ यहाँ,
धरती माथि बाँच्ने मानिसको परिभाषा
बुझ्न कति गाह्रो छ यहाँ,
यसैले त.....
संघर्ष-सघंर्षले घेरिएको जीवनमा
संघर्षले न विजयी बनौं
कर्तव्यलाई प्रेम ठानौं
उपकारी नित्य बनौं ।

आत्मा-चिन्हो

मणिकुमार तिमसीना,
एघारौं श्रेणी (कला)

मादलु र थुन्चे डोका, खोला बारी पारी,
पसिनाले सजिएका, घर संसार र बारी
गरेका छन बारी, पारी, नित नर-नारी,
मादलुको स्वरलाईनै आत्मा-चिन्हो पारी ।
जानी-जानी सोध्छन् कोइली, भन्दै सबलाई
को हो ?
पाउँदैनन् तर कहीं, भन्ने जवाब म हूँ ।
हरेस खाई संकेत गर्छन्, बसन्तलाई कोइली,
स्वरूपलाई देख्ता जान्छन्, बसन्त ने वहली ।
सब कोइली जान्दा-जान्दै, बन्दछन् नौला-नौली,
तिमी जस्तै बन्न देऊ, सबलाई बेउला-बेउली ।

आँसु....!

कमल मोक्तान,
दशौं श्रेणी (विज्ञान)

"नआऊ मेरो छेउ, आँसुको ज्वाला बोकेर ।" गुनगुनाइदिन्छ सरोज मानो यो गीत उसैको निम्ति कथिएको हो—मात्र उसको निम्ति ।

"सरोज, ए सरोज ! क्या हो सरोज तँलाई त कसैले धोका दिए जस्तो पो छ त ?" मित्र श्यामको आवाज ।

झस्किदिन्छ सरोज अचानकको यो प्रश्नमा, संगीतको मीठो लयबाट कसैले ब्युँझाइदिँदा एकपल्ट त मुर्मुराइदिन्छ 'उ' तर उसकै मित्र श्यामलाई देख्दा उ मुस्कुराई दिने प्रयत्न गर्दछ, आँखाको डिलभरि बहन लागेको धारा-लाई छोप्ने प्रयास गर्दै । "ए.. श्याम, आइज न भित्रै," सरोजको प्रत्युत्तर अनि आग्रह । श्याम एक शिष्य झैं निहुरी दिन्छ सरोजको उदास आग्रहमा, व्यथित अन्तःकरणको दग्ध पीपासा सरोज भन्न लाग्छ सुनाउन लाग्छ—श्याम ट्वाल परी सुनिरहन्छ; जान्ने उत्कट अभिलाषा लिँदै—आज अचानक किन सरोजले व्यर्थको बकवास गरिरहेछ ? व्यर्थै किन यो सब सुनाइरहेछ ? तरै पनि उ सुनिरहन्छ, सरोज भनिरहन्छ—"साँच्चै श्याम ! मैले प्रेममा धोका पाएँ जुन धोकाले मलाई जीउने प्रेरणा दियो, हजारौं वर्ष जीउने प्रयास गर्नेछु अब त कसैको याद्लाई अंगाली, आफ्नो प्रेमको स्मृति सम्हाली एउटा इतिहास बनाउनेछु अनि त्यसै इतिहासलाई आफ्नो छायाँ बनाई बाँच्नेछु म—मैरै निम्ति ।

"आज भन्दा तीन वर्ष अघि म पनि एउटा यस्तो चक्करमा फसेंथे जुन चक्करमा आनन्दै-आनन्द थियो । प्रेमको माने जान्दिनथें तरै पनि म कसैलाई प्रेम गर्थें । एक प्रकार-को अनौठो आनन्द थियो त्यो जिन्दगीमा—सकिला र मेरो जीवनमा । सकिला थिई मेरो चाहना, मेरो प्रेरणा । हामी सदैव भेट्थ्यौं कुनै निर्जन स्थानमा अनि घण्टौं साथ रहथ्यौं—मीठो गफको साथमा । म गाउँन लाग्थें व्यर्थको भावुक भई अनि उ खिलखिलाई उठथी, मेरो स्वरलाई ताना दिन्थै । हाम्रो दिन यसैप्रकार बित्दै गयो-हप्ता बिते, महिनौं बिते, वर्ष बित्न लागेथ्यो—हाम्रो प्रेममा एकाएक अनेकौं संदिग्ध दृष्टिहरू फेरिन लागे । प्रेमको दीपक बुझाइदिने प्रयत्नमा रहेछन् अनेकौं हातहरू । तरै पनि हामी अटल रह्यौं आफ्नै विश्वासमा—हाम्रो प्रेम निश्चय सफल बन्नेछ भन्ने विश्वासमा । तर—वसन्तको हरियाली पश्चात् शशिरको पतझड़ आउन के बेर ? लिली फूलको दुइदिने चोला भित्रै त अनेकौं दुष्ट आई बिचरी फूललाई दुइ दिन त बाँच्न दिँदैनन् भने हाम्रो प्रेमको जीवनमा कसरी सुखको मात्र बतास बहला र एउटा भीषण गर्जन चल्यो तूफानको जुन तुफानको एक झोंकाले हाम्रो प्रेमको दीयो निभ्यो, शशीलाई कालो बादलले ढाकि सकेछ, मेरी सकिलालाई पनि दुष्ट हुरिले म देखिन दूर-दूर छुपाइदिएछ । म चिच्याएँ तर मेरो चिच्याहट शून्य वातावरणमा प्रतिध्वनित भई वापस मैरै कर्ण-कुहिरमा बजारिन पुग्यो म ब्युँझे—त्यहाँ कुनै

प्रकारको तुफान आएको चिन्ह थिएन । म रहें एक्लै साथ दिने थियो नयनबाट बग्ने नीर । अब त शायद मेरा नयनहरू पनि शिथिल भइसकेछन् क्यार नीर बहन छाड़ि-सक्यो । यसैले त म कसैको नयनमा आँसुको थोपा पनि हेर्न चाहन्न किनकि यसले मेरो विगत लाई संझाइदिन्छ—बिगतको इतिहास पल्टाउनु मलाई बेवस गरिदिन्छ ।'

सरोज भनिसक्छ उसको छोटो कथा, श्याम मात्र हेरिरहन्छ सरोजलाई । उ न त दुइ थोपा आँसु नै चुहाउन सक्छ सरोजको दुःखित कथामा किनकि उ चाहँदैन सरोजलाई दुःखको सागरमा अझ डुबाउनु । एकपल्ट मुस्कुराइदिन्छ श्याम अनि बिदा मागी घर फर्कापसिन्छ-मानो सरोजको कथामा उसको पनि केही अंश छ ।

भोलिपल्ट—श्याम बिहानै सरोज कहाँ आउँछ तर—खोई सरोज ? "स...रो...ज..." चिचाई उठ्छ । यो आवाज, श्यामको अवरुद्ध कण्ठबाट उठेको यो आवाज तर—सरोजले उसको नाउँ ब आफै सुनिदिँदैन सट्टामा सुनिदिन्छ छिमेकीहरूले । श्याम कहालिँदै सरोजको गलामा टाँगिएको डोरी खुस्काउन पुग्छ तर—त्यो डोरी खुस्कन भन्दा पहिल्यै एउटा सानो पत्र सरोजको चिसो हातबाट खुस्किन्छ । हतारिँदै श्याम त्यो पत्र पढ्न लाग्छ—

बन्द कोठा
दिनाङ्क.....

प्रिय श्याम,

हजारौं वर्ष जीउने इच्छा थियो तर पूर्ण हुन सकेन । मेरै जीवननै के थ्यो र—मात्र दुःखको सागर । आँसु मात्र बहाउन पर्ने जीवनलाई त्यागिरहेछु किनकि—

जीवन छैन धेरै दिनको,
केवल साँझ हो दिनको,
हाँसो छैन जीवन भरको
साथ हो केवल आँसुको ।।

यसै आँसुलाई त्याग्न नसक्दा, यो जीवनलाई नै त्यागिरहेछु ।

बिदा ।

मित्र सरोज

"म खड़ा छु भन्ने जसले बिचार गर्दछ, त्यो होसियार रहोस् नत्र त्यो लड्छ"
—१ कोर १०:१२

"यदि वहाँसंग हाम्रो संगति छ भनी हामी भन्छौं र अंन्धकारमा नै हिड़छौं भने-ता हामी ढाटँछौं र सत्यमा चल्दैनौं ।"
—१ युहन्ना १:६

"धन्य हृदयमा शुद्ध हुनेहरू किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन् ।"
—मत्ती ५: ८

हामी ढुंगा पुजी बस्यौं

रत्न कुमार शर्मा,
एघारौं श्रेणी (कला)

हिजको अंध्यारो रातलाई
उज्यालोले निलिसक्यो,
हिजको कोपिला फूल
आज फुलो फक्सिसक्यो,
हिज सृष्टिएको भाषा र जाति
उन्नतिको शिखर पुग्यो,
एउटै खूनका दाज्यू-भाइ
चन्द्रमामा पुगिसक्यो,
तर.....
हामी नेपालीहरू अन्धकारमा
गुम्सिएर बसिरह्यौं,
अन्धकार दूर गरी
नयाँ बिहानी ल्याउनै सकेनौं,
कारण.....
हामीमा एकता नभई
कमजोरी सृष्टि भयो,
जातिभेद र छुआछुतले
किटाणु सृष्टि गऱ्यो,
संगै कोपिलाएको गुलाब फुल्दा
हामी झक्झेर बस्न पऱ्यो,
बाँधि राख्यो हामीलाई
पुरानै रीति-थितीले,
पश्चिमी देश जूनमा पुग्दा
पुर्वीयले जूनलाई पुजी बस्यौं,
उन्नति गर्ने बेलासम्म
हामी ढुंगा पुजी बस्यौं ।

गाउँले जीवन

मंगल सिंङ्ग सुब्बा,
आठौं श्रेणी 'ए'

खोला-नालाले बिताउँछ दिन
दिन-रात बहेर,
जीवन हामी व्यतीत गर्छौं—
दु:ख-कष्ट सहेर ।

खेत-बारी हामी मलिलो पार्छौं
मल-जल हाली,
यसरी कठिन परिश्रम गर्छौं
अमूल्य समय नफाली ।

त्यो सानो हाम्रो झोपड़ी घर
गाउँको माझमा,
शनैः-शनैः वायु बहन्छ—
जुनेली रातमा ।

बादलमाथि चमकिलो तारा
सुनौलो साँझमा,
चन्द्रमा पनि मुस्काई दिन्छिन्,
गाउँको माझमा ।

घाममा डढ़ी, वर्षामा भिजी
परिश्रम गर्दछौं,
यसरी कठोर परिश्रम गरी
प्रगति ल्याउँदछौं ।

सधैं नै हामी प्रयास गर्छौं
परिश्रम गर्नमा,
सधैं नै हामी तत्पर रहन्छौं
अग्रसर हुनमा ।

"परमेश्वरको सारा पूर्णतामा तिमीहरू पूर्ण हुनलाई ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई जान्नसक ।"

—बाइबल

The Himalayan Culturists, like the Himalayas, are on top always, as you see them on Paton.

'Book-worms ! at it again !'
(The New Library)

Shri B. C. Simick replying to the Farewell address.



Presentation

एउटा दुःख दुइ भिन्न आँसु !

सावन कुमार राई,
एघारौं श्रेणी (कला)

"यशमिन...यशमिन...यी हेर त तिम्रो लागि दवाई लिएर आएको छु..." प्रकाश हातमा एउटा आनन्दकरको 'टयाबलेट' लिएर बोल्दैछ। उ अहिले भरखरै मात्र भित्र अँध्यारो कोठामा पसेको छ बाहिरको समस्त उज्याली छाड़ेर। यशमिन कोठाको एकपट्टि राखेको पलंग माथि सुतिरहेकी छ, उ आज प्रायः महीना दिन भयो यसरी बिरामी परेर ओछ्यानमा सुतेकी। उ दिन-दिनै रोगले ग्रस्त हुँदै जाँदैछे।

प्रकाश आएको संकेत पाएर यशमिनले नजर ढोकातिर फिराई तर प्रकाश उसको एकदमै सामुमा हातमा आनन्दकर लिएर उभिरहेथ्यो। "यी दवाई...," प्रकाश बोल्यो। अनि प्रकाशले यशमिनलाई उठेर बस्नमा मदत गऱ्यो, त्यसपछि केही पल यशमिन प्रकाशको मुहारमा हेरिरही अनि प्रकाशको हातबाट आनन्दकर टिपेर टेबलमा राखिएको गिलासको पानीको सहायताले सुस्त प्रकारले निली। यो देखी प्रकाशको मुहारमा उल्लासको दीप जल्यो... उसले एउटा सन्तोषको श्वास लियो।

केही बेरपछि—

"यशमिन अलिक सऱ्चो भयो ?" एउटा कौतुहलपूर्ण प्रश्न गऱ्यो।

"भयो !" वास्तवमा सऱ्चो भयो या भएन यशमिन शायद यसरी बोलिदिन्छे नै। हुन पनि सक्छ किनकि दवाईको नामै 'आनन्दकर', गरीब-दुःखीहरूका जस्तै बिमारको पनि यो एउटै दवाई र त यशमिन पनि कुशलै बोली, शायद यसरी बोल्नु प्रकाशको निम्ति हो नत्र प्रकाशको हालत...! यसैले प्रकाशले यशमिनलाई यो आनन्दकर कति खुवाई सक्यो कति।

तर अभाग्यवश—!

एकदिन यशमिनलाई कड़ा खोकी चल्छ। थुक्छे—टि० बि० थुक्छे अनि 'टि० बि०' प्रकाश शून्य भएर बाँच्छ...उसका आशाहरूमा निराशाको राज्य फैलिन्छ।

"अब सन्तोष गर्नोस् तपाईंले मलाई धेरै उपचार गर्नु भयो र पनि त म जाति भइनँ, 'जन्म लक्ष्य नै मृत्यु किनार हो, शायद अब म पनि किनारामा उभ्रिरहेछु...।" यशमिनको झिर्न भइसकेको हृदयबाट कुरा निस्क्यो...।

"पक्का - सत्य..!" यशमिनको दृढ़ शब्द ..., तर प्रकाश केही बोलेन...उ यशमिनलाई हेरिरह्यो। त्यसपछि अर्के एउटा भावनामा उ बोल्न थाल्यो,—"यशमिन मैले यो मेरो जीवनमा साँच्चै धेरै-धेरै सन्तोष गरें औ अझै गर्न परिरहेछ। माता-पिता, भाइ, दाज्यू-दिदी मरेर गए तिमी र मलाई मात्र त्यो संसारमा छाड़ी राखेर दुहुरा बनाएर अनि यी सबमा मैले सन्तोष गरें। अब त मलाई बानी लागि सकेछ यो सन्तोष गर्न। म यसको सामना गर्न सक्छु। किन म माथि यस्तो, कसलाई दोष दिऊँ ? मेरो भाग्यलाई, यो धरती-लाई, भगवान्लाई यो प्रकृतिलाई...? ठीक छ

म सन्तोष गर्न सक्छु....।" प्रकाशको शब्द आँसुले भिजेको....।

+ + +

यशमिन प्रकाशकी कान्छी बहिनी, सानै उमेर छँदा आमा बाबुले छोड़ेको, अरू दाज्यू-दिदीले पनि अनि रहेका प्रकाश र यशमिन मात्र। प्रकाश आजकल वाध्यताले रोजीकार गर्छ अनि त्यही रोजमा यशमिन र उ बाँच्न गर्छ। प्रकाश यशमिनलाई असीम प्यार गर्छ यशमिन पनि दाज्यूलाई अटल माया र श्रद्धा गर्छे। मानो दुवै एका-अर्काका सहारा....।

तीन दिन अघि यशमिन ओछ्यानैबाट छटपटिएर उठी अनि अचम्भका प्रश्नहरू गर्न थाली।

"प्रकाश दाज्यू, धर्म के हो ? मलाई धर्मी हुन मन पर्छ अनि स्वर्गमा आश्रय लिन मन पर्छ, स्वर्गमा त धर्मीहरूले मात्र बास पाउँछन् 'रे नि हो ?" यो थियो यशमिन भित्र कति दिनदेखि गुम्सिएको प्रश्न।

"यशमिन, धर्म त कर्ममा निर्भर गर्छ, कुनै धर्ममा लाग्दैमा मान्छे धर्मी बन्न अनि स्वर्गको बास पाउनलाई धर्म चाहिन्न, चाहिन्छ आफ्नो जीवनका कल्याणहरू। हुन त मानवता नै परम धर्म पनि भनिन्छ। हामी संसारमा जे गर्छौं ती सब गर्नु परेको छ अनि ती सब गर्न नै ठूलो धर्म हो।" प्रकाशले यशमिन भित्रको कौतुहललाई शान्त गराउन खोज्यो।

त्यही दिनको राती सुत्ने बेलामा पुनः यशमिन बोली, —"दाज्यू, तपाईं त एक लेखक हुनुहुन्छ अनी मलाई तपाईंको कथा-लेखहरू साह्रै मन पर्छ। म त यस्तै लाग्छ कि तपाईंको विचारमा संसार आँसु हो, हाम्रो जीवन आँसु, मानो तपाईंको कथा यस्तै हुन्छ आँसुले भिजेको।"

"यशमिन यी सब कुरा सत्य हो, किनकि आज साउन रोएर नै भदौ हाँसेको छ, हामी रोएर नै कति हामी जस्ताहरू हाँसेका छन्। हुन त मान्छेको जीवन नै एक दुःखद आँसुको थोपा हो—त्यो हो मृत्यु। जीवन भर त्यो मान हाँसोस् तर ती सब हाँसोहरूको अस्तित्व आँसुमा नै अड़िएको छ।" प्रकाशले आफ्नो भए भरको मगजले यशमिनलाई बताउन खोज्यो।

यशमिनको रोगले आराम लेला जस्तो पटक्क भान परेन औ यशमिन भने जति ग्रस्त हुँदै गई उति अनौठा प्रश्नहरू गर्न थाली।

दुइ दिन अघिको कुरा हो—प्रकाश यशमिनलाई एउटा राम्रो खबर सुनाइरहेछ। त्यो हो भोलि प्रकाशको साथी दीपक यशमिनलाई हेर्न आइरहेछ, जाँच गर्न आइरहेछ किनकि दीपक अहिले एक डाक्टर बनेको छ। तर पनि त यशमिन भित्र कुनै किसिमको परिवर्तन देखिएन मानो उसले प्रकाशको कुरालाई कानै दिइन। मात्र एकपल्ट फुस्रो आँखाले नरमाइलो पाराले प्रकाशको अनुहारमा हेरी। प्रकाशलाई ठूलो घात पऱ्यो।

दुइ दिन पछि—प्रकाशको घरको आंगनमा एउटा जीप गाड़ी आएर रोकियो अनि त्यहाँ-बाट डाक्टर दीपक हातमा उरविक्षण यन्त्र लिएर प्रकाशको कोठामा पस्यो। कोठाको दृश्य डरलाग्दो छ, यशमिन सुतिरहेकी प्रकाश छेवैमा बसेको।

"दीपक, अब यशमिनलाई तिम्रो हातमा छोड़छु, जाती पार है !" प्रकाश यति भनी बाहिर गयो।

प्रकाश बाहिर गइसकेपछि, दीपकले यशमिनको शरीर माथि आँखा गाडे पछि उ अतीतमा डुब्यो—जुन बेला यशमिन र दीपकले सच्चा र पवित्र प्रेम गरिरहेथ्यो । त्यो समयको यशमिनको पुष्ट शरीर, त्यो समयको सुन्दरता ...। तीं दुइ एका-अर्काका दुःख-सुखका बुझक थिए । दुवै हाँसेका थिए दुवै खेलेका थिए....! तर अभाग्यवश या भाग्यवश दीपक डाक्टरी पढ़न टाढ़ा गयो त्यसपछि त यशमिन-लाई दीपकले एउटै सङ्गना सम्म पनि पठाएन ।

दीपकमा प्रश्चात्तापको घेरा लाग्यो तरै पनि उसले चेष्टा नै गर्‍यो अनि हातमा उरविक्षण यन्त्र लिएर यशमिनको छात्तीमा जाँच गर्न चाह्यो तर मशमिनले सकेस्र दीपकको डाक्टरी हातलाई थामिरही मानो अब जरूरत छैन । उसले हाँस्ने चेष्टा गरी, बोल्ने चेष्टा गरी तर असफल । अन्तमा खालि दुइ थोपा आँसुका बुंदले दीपकलाई स्वागत गरी...। त्यसपछि—"प्रकाश !" दीपक करायो । प्रकाश भित्र पस्यो तर सब शेष....यशमिन दीपकको अंगालोमा थिई...'मरेको ।'

दीपक र प्रकाशले एउटै पीरमा दुइ किसिमका आँसु बहाए ।

बिदाको बेलामा

हरि कुमार तामङ्ग,
एघारौं श्रेणी (कला)

घामको प्रचण्ड तापले पनि
नपोले झैं लाग्छ,
झिली-मिली तारा आकाशभरी
र पनि—एउटै नभए झैं लाग्छ,
यो बिदाको बेलामा ।

पूर्णिमाको रात पनि
अन्धकार झैं लाग्छ,
तीं फूलका कोपिलाहरू
बैशाख नलागी झरे झैं लाग्छ,
यो बिदाको बेलामा ।

बादलका टुकाहरू पनि
यता उता दगुरे झैं लाग्छ
व्यथाहरू खप्न नसकी
आकाशमानै बिलीन भए झैं लाग्छ,
यो बिदाको बेलामा ।

यो शान्त प्रकृतिमा पनि
आँधी बतास आए झैं लाग्छ,
बिर्सी सकेका तीं क्षणहरू
फेरि—सम्झाइदिए जस्तो लाग्छ,
यो बिदाको बेलामा ।

तीं पारीका चोटीहरू पनि
चलमलाए झैं लाग्छ
यो चिसो पवनले पनि
त्यो दुःखी दिनहरूको अभास दिए झैं लाग्छ,
यो बिदाको बेलामा ।

तीं दुःखी दिनहरू सम्झेर
यहाँ मलाई डर लाग्छ,
घेरै दिनदेखि राखेको साँचेर
यी शब्दहरू यहाँ कोरिदिऊँ भैं लाग्छ,
यो बिदाको बेलामा ।

सूर्योदय पछिको अन्तहीन रात

अशोक शेर्पा,
एघारौं श्रेणी (कला)

कालिम्पोङको सरकारी उच्च पाठशालाको मास्तिर बसिरहेकी छे शारदा । एकपल्ट आँखाको रानी चौरेतिर घुमाई मन्टो निहुराउँछे शारदाले । दुइ थोपा पानी खसे, दूबोलाई कति नै शीतलता दिउँला भने जस्तै गरी, शारदाले आँसु झार्छे । दिउँसोको चिसो हावा सर...र...र चल्यो साथै शारदाको बिगतका परिच्छेदहरू पनि फर्र...फर्र पल्टिन लाग्यो—त्यो स्वप्निल बर्घेंचा जहाँ तिनीहरूको प्रणय वृक्षको दुइ हाँगामा एउटा भाँचिएर गयो तर वृद्ध अवस्थाले छुन पनि नपाई एउटै फल फलाएर गयो—उसको छोरा ।

थोत्रे काठले ठड्याएको, खरको छप्पर भएको गरीबको झोपड़ी जहाँ बास बस्छ एक पीड़ित विधवा शारदा । शारदाले सोचिन—उसको पति सुबास एक ड्राईभर थियो, जो एक वर्ष अघि गाड़ी एक्सीडेन्टमा मरेको थियो—उसको प्यारो पाखालाई सुनसान बनाएर, शारदालाई एउटी गर्भवती विधवा बनाएर । त्यसपछि एक विधवाले सहनुपर्ने दुःख र कष्ट सहेर अहिले छोरा अरुणलाई यत्रो ठूलो बनाएकी थिई ।

आज पाठशालाबाट हायर सेकण्डरीको परीक्षाफल लिएर आउने अरुणलाई पर्खिरहेकी छे शारदा । शारदाले मनभरी उकुस-मुकुस आशा लिएर भगवान्‌को अघि छोराको निम्ति सफलताको भीक माँगिरहेकी छे । उसलाई विश्वास छ अवश्य मेरो छोरा सफल हुनेछ । यस्तै सोचाईमा अरुणले घरमा प्रवेश गऱ्यो, शारदाले अरुणलाई च्याप्प समातेर सोधी, —"अरुण, पास भइस् ?" अरुणले जवाब दियो—"फेल भएँ, आमा ।" अरुणले यो वाक्य बोली सक्न पाएको थिएन उसको गालामा आमाको हत्केला पड़्क्यो । हुन त अरुण पास नै भएको थियो, तर उसले सोच्यो, पहिले फेल भएँ भन्छु अनि फेरि सोध्नु हुनेछ अनि म जवाब दिनेछु 'पास भएँ' भनेर । आमा कति खुशी हुनेछिन् तर भयो विपरीत फेल भएँ भन्ने वाक्य ननिस्किँदै उसले पायो आमाको एक झाँपट ।

अरुणले आमाको दुःखी अनुहार हेर्न सकेन, सोच्यो—हो त मेरी आमाले कुली काम गरेर मलाई यत्रो दुःख गरेर पढ़ाइन । मैले आमालाई क्षमा माग्नैपर्छ । अरुण जुरुक्क उठी आमाको अघि गयो' । अरुणको गालाको छाप मुसार्दै आँखाबाट चुहेको आँसु पुछ्दै आमाले भनिन्—"होस् बाबु, अर्को साल राम्ररी पढ़ेर पास गर्नू ।" अरुणले भन्यो—"आमा म त पास भएँ ।"

आमाले अरुणलाई कलेज पढ़ने आग्रह गर्छे तर अरुणलाई कलेज पढ़ने इच्छा नहुँदा नहुँदै पनि अरुणले आमाको बिचारलाई स्वीकृति दियो ।

आमालाई थाह थियो यदि अरुण कालिम्पोङकै कलेजमा पढ़न थाले उ कसरी टाउको उठाएर कलेज जान सक्छ, जब उसकी आमा एक कुली भनेर जान्दा जान्दै । अरुण हिँड्यो दार्जीलिङको गाड़ीमा चढ़ेर—उ आज प्रथम पल्ट गइरहेछ आमालाई एकलै छोड़ेर । आमाले अरुणलाई आफ्नो पतिले दिएको मुन्द्री र कानको

टप बेचेर कलेज पढ़न पठाएको छ तर त्यो अरुणलाई थाह थिएन ।

यसरी नै घड़ीको काँटा घुमि रह्यो, दिन बितिरह्यो, साताले महीनालाई, महीनाले वर्षलाई । अरुण बेला-बेलामा आइरहन्थ्यो आमालाई भेट्न । उसको अब कालेजको यो अन्तिम वर्ष थियो, उसले पढ़नमा खूब मन लगाउँथ्यो, आमाको पसिना खेरो जान दिएन अरुणले ।

आज अरुण घर फर्कने दिन थियो । बिहानको खाना खान नभियाएकोले गर्दा एउटा चिया पसलमा गएर चिया, सिंगड़ा र आलुको तरकारी खाएर अरुण गाड़ीमा चढ्यो । गाड़ी आफ्नो गतिमा अघि बढ्यो । गाड़ी टिस्टामा मात्र आइपुगेको थियो अरुण करायो—"गाड़ी रोक्नुहोस् ।" अरुणको मुखभरी रालैराल थियो त्यस पश्चात् अरुण सीटमा मढ़ा लड़े झैं लड़्यो । ड्राईभरले अरुणलाई सीटमा सजिलो गरी राखेर गाड़ी हावाको भरमा उड़ायो अस्पतालतिर । अस्पतालमा पुऱ्याएर डाक्टरलाई देखायो । अरुणको अलि-अलि धुक-धुकी मात्र रहेको थियो । एकछिन बादमा अरुण लाग्यो स्वर्गको बाटो नाप्न । डाक्टरले भन्यो—"ड्राईभर फूड पोइजन भएछ ।" ड्राईभरले लास गाड़ीमा हालेर सिधै लाग्यो अरुणको घरतिर ।

शारदा आज साह्रै खुशी देखिन्छे, उसको हृदयमा आज कति लामो अवधि पछि, कति वर्ष पछि यस्तो खुशीले अँगालेको नत्र उदेखि खुशी संधै पर परै तरकिन्थ्यो । आज उसको छोरा अरुण कलेज पढ़िसकेर घर फर्किरहेछ । यसमा आमालाई गर्व छ । हर्ष छ । माथि सड़कमा गाड़ीको हर्न सुनियो ।

आँगनमा एकजना नौलो मानिसलाई देखेर प्रश्न गरी शारदाले—"नानी, अरुण खोई ?" त्यस मानिसले कम्पित स्वरमा छोटो जवाब दियो—"गाड़ीमै छ ।"

आमा दौड़ी अरुण भन्दै गाड़ी भरतिर । उसले गाड़ीमा अरुणको शरीर ढाकिएको देखी । उठाउने प्रयत्न गरी तर उसलाई थाह भएन उसले हिउँको टुक्रा समाती या अरुणको खुट्टा । पछिल्तिर आइपुगेको ड्राईभरले भन्यो—"फूड पोइजन भएछ ।"

शारदाको चारैतिर अन्धकार छायो, त्यो अन्धकारमा दुइ पाइलो अघि बढ़ाई डील मुनि खसीन् कहिले नउठ्ने गरी । ड्राईभरले डील मुनि हेऱ्यो—शारदा सुतिरहेकी थिई धरतीको काखमा रुँदा-रुँदै सुतेको दुध-मुखे बालक झैं आँखाभरी आँसु लिएर । यसरी सूर्योदय पछिको अन्तीम रातमा सुतेकी थिई शारदा अन्तहीन विश्राम लिएर ।

मानवरूपी भूल

हर्क बहादुर छेत्री,
एघारौं श्रेणी (कला)

फूल सम्झी टिप्न खोजें,
तर—कंटक पो रहेछ ।
अमृत भनी पिउन खोजें,
तर—बिष पो रहेछ ।
हाय ! मानवरूपी भूल !

मानव सम्झी निकटमा गएँ,
बिकराल दानव पो रहेछ ।
बिपना जस्तै कल्पना गरें,
तर सपना; सपना नै रहेछ ।
हाय ! मानवरूपी भूल !

ज्ञानी ठानी म पछि लागें;
तर त्यहाँ शैतान पो रहेछ ।
अभिन्न मित्र सम्झी साथ लागें,
तर दुश्मन पो रहेछ ।
हाय ! मानवरूपी भूल !

घर सम्झी भित्र पसें,
ओढ़ार पो रहेछ ।
सहारा पाउँछु भन्दै कराएँ ।
निशा झैं सुनसान पो रहेछ ।
हाय ! मानवरूपी भूल !

देवता सम्झी पूजा गरें,
ढुंगा पो रहेछ ।
माया साटी प्रेम लगाएँ,
पाषाण हृदय पो रहेछ ।
हाय ! मानवरूपी भूल !

पश्चात्ताप

प्रदीप कुमार शर्मा,
नवम् श्रेणी 'ए'

ठोक्कर खाँदैछु आज,
परिस्थितिको चक्करले गर्दा,
मानिस नै हूँ तर, कुकुर नै भई,
बाँचिरहेछु दुनियाँको माझ ॥

झटारिएको जीवनले गर्दा,
घोप्टिन पुगेछु नर्कमा आज,
शान्तिको खोजमा हिंड़नाले,
पासोमा परेछु संसार माझ ॥

विशाल मरुभूमिको बीचमा,
एक कणा बालुवा झैं
लाखौं दुनियाँको माझमा
बाँच्न चाहने म, एक मानिस भई ॥

शान्तिको शिखरमा पुग्न लागेको
चिप्लेर भूइँमा लड़न पुगेछु,
असफलताको ठोक्कर खाँदा,
कुकुरको मरण झैं मर्न पुगेछु ॥

मेरा यी दुइ हात,
मेरै जीवनका दुष्ट भए,
मेरो यो शान्त मन
अशान्तिले पुष्ट भयो ॥

म आफ्नो भूलमा पश्चात्ताप गर्छु,
किनकि मैले यहाँ जन्म लिएँ,
म आफ्नो जीवनलाई धिक्कार्छु,
कारण मानिस जीवन पाएँ ॥

कला मन्दिरमा संस्कृतिका ठेट साँझहरू

नभरत्न प्रधान,
एघारौं श्रेणी (कला)

हाँसो र खुशीमा कलाकारले कला बचाए झैं यी हाम्रा संस्कृतिका कति ठेट साँझहरू यी हाम्रा भाग्यले कलकत्ताको कला मन्दिरमा एक कला दर्शाउने मौका पायौं ।

हाम्रो पाठशालाको आठ छात्रवर्गले पनि त्यस कला मन्दिरमा आफ्नो संस्कृतिको नाच दर्शाउनुपर्छ भनेको हुनाले २६ ता० दिसम्बर '७२ देखि हाम्रो नाच तालिम (Practice) आरम्भ भयो । सिकाउने दाज्यूहरू साथै साथीहरू सबै जोश संग हाम्रो संस्कृतिको तीनवटा नाच सिक्न थाल्यौं । हाम्रो कला बचाउन बाँचिदिएको हाम्रा लोकप्रिय कलाकार श्री अशोक कुमार राईको मेहनत र प्रयासले गर्दा हामी छात्रवर्गले सफलताको अनुभव गर्न पायौं ।

यसैको सिलसिलामा १२ ता० जनवरी '७३ को दिन विद्यालयमा, एस० यू० एम० आई०का आठ छात्रहरू साथै भुतपूर्व छात्रहरू विद्यालय भवनमा मेला भयौं । त्यस पश्चात् प्रधान अध्यापकले कस्तो प्रकारले कलकत्तामा व्यवहार गर्नुपर्ने केही कुरा भन्नु भए पछि, हामी सबै बसमा चढ्दै कालिम्पोङ मोटर स्टाण्डमा गयौं ।

१:३० बजे हामीले कालिम्पोङबाट बिदा लियौं । बाटोमा गीतको धुन सबै गाड़ीमा सुनिन्थ्यो, यस्तै गीतको धुनमा सिलीगुड़ी पुगेको पत्तै भएन । सबै त्यस बेला रेलगाड़ीको सपना देख्न थालिसकेका थिए । गाड़ी मिन्त्री ट्रान्सपोर्ट भवनको अघाड़ि अड़ियो । त्यहाँ मुख हात धोइकन चिया-खाजा खानलाई माथि कमरामा गयौं । ५:३० मा गाड़ी फेरि छुट्यो र सालुजा होटलमा खाना खायौं र १०:४५ मा रेल छुट्ने हुनाले न्यू जलपाईगुड़ी तर्फ लाग्यौं । गाड़ीबाट सबै मालहरू ओसार्ने काम भयो र प्लेटफर्ममा गई रेलको प्रतिक्षा गर्न लाग्यौं । ९:१५ जाँदा दार्जीलिङ मेल आयो, हाम्रो हर्षको सीमा रहेन, हतपत्त सब मालहरू रेलमा लगायौं । त्यस पश्चात् गीत छुट्न थाल्यो, कोही नाच्न लागे । वरिपरिका मानिसहरू हाम्रो डिब्बालाई घेरालाएर हेर्न लागे । १०:४५ मा रेल छुट्यो कु...कु...गर्दै ।

गीतको धुन हाम्रो कानमा रेल कुदेको आवाज सँगै मिश्रित भएर आउँथ्यो—"सुनो चम्पा सुनो तारा कोही जिता कोही हारा" । हाम्रै दलको एकजना दाइ नाच्नु हुँदै थियो । कतिवटा स्टेशनहरू काटेको पत्तो भएन । माल्दा स्टेशन काटेपछि पानी पर्न लाग्यो । एउटा स्टेशनमा पुग्दा मात्र थाहा भयो भोक लागेको । त्यहाँ अचम्म-अचम्भको स्वरमा भन्दै थियो, "चाय गरम", "ताजा सिंगड़ा," "ममफले" इत्यादि । हामी सबैले त्यहाँ चिया खायौं । फेरि रेल द्रुत गतिमा कुदन लाग्यो । ६ बजे बिहान बोलपुर आइपुग्यौं । त्यहाँ चिया-खाजा खाने प्रबन्ध भयो । सुरेन साथी पानी लिन निस्कँदा रेल छुट्यो, हामी सबै सुरेनलाई हेर्न लाग्यौं । धन्य ! पहिलो डिब्बामा चढ़ेर आयो । १२:३० मा स्यालदह स्टेशन आइपुग्यौं । गाड़ी पर्खिरहेको हुनाले मालसत्ता गाड़ीमा लगाई बालीगञ्ज तर्फ लाग्यौं । वरिपरि

तारले घेरेको मिलीटेरी बेरेकको अघाड़ि गाड़ी रोकियो । हामी सबै होस-न-हवास भएर बसिरहेका थियौं, जेठा बाबु (Shri T. P. Hishey) आउनु भएर सिटी फुक्दा मात्र हाम्रो होश खुल्यो र देखाईएको बेरेकमा मालमत्ता ओसार्ने काम भयो । त्यो दिन त्यतिकै बित्यो ।

१४ ता० बिहान ६ बजे पेट पूजा गरिवरि पुज्य गुरु श्री बी० के० सुब्बा संग कलकत्ता घुम्न हिड़्यौं । भिक्टोरिया मेमोरियल, बिरला प्लानिटोरियम हुँदै सेक्रेटेरियट भवन हुँदै १२ बजे बेरेकमा वापस आयौं । बेलुकी सर र कतिपय साथीहरू घुम्न जानु भयो । हामी चार भाइ बेरेकमै बसी त्यस दिन बितायौं । बेलुकी भोटिया र डुक्पा दलकाहरू पनि आइपुगे ।

१५ ता० आखिरी सिक्नुपर्ने (final practice) हुनाले ६:३० बजे गाड़ीमा चढ़ी कला मन्दिर तर्फ लाग्यौं । यति ठूलो हल हामी कसैले देखेका थिएनौं । एउटा भवनमा तीनवटा हल रहेछ । रंगमञ्च मात्रै कालिम्पोङको टाउन हल जत्रो रहेछ । Air-condition भएको हल प्रायः ५००० दर्शकहरूले हेर्न सक्ने रहेछ ।

हामी सबै आफ्ना-आफ्ना जातीय पोशाक लगाई तयार भयौं । नाच शुरू भयो तर च्याम्रुङ्ग नाचमा कदम नै मिल्दैन—तै पनि नाच्यौं । २ बजे फर्की खाना खाई वरी आठ साथीहरू नाँच सिक्न लाग्यौं । बेलुकी ६ बजेदेखि बेरेकमै नाच शुरू भयो १ बजेसम्म ।

१६ ता० ६ बजे तैयार भयौं । जेठा बाबु आएर मलाई बोलाउनु भयो र चिडियाखाना तर्फ लाग्यौ, बसमा साथीहरू आइपुगेपछि सबै भित्र पस्यौं । टाँसी र हामी तीन साथीहरू बेग्लै घुम्न लाग्यौं । भित्र त कालिम्पोङ शहर भन्दा ठूलो रहेछ, झण्डै हराइयौं । भरै कताबाट पहिले पसेको फाटकमा आइपुग्यौं । बाहिर हेरेको त सर साथै अरू साथीहरू कहिलेदेखि हामीलाई पर्खिरहेको रहेछ । हतार-हतार बसमा चढ़ी यही हाम्रो बेरेकमा आइपुग्यौं । बेलुकी सबै मेला भए पछि किसिम-किसिमको गफ निकाल्न थाल्यौं । पेम्बा दाज्यू (कीरा कान्छा)-ले हँसाउन थाल्यो, हाँस्दा-हाँस्दै बेलुकीको खाना खाने समय भएको पत्तो भएन । खाना खाइसकेर हाम्रो कमरामा मादल, गितार र बाँसुरीको धुन गुञ्जिन लाग्यो । वरिपरि भएका अरू दलहरू पनि हामीलाई घेरेर ताली बजाउन थाले । गीत गाउँदा गाउँदै १० बजेको सूचना सरबाट पाएको साथ-साथै सुत्नु भन्ने हुकुम भयो । हामी बिस्तारै आफ्ना-आफ्ना ओछ्यानमा पल्टियौं ।

१७ ता० बिहान मुखहात धोएर चिया पिइसकेका मात्र थियौं, हाम्रा स्कूलका प्रधान अध्यापक आउनु भएको छ भन्ने हल्ला फिँजियो । तर यो हो या होइन कसैले भन्न सकेन । यसैको पता लाउनको निम्ति सरसंग विदा मागी सुरेन र म खोज्न हिड्यौं । पहिले त बाटो याद हुँदै थियो तर जति हिँड्यो उति बाटो भुलिँदै जान थाल्यौं—अब पऱ्यो फसाद ! प्रधान अध्यापकलाई खोज्नु त होईन, बेरेक फर्किने बाटो खोज्दा खोज्दै दिन बितेको पत्तै भएन । भोकले उस्तै दुःख दियो, हिडेकोले उस्तै थाक्यौं । भरे पुलिसलाई बाटो सोधेको त हामी त कहाँ स्यालदहको छेउमा पो आइसकेछौं । फेरि ४ बजे बेरेकमा आईपुग्नु भनेको हुनाले एउटा टेक्सी रोकी ३:३० मा बेरेक पुग्यौं । ४ बजे चिया पिईवरी गाड़ी पर्खन लाग्यौं । ४:४५

मा गाड़ी आयो र गाड़ीमा चढ़ी कला मन्दिर तर्फ लाग्यौं । वहाँ पुग्दा मित्र पस्ने आदेश भयो । Beauty Parade मा जानेहरू चाहिँ पत्रिकाको निम्ति तैयार भई बाहिर आए हामी सबै आफ्ना-आफ्ना पोशाक लगाउनमा तल्लिन भयो । त्यस दिन Military को एकजना General मुख्य अतिथिको रूपमा आउनु भयो भन्ने हल्ला भयो । ७ बजे हाम्रो कार्यक्रम आरम्भ भयो, चौथो कार्यक्रम हाम्रो हुनाले (च्याम्प्रङ्ग) हामी पनि माथि रंगमञ्चमा गएर लाइन लाग्यौं । लेप्चा दलका शिकारी नाच-दाइहरूले कराउँदै आफ्नो नाच समाप्त गरे । हाम्रो पनि कराउनुपर्छ भन्ने सल्लाह भयो । पुज्य गुरुबाट आशीर्वाद लिई हामी रंगमञ्चमा निस्क्यौं पर्दा पनि बिजुलीले नै तान्दो रहेछ । नाँच शुरू भयो खूबै जोशसित, अन्तमा सबै साथीहरू पनि कराउन लागे र घुम्दै हामी रंगमञ्चबाट बाहिर निस्क्यौं । पसिनाले शरीर सबै भिजिसकेको थियो र Dressing Room मा आई फेरि अर्को नाचको निम्ति तैयार भयौं । यसरी नै ६:३० बजे कार्यक्रम समाप्त भयो, राष्ट्रीय गानपछि १० बजे बेरेकको अघाड़ि गाड़ी थामियो । बेरेकबाट आफ्नो-आफ्नो थाल लिई खाना खान गयौं । १ बजे सम्म मादल र गितारको धुनमा बित्यो ।

१८ ता० पनि उसरी नै काट्यौं । त्यो दिन हामी हाउड़ा (Howrah) स्टेशन घुम्न गयौं । बेलुकी कार्यक्रम शुरू भयो साथै अन्त पनि ।

१९ ता० अन्तिम दिनको कार्यक्रम हुनाले यसपाला त झन् जोशले नाच्न लाग्यौं । दिउँसो हामी सबै साथीहरू नयाँ बजार (New market) घुम्न गयौं र त्यहाँ केही चिजहरू किन्यौं । फेरि बेलुकी ७ बजे कार्यक्रम आरम्भ भयो । सबै कार्यक्रम सफलतापूर्वक अन्त भयो । अन्तिम कार्यक्रममा थियो माल्य-अर्पण र अन्तमा राष्ट्रीय गान गाएर त्यस दिनको कार्यक्रम समाप्त भयो । बेलुका बेरेकमा Bon-fire थियो र सबै मेला भएका थियौं । क्रमशः गीतको धुन शुरू भयो, नाच्न लाग्यौं । अन्तमा बिदाको बेला बेरेकको सड़कमा सबै गोलो भई खुशीले नाच्न लाग्यौं—"सायो नारा सायो नारा.....।"

२० ता० बिहान चिया-खाजा खाईवरी सर र साथै तीन साथीहरू कला मन्दिरबाट मालहरू ल्याउन गए । १२ बजे खाना खाईवरी सबै मालहरू हाउड़ा स्टेशनमा पुऱ्यायौं । बेलुकी ७:४५ मा हामी कलकत्ता-बाट बिदा लियौं ।

त्यो घुम्ती

सुरेन छेत्री
दशौं श्रेणी (कला)

त्यो घुम्ती, आजसम्म पनि ती युवक-युवतीहरूको विश्राम गर्ने स्थान नै भएको छ । आज भन्दा पन्द्रह...सोह्र...वर्ष अघिका तरुण-तरुणीहरूको पनि एउटा मनोरंजक स्थान नै भएको थियो ।

त्यही घुम्ती, त्यही वातावरण, फूल, रूख.... पात...! औ डाँड़ाहरू आजसम्म पनि अटल भई भविष्यलाई पनि पखिरहेछ । अतीतलाई संझेर रोइदिन्छ खुशीको अश्रुधारा बहाएर । वर्त्तमानलाई अंगालदै मुस्काइदिन्छ शुभ प्रभातको दर्शन पाएर ।

× × ×

आज पनि त्यो घुम्तीमा हावा खान आउने मानिसहरू धेरै छन्, स्कूलका छात्र-छात्राहरू पनि बसिरहेका हुन्छन् । आफ्नो-आफ्नो गफ हाँक्दै ज्वालामुखी बिस्फोट भए झैं हाँस्छन् । तर.....त्यस घुम्तीमा आज एउटा नौलो मान्छे पनि आएको छ । मधुर मुस्कान साथै गम्भीरता संग बिस्तार-बिस्तार आएर घुम्तीको ढीलमा बस्छ र चारैतिर सुस्तरी-सुस्तरी नजर घुमाएर सोच्छ...यही घुम्तीमा उसले आफ्नी प्रेयसीलाई सँगै भेट्थ्यो, औ यहीं उसको प्रेम भएको थियो एउटी चंचला र हँसिली युवती "संध्या" संग । आज नरेन्द्रलाई त्यही अतीत-को याद्ले सताइरहेछ र त उ बिस्तार-बिस्तार कहानीलाई दोहोऱ्याउँछ—

संध्यासित जब नरेन्द्रको पहिलो भेट भएथ्यो त्यही घुम्तीको किनारमा । आज अनायसै उसका ती युगल नयनहरू त्यहाँ भएका बुट्टाहरूमा अड़न पुग्छ । जसरी पहिलो पल्ट उसका नयनहरू संध्याको त्यो बिषालु नयनहरूसित जुझन पुगेथ्यो । नरेन्द्र त्यो बुट्टालाई हेरिरहन्छ.....हेरिरहन्छ ।

आज नरेन्द्रलाई हुनसम्मको चोट पऱ्यो ती बिगत दिनहरूका मधुर मिलनले । जब भानु पनि क्षितिजलाई नाघ्न पुग्थ्यो तब...ती युगल हृदयहरूको मिलन पनि त्यही घुम्तीमा हुन्थ्यो, मीठा-मीठा प्रेमालापहरू गर्दथे । त्यही घुम्तीको किनारमा बसेर कस्तो-कस्तो सपनाका महलहरू सजाउँथे, सागरको गहि-राइलाई छुँदथे, कहिले हिमालयको टाकुरामा अड़न पुग्दथे ।

संध्या नरेन्द्रको प्रेममा मुग्ध हुन्थी । नरेन्द्र पनि संध्याका ती मीठा-मीठा भावनाहरू संग बेहोस-बेहोस हुन्थ्यो । ती दुवै प्राणीहरू एका-अर्काका प्रेममा अन्धा भइसकेका थिए । नरेन्द्र र संध्याको त्यो नदीको दोभान जस्तो मिलन देखेर दुनियाँनै अवाक् बन्दथे ।

तर यस्तो अचम्मको प्रेम र अनुपम मिलन देखेर नरेन्द्र विवश हुन्थ्यो कि 'हाम्रो प्रेमले त्यो सीमा नाघिसकेको छ, संध्या अब तिमी नभए बाँच्न सक्दिन यस दुनियाँमा । तर मेरो त्यो धन-सम्पत्ति छैन जुन धन ऐस-आराम संध्याकोमा छ । म संध्यालाई ऐस-आराम दिन सक्तिनँ, म संध्याको आमा-बाबुको साम् हात फैलाउन सक्दिनँ । उनीहरूले मलाई एउटा भिकारीको दर्जामा दाँजेर भिकारीको दृष्टिले हेर्नेछन् र मेरा सबै आशा-अभिलाषाहरू-लाई माटोमा मिलाइदिनेछन् । तब...मैले

संध्यालाई के जवाब दिने ? औ कसरी हाम्रो स्वच्छ प्रेमलाई अझ स्वच्छ साथै हिमालय जस्तो अटल बनाउने ?'

नरेन्द्रलाई यही भावनाहरूले सताइदिन्थ्यो र उ पानी नपाएको माछा झैं छटपटिन्थ्यो । नरेन्द्रलाई हरेक किसिमका भावनाहरूले अंगाल्दथ्यो तर...संध्याको प्रेममा उ बेहोस-बेहोस भएर यी सब समस्याहरूलाई बिर्सिदिन्थ्यो, कारण नरेन्द्र एउटा गरीबको छोरो उसले संध्यालाई त्यो ऐस, आराम, मान, मर्यादा दिनु असमर्थ थियो ।

संध्यालाई अप्नाउनु उसलाई धनको जरूरत थियो । उसले रुपियाँ कमाउनुको निम्ति कलेजको 'फाईनल' परीक्षा सकेर पल्टनतिर जाने निश्चय गर्‍यो । मजबुरीले गर्दा आज नरेन्द्रले आफ्नी प्रेयसीलाई छोड्नुपरेको छ आफ्नो छातीमा ढुंगा राखेर, यो कस्तो परिस्थिति ? संध्यालाई हुनसम्मको दुःख लाग्यो अब उ एकली पंछी जस्ती हुन्छे । यो कस्तो संसार ? संध्या र नरेन्द्रलाई नदीको दुइ किनार भएर छुट्टिन पर्‍यो । जब नरेन्द्र गाड़ीमा चढ्यो संध्याले मन थाम्न सकिन अनायसै संध्या रुन लागी । नरेन्द्र गाड़ीबाट ओर्लेर संध्यालाई सझाएथ्यो कि 'उ' पल्टनबाट ६: वर्षमा आइपुग्ने साथमा संध्याको निम्ति साथै आफ्नो सपना साकार गराउनलाई रुपियाँ कमाएर ल्याउने । संध्यालाई बाधा गराएको थियो ६: वर्षको कठोर तपस्या गर्नलाई । नरेन्द्रले डाँड़ा नकाटुन्जेलसम्म संध्याले हात हल्लाएकी थिई, आँखाभरी अश्रुबिन्दुहरू सजाएर ।

\+ \+ \+

६: वर्ष बित्यो ।

आज नरेन्द्र कस्तो आशा उमंग लिएर संध्यालाई भेट्न आएको थियो त्यो घुम्तीमा । नरेन्द्रले संध्यालाई देखेन । बिस्तार-बिस्तार नरेन्द्र घुम्तीको ढोपमा आएर बस्यो र चारैतिर नजर घुमाएर विचार गर्‍यो कि...यही घुम्तीमा उसले आफ्नी प्रेयसीलाई सँधै भेट्थ्यो । तर आज उसले आफ्नी प्राणेश्वरी संध्यालाई देखेन र उ शोचमा डुब्यो ।

"कसो हो, मिस्टर नरेन्द्र ?"

कसैले पछिबाट धाप मारेर भन्यो । नरेन्द्र झसङ्ग भयो र बिस्तारै फर्केर हेर्दा उसको पुरानो साथी कमल मोक्तान पो रहेछ । नरेन्द्रले कमललाई देख्ना साथ पहिले संध्याको सोधपूछ गर्‍यो । तब नरेन्द्रले कमलबाट निराशाको उत्तर पायो कि "संध्याको विवाह भएको आज तीन वर्ष भयो, अब त एउटी छोरोकी आमा पनि भएकी छ ।

नरेन्द्र छाँगोबाट खस्यो । बिस्तार-बिस्तार उ हिँड़न थाल्यो लामो सुस्केरा तानेर । साथीलाई बिदा नभनी त्यो घुम्तीलाई छोड़ेर ।

कप्तान नरेन्द्र आजै फर्कने भयो हृदय भरी संध्याको विश्वासघातको चोट बोकेर । त्यो घुम्तीलाई साथै सबै अधुरो सपनालाई त्यहीं छोड़ेर ।

\+ \+ \+

कतिको 'मिलन' भयो कतिको 'बिछोड़' भयो त्यो घुम्तीमा । संध्याको वियोगमा कति रोयो होला नरेन्द्र साथै "त्यो घुम्ती ।"

रमाइलो सम्झना

श्री पारसमणि प्रधान

[के० डी० प्रधान स्मारक पुस्तकालयको विधिवत् उद्घाटन श्री बी० एन० मुखर्जी, अतिरिक्त जिल्लापालको बाहुलीबाट हुँदा, पाठशालाका भूतपूर्व छात्र एवं पछि यहीं शिक्षक पनि हुनु भएका प्रसिद्ध साहित्यिक श्री पारसमणि प्रधानले दिनुभएको लिखित वक्तव्य यहाँ दिइएको छ ।]

श्रद्धेय सभापति महोदय, मुख्य अतिथिज्यू तथा उपस्थित शिक्षाप्रेमीहरू,

आजको यो रमाइलो समारोहको कार्यक्रममा भाषण दिने वक्ताहरूका नाउँमा श्री पी० एम्० प्रधानको नाउँ देखेर म एक पल्टता पक्क परें । 'के पी० एम्० प्रधान मेरै नाउँ हो ?' भनी सोधपूछ गरें—मेरै नाउँको छोटकरी रहेछ । यसरी शंका गर्नु परेको के कारण हो, त्यस बारे केही बेर पछि भन्नेछु । अहिलेलाई विर्सनुभन्दा अघि भाषणका बारेमा म केही भन्छु ।

मलाई दुइ कुरामा विश्वास लाग्न छोड्को छ । ती दुइ कुरा हुन्—भाषण र अचेलको शिक्षा-प्रणाली । परमेश्वरले हामीलाई एउटा मुख दिएका छन् तर हात, खुट्टा, आँखा, नाक, कानहरू दुइ-दुइवटा दिएका छन् । प्रत्येक हात र गोड़ामा पाँच-पाँच औंला गरी जम्मा २० वटा औंला दिएका छन् । अनि यस्ता औंलामा २० नंग्रो पनि दिएका छन् । यसको अर्थ हामीले यी दुइ-दुइवटा आँखा, कान, नाक र २० नंग्रोलाई उचित काममा नलाएर केवल एउटै मुखलाई मात्र बढ़ता काम लाउनु भनेको होइन । हामी भने त्यो भएको एउटा मुख मात्र बजाउँछौं, आँखा र कानलाई मनाक काममा लाउँदैनौं अनि दुइ दश नंग्रो खियाउने काम पटक्क गर्दैनौं । यसैले हामी संसारको होड़बाजीमा पछि—एकदमै पछि परेका छौं । यसरी हामी पछि परेको मुख्य कारणनै भाषणले हो जस्तो मलाई लाग्छ । हाम्रा नेताहरूले भाषण दिने कामपट्टि नलागेर दश नंग्री खियाउने कामपट्टि लागेका भए अहिले हाम्रो अवस्था अर्कै हुने थियो ।

हामी पहाड़वासीहरूको अवस्था अहिले जस्तो शोचनीय भएको छ त्यसको मुख्य कारण अचेलको शिक्षा-प्रणाली नै हो भन्ने कुरामा मलाई पूर्ण विश्वास छ । अंग्रेज शासकहरूले भारतवर्षका भारतवासीहरूकानिम्ति दुइ किसिमका शिक्षा विधि बनाएका थिए । ती दुइ किसिमका शिक्षा-विधिमा एउटा थियो शासक तयार गर्ने विधि अनि अर्को थियो कारिन्दा तयार गर्ने

Shri Paras Mani Pradhan, (Tribhuwan & Madan Puraskar Bijeta)
Speaking at the inauguration of Shri K. D. Pradhan Memorial Library.

Shri B. N. Mukerjee, Additional Deputy Commissioner, Darjeeling,
cutting the tape at the inauguration of Shri K. D. Pradhan Memorial Library.

Winners of Antyakcharri (Tulsi Jayanti 1973), with the Headmaster and the House-master.

Winners of Inter-House Quiz Competition. (Mackean House)

विधि । पहिलो विधिको शिक्षा हुने-खानेका छोरा-छोरीलाई मात्र दिइन्थ्यो अनि दोस्रो किसिमको शिक्षा दिइन्थ्यो आम जनतालाई । फलस्वरूप दोस्रो किसिमको शिक्षा पाउने नव-युवक र नवयुवतीहरूको संख्या बढ्दा भयो र बेकारी समस्या खड़ा भयो । यो एस० यू० एम्० आई० दोस्रो किसिमको शिक्षा दिने संस्था हो । यसकारण यस किसिमको शिक्षा दिने संस्थाहरू अब उप्रान्त हामीलाई चाहिएको छैन भन्दा तपाईंहरू रिसाउनु होला तर मैले भनेको कुरामा विश्वास गर्नुहोस् किनभने यो कुरा साँचो हो ।

'उसो भए के हाम्रा केटा-केटीलाई शिक्षा नदिने ?' भनी सोध्नु होला । यसको जवाबमा म भन्छु अनि ठोकेर भन्छु, हामीले हाम्रा छोरा-छोरीलाई शिक्षा दिनुपर्छ तर नोकरी खोज्ने किसिमको शिक्षा होइन । म चाहन्छु हाम्रा छोरा-छोरीले मालिक बन्ने किसिमको शिक्षा पाउनुपर्छ - अर्कोको खुट्टामा होइन तर आफ्नो खुट्टामा उभिने किसिमको शिक्षा पाउनु-पर्छ । जापान आदि उन्नत मुलुकले यस्तो शिक्षा पाएका छन्, पाउँदैछन् र आज जापान संसारका उन्नत देशहरूमा एउटा छ । हाम्रा छोरा-छोरीले त्यस्तै हुनुपर्छ ।

यो एस० यू० एम्० आई० मा मैले प्राथमिक शिक्षा पाएँ, मैले यहाँ मास्टरी गर्ने शिक्षा पाएँ, जीवनमा मानिसले के गर्नुपर्ने रहेछ भन्ने शिक्षा पाएँ र त्यही शिक्षा अनुसार काम गरें । मैले जीवनमा जुन किसिमले काम गरें त्यो तपाईंहरूमध्ये धेरैलाई थाहा छ । स्व० डाक्टर सदर्ल्याण्ड जस्ता अनुभवी र दूरदर्शी मास्टर मेरा मास्टर थिए । ती कसरी शिक्षा दिन्थे त्यसको एकाध उदाहरण दिए कुरा बुझ्न सजिलो पर्ला । एक बिहान सदर्ल्याण्ड साहेबले नयाँ सूट लाएर मुसुमुसु हाँस्दै एसेम्बली हलमा आएर हामीलाई सोधे—'मेरो यो नयाँ सूट कस्तो लाग्यो ?' हामीले भन्यौं—'साहै राम्रो लाग्यो सर !' उनीले भने—'यो स्कूल कम्पाउण्डमा लाएको किम्बुका पात खाएर बढ़ेका रेशमका कीराको धागोले बनेको हो । यस्तो धागो स्कूलकै कम्पाउण्डमा निकालेर त्यसैको लुगा बुनेर यहीं काटी, यहीं सिलाएको हो । यसरी रेशमको खेती गरे तिमीहरूले पनि यस्तै रेशमी लुगा लाउन सक्नेछौ । यो खेती साहै असल र लाभदायक छ ।' बंगालमा आज जुन हिसाबले रेशमको खेती हुँदैछ त्यो डाक्टर सदर्ल्याण्डले थाल्नुभएको खेतीको परिणाम हो ।

अर्को दिन तिनले एक थाल पीठो ल्याएर देखाउँदै भने—'यो स्कूल कम्पाउण्डमा लाएको अरारूटको पीठो हो । तिमीहरूले यसको खेती आफ्ना खेत-बारीमा गर्‌यौ भने खानेकुराको समस्या हल गर्नलाई ठूलो मदत हुनेछ । अरारूट पौष्टिक खानेकुरा हो । यसको खेती गर्ने विधि सजिलो छ ।'

फेरि एक दिन तिनले हामीलाई खानामा बोलाएर रोस्ट गरेको मासु खुवाए । मासु मिठो थियो । 'केको मासु हो सर ?' भनी सोध्दा तिनले भने—'यो मेम साहेबले पालेका खरायोको मासु हो । खरायो यो ठाउँमा खूब सप्रन्छ । यसको छाला क्यूर गरे दामी माल बन्छ । खरायो पाल्ने गरे यहाँका मानिसको आर्थिक समस्या हल हुनेछ ।'

यस्तै व्यावहारिक शिक्षा दिनुहुन्थ्यो हामी-लाई डाक्टर सदर्ल्याण्ड तर खोइ हाम्रा मानिस-हरूले तिनको शिक्षा लिएको ? तिनले सिकाए अनुसार काम गरेका भए आज कालिम्पोङको—विशेष गरी यहाँका मिसनका भाइ-बहिनीहरूको अवस्था बेग्लै हुनेथियो ।

क्षमा रहोस्, आजको समारोह अर्कै कामका निम्ति हो, मैले अर्कै कुरा गर्न थालेको छु । आजको समारोहको मुख्य उद्देश्य 'के० डी० प्रधान मेमोरियल लाइब्रेरी कम रिडिङ रूम' उद्घाटन गर्ने हो । के० डी० प्रधान अथवा पी० एम्० प्रधानलाई मैले पूरा नाउँ कृष्णदास प्रधान वा पारसमणि प्रधान भन्न वा लेख्न रुचाएको छु किनभने अंग्रेजीमा जे० ए० ग्राहामले जसरी जेम्स एण्डरसन ग्राहाम बुझाउँछ के० डी० वा पी० एम०-ले उसरी बुझाउँदैन । पारसमणिको छोटकरी पा० म० हुनसक्छ तर पी० एम्० हुँदैन । एक दिन मैले अंग्रेजी स्कूलमा पढ्ने मेरो एउटा नातीलाई 'पी० एम्० ले के बुझाउँछ नाती ?' भनी सोधें । उसले निर्धक्कसित जवाब दियो—'पागल म्यान !' नातीको यो ठाड़ो जवाबले मेरो चित्त बुझ्यो किनभने पारसमणि जस्तो यति राम्रो नामलाई पी० एम्० भन्ने मान्छे पागल-म्यान बाहेक अरू को हुनसक्छ ? यसर्थ मैले के० डी० प्रधान लाइब्रेरीको नेपाली 'कृष्णदास प्रधान पुस्तकालय' भन्न रुचाएको छु । यसमा तपाईंहरूको सहमत होला भन्ने आशा र विश्वास छ ।

स्व० 'के० डी० सर' मेरा जेठा मामाका जेठा छोरा थिए । जुनबेला म खरसाङमा 'चन्द्रिका' नामक नेपाली भाषाको पहिलो पत्रिका चलाउँदै थिएँ, दाज्यूले मलाई कालिम्पोङको एस्० यू० एम्० स्कूलमा नेपाली र संस्कृत भाषा पढ़ाउन ल्याएका थिए । यो हो सन १९१९ सालको, आजभन्दा ५४ वर्ष अघिको कुरा । आजभन्दा ६० वर्ष अघि सन १९१३ मा म यहाँबाट गुरु मातादीन पाण्डेसित कान्छा मामाको छोरा सूर्य नारायण प्रधानको हेरचाह गर्न भनी मान्छे भएर दार्जीलिङ गएको थिएँ। तर भान्छे भएर गएको मान्छे दार्जीलिङ हाइ स्कूलमा भर्ना हुनपुगें र चार वर्षसम्म हिन्दी माषाको माध्यममा शिक्षा पाएर मैले सन १९१७ मा म्याट्रिक पास गरें । त्यसपछि मैले खरसाङको डाउहिल प्राइमरी स्कूलमा तेस्रो मास्टरको नोकरी पाएर मासिक साढ़े सात रुपिया तनखा पाउन थालें । त्यहाँ मैले फूर्सदमा छापाखानाको काम सिकें र 'चन्द्रिका' पत्रिका चलाउन थालें ।

माघे संक्रान्तीमा तरूल खान भनी कालिम्पोङमा घर आएको थिएँ, दाज्यू के० डी० प्रधान टुप्लुक्क आइपुगे र उनले भने—'हाइ स्कूललाई नेपाली पढ़ाउने एउटा मास्टर चाहिएको छ । सदर्ल्याण्ड साहेबले तिम्रो चाहना गरेका हुनाले म यहाँ आएको हुँ, यहीं काम गर्नुपर्छ ।' घरका आमा-बाबु, भाइ-बहिनीहरू पनि मलाई यहीं ल्याउन चाहन्थे, यसर्थ मैले 'हुन्छ' भनें । 'जाऊँ साहेबसित भेट गर्ने' भनी मलाई उनले लिएर गए । डाक्टर सदर्ल्याण्डसित भेट भयो । अंग्रेजीमा कुराकानी भए तर एउटा अनौठो घटना भयो । मैले उच्चारण गरेका केही अंग्रेजी शब्द डाक्टर साहेबले शुद्ध गर्नथाले । यस्ता शब्दहरूमध्ये Have र Water को शुद्ध उच्चारण उनले मलाई दोहोऱ्याई तेहेऱ्याई सिकाएको सम्झना अझ मेरा मनमा आलै छ । मलाई भने मेरा बंगाली मास्टरहरूले त्यस्तै सिकाएका थिए । म वाटर भन्थे, साहब 'ह्वाटर' सिकाउँथे । जो भए पनि म खरसाङको प्रेसमा मासिक ४०) रु० पाउँथें, यहाँ मासिक ५०) रु० दिने भए । मैले काम थालें ।

काम त थालें तर मेरो नेपाली भाषा र मिसनमा चलेको नेपाली भाषा पटक्क मिलेन । स्कूल थियो क्रिश्चियनहरूको, म थिएँ हिन्दू । मैले नेपाली रामायण पाठ्य-पुस्तकको रूपमा पढ़ाउन थालें—यसमा सहकर्मीहरूले आपत्ति गरे । मेरो नेपाली भाषालाई काशी भाषे बोली भन्न लागे । सदर्ल्याण्ड साहेबले क्लासमा बसेर मैले

नेपाली पढ़ाएको सुन्थे । तिनले मैले रामायण लय हालेर पढ़ेको वा पढ़ाएको सुने । केही भनेनन् न एक दिन एउटा काण्ड भयो—

म्याट्रिक क्लासमा ५ जना छात्र थिए । तीमध्ये तीन जना थिए क्रिश्चियन अरू दुइ जना थिए हिन्दू। क्रिश्चियन छात्रहरू बाइबल र गीत-संग्रहका पुस्तक सँधै च्यापेर आउँथे । एक जनाको गीत-संग्रहको पुस्तकमा देखिएका कुराहरू मैले रातो मसीले काटेर क्लासमा सो भूलका बारेमा केही चर्चा गरेको थिएँ । क्रिश्चियनहरूका माझमा यसको चर्चा चलेछ र तिनीहरूले यो हिन्दू मास्टर क्रिश्चियन धर्मको विरोधी हो भन्ने कुरा सदर्ल्याण्ड साहेबका कानमा पनि पुऱ्याएछन् । मलाई साहेबले आफिसमा बोलाइपठाए । म गएँ । मैले रातो मसीले काटेको पुस्तक टेबलमा रहेछ । सो देखाउँदै साहेबले मलाई 'यो के हो ?' भनी सोधे ? मैले भनें—

'यो अशुद्ध छ सर । मैले शुद्ध गरेको' भनी मैले जवाब दिएँ । 'किन ? कसरी ?' भन्ने प्रश्नको उत्तरमा मैले भनें—

राजा बचाऊ God ! Save the King को अनुवाद हो । अंग्रेजीमा राजालाई बचाउनका निम्ति God लाई प्रार्थना गरिएको छ तर नेपालीमा भनिएको छ 'राजालाई'। हे राजा ! बचाऊ । कसलाई बचाऊ ? यो अनुवाद ठीक भएको छैन । फेरि अर्को गीत छ—गोर्खालीलाई मुक्ति दिने ढोका खोलिदेऊ । आगो मेघो खाँबो उम्याइ बाटो देखाई देऊ । आगो-मेघो भनेको के हो ? फेरि मुक्ति दिन ढोका गोर्खालीकानिम्ति मात्र किन खोलिमाग्ने ? के लाप्चे, भोटे र अरू जातिका निम्ति खोलि नमाग्ने ? यो पक्ष-पात किन ?'

मेरो स्पष्टीकरण सुनी साहेब आफिसबाट ढोका खोलेर बाहिर निस्के अनि फ्याङ-फ्याङ गर्दै अलेन म्यान्सतर्फ लागे । मलाई केही भनेनन् यसकारण म उभिनै रहें । एकछिन पछि मेम साहेब मिसेज सदर्ल्याण्डलाई लिएर आए र मलाई 'मेम साहेबलाई बुझाऊ' भने । मैले अघि सदर्ल्याण्ड साहेबलाई बुझाए जस्तै गरी बुझाएँ । मेरो कुरा सुनेर मेम साहेबले 'मिस्टर प्रधान इज राइट' अर्थात् प्रधानले भनेको कुरा ठीक छ भनिन् । अनि मलाई जम्मै गीत-संग्रह शुद्ध गरिदिने आग्रह गरिन् । मैले केही गीतहरू पछि शुद्ध गरेर देखाएँ तर लछुमन गुरुबाबुहरूले मेरो काम मन पराएनन् र छोड़िदिएँ ।

त्यसपछि सदर्ल्याण्ड साहेबको आग्रह अनुसार मैले एउटा—'नेपाली व्याकरण' तयार पारें र उनैको आर्थिक सहायता लिएर छपाएँ । यो पुस्तक साहेबले बंगालका डाइरेक्टर अव पब्लिक इन्स्ट्रक्सनलाई देखाएर स्कूलको पाठ्य-पुस्तकका निम्ति स्वीकृत गराए । नेपाली भाषामा बंगालको सरकारद्वारा स्वीकृत भएका पुस्तकहरू-मध्ये यो पहिलो पुस्तक हो । यसको श्रेय म एस्० यू० एम्० आई०-लाई दिन्छु । आज कसैले यो व्याकरणका नियमको हत्या गर्छ भने यो सरासर सदर्ल्याण्ड साहेब र उनको एस्० यू० एम्० आई०-को हत्या हुनेछ । यस्तो मेरो धारणा छ ।

त्यसपछि डा० सदर्ल्याण्ड र होर्नेल साहेबको इच्छानुसार म दार्जीलिङ पर्वतखण्डको पहिलो नेपाली सब-इन्सपेक्टर अव् स्कूल्स नियुक्त भएँ । मेरो नेपाली व्याकरणको आधारमा नेपाली साहित्यका पुस्तकहरू लेखें । आज दार्जीलिङ जिल्लामा नेपाली भाषा र साहित्यको जस्तो रूप देखिन्छ त्यो डाक्टर सदर्ल्याण्ड र एस्०

यू० एम्० आई०-कै कृपा हो भनेदेखि अत्युक्ति नहोला ।

आजभन्दा दुइ वर्ष अघि यस्तै समारोहमा मैले पुस्तकालयका निम्ति एक-दुइ आल्मारी पुस्तकहरू दिने वचन दिएको थिएँ तर त्यसमा एउटा प्रतिबन्ध थियो । सो के भने—म दान ता गर्छु तर योग्य पात्र चिन्ने शक्ति ममा छैन । केही साल अघि यस्तै दान मैले कुमुदिनी होम्स-लाई पनि दिने वचन दिएको थिएँ तर धोखामा परें । त्यो वचन पूर्ण रूपले चालू हुनपाएको छैन । यसको एउटा कथा छ । त्यो बिस्तारै भनुँला ।

अब एउटा कुरा गरी म मेरो वक्तव्य सिध्याउँछु । आजभन्दा ६० वर्ष अघि मार्च १९१३ मा म यस स्कूलका हिन्दी मास्टर मातादीन पाण्डेसित दार्जीलिङ हाइ स्कूलमा गएको थिएँ भनी मैले अघि भनिहालें । त्यस स्कूलमा मैले चार वर्ष पढें । त्यहाँ 'हिन्दी साहित्य समाज' नामक एउटा पुस्तकालय थियो म त्यसको सचिव थिएँ । हामी नेपाली छात्र-हरूले तिनताक हिन्दी पढ्नुपर्थ्यो किनभने नेपाली भाषा स्वीकार भएको थिएन । हामी नेपाली छात्रहरूलाई भने नेपाली भाषा पढ्ने रहर थियो । नेपाली भाषाका केही पुस्तक पुस्तका-लयमा राख्ने सुझाउ मैले दिएँ तर कार्यकारिणी समितिका सदस्यहरूले मेरो सुझाउ अस्वीकार गरिदिए । मैले हिन्दी साहित्य समाजबाट राजीनामा दिएर त्यस्तै एउटा नेपाली साहित्य समाज स्थापित गरी पुस्तकहरू जम्मा गरें । यसरी हामीले नेपाली भाषामा चासो लिएर पढ्न थाल्यौं । फलस्वरूप हामीमा नेपाली भाषा-प्रति अनुराग उत्पन्न भयो र यसको हामीले दिनहुँ उन्नति गर्न सक्यौं । त्यो सानो पुस्तका-लयमा कत्रो ठूलो शक्ति लुकिरहेको थियो त्यो सम्झदा अहिले मलाई आश्चर्य लाग्छ । यसरी मैले ६० वर्ष अघि 'नेपाली साहित्य समाज' स्थापित गरेको सम्झनामा आज उस्तै एउटा आल्मारी र त्यसमा नेपाली र हिन्दी साहित्य आदिका पुस्तकहरू दाज्यू स्वर्गवासी कृष्णदास प्रधानका स्मरणमा दानस्वरूप दिएको छु । यो कृष्णदास प्रधान पुस्तकालयले यस संस्थाबाट नेपाली भाषा र साहित्यको उत्तरोत्तर उन्नति गरोस् भन्ने शुभकामना र परमात्मालाई प्रार्थना गर्दै यो पुस्तकालयको साँचो म योग्य दाज्यू स्व० कृष्णदास प्रधानका योग्य पुत्र स्कूलका प्रधाना-ध्यापक चिरंजीवी भतीजा श्री पञ्चरत्न प्रधानलाई सुम्पन्छु । मैले योग्य पात्र पाएको छु भन्ने विश्वासले म दुक्क भएको छु । समयसालमा यस पुस्तकालयको कामदाम सन्तोषजनक हिसाबले चलेको खण्डमा अरू यस्तै आलमारी र पुस्तकहरू दिने वचन दिँदै म मेरो वक्तव्य शेष गर्छु ।

मैले भनेका कुरा घतमा लाग्नेहरूले मनमा लिएर जानुहोला । उचित नठान्नेहरूले मेरा कुरा यहीं छोड़ेर जानुहोला । तपाईंहरूलाई यही मेरो कर जोरी विन्ती ।

आजको यो रमाइलो समारोहमा यसरी रमाइलो सम्झना सुनाउने सुअवसर दिनु भए-कालागि एस्० यू० एम्० आई० -का अधिकारी-वर्गलाई—विशेष गरी प्रधानाध्यापक श्री पञ्चरत्न प्रधानलाई मेरो मुरीमुरी धन्यवाद छ ।

यीशुले भन्नुभयो "पूणरूथान र जीवन मैं हूँ, मलाई विश्वास गर्ने मरेको भने पनि बाँच्नेछ, जो बाँच्ने र मलाई विश्वास गर्ने प्रत्येक कहिल्यै पनि मर्ने छैन ।

—यूहना ११—२५ : २६

यू० एम्० आई०-कै कृपा हो भनेदेखि अत्युक्ति नहोला ।

आजभन्दा दुइ वर्ष अघि यस्तै समारोहमा मैले पुस्तकालयका निम्ति एक-दुइ आल्मारी पुस्तकहरू दिने वचन दिएको थिएँ तर त्यसमा एउटा प्रतिबन्ध थियो । सो के भने—म दान ता गर्छु तर योग्य पात्र चिन्ने शक्ति ममा छैन । केही साल अघि यस्तै दान मैले कुमुदिनी होम्स-लाई पनि दिने वचन दिएको थिएँ तर धोखामा परें । त्यो वचन पूर्ण रूपले चालू हुनपाएको छैन । यसको एउटा कथा छ । त्यो बिस्तारै भनुँला ।

अब एउटा कुरा गरी म मेरो वक्तव्य सिध्याउँछु । आजभन्दा ६० वर्ष अघि मार्च १९१३ मा म यस स्कूलका हिन्दी मास्टर मातादीन पाण्डेसित दार्जीलिङ हाइ स्कूलमा गएको थिएँ भनी मैले अघि भनिहालें । त्यस स्कूलमा मैले चार वर्ष पढें । त्यहाँ 'हिन्दी साहित्य समाज' नामक एउटा पुस्तकालय थियो म त्यसको सचिव थिएँ । हामी नेपाली छात्र-हरूले तिनताक हिन्दी पढ्नुपर्थ्यो किनभने नेपाली भाषा स्वीकार भएको थिएन । हामी नेपाली छात्रहरूलाई भने नेपाली भाषा पढ्ने रहर थियो । नेपाली भाषाका केही पुस्तक पुस्तका-लयमा राख्ने सुझाउ मैले दिएँ तर कार्यकारिणी समितिका सदस्यहरूले मेरो सुझाउ अस्वीकार गरिदिए । मैले हिन्दी साहित्य समाजबाट राजीनामा दिएर त्यस्तै एउटा नेपाली साहित्य समाज स्थापित गरी पुस्तकहरू जम्मा गरें । यसरी हामीले नेपाली भाषामा चासो लिएर पढ्न थाल्यौं । फलस्वरूप हामीमा नेपाली भाषा-प्रति अनुराग उत्पन्न भयो र यसको हामीले दिनहुँ उन्नति गर्न सक्यौं । त्यो सानो पुस्तका-लयमा कत्रो ठूलो शक्ति लुकिरहेको थियो त्यो सम्झदा अहिले मलाई आश्चर्य लाग्छ । यसरी मैले ६० वर्ष अघि 'नेपाली साहित्य समाज' स्थापित गरेको सम्झनामा आज उस्तै एउटा आल्मारी र त्यसमा नेपाली र हिन्दी साहित्य आदिका पुस्तकहरू दाज्यू स्वर्गवासी कृष्णदास प्रधानका स्मरणमा दानस्वरूप दिएको छु । यो कृष्णदास प्रधान पुस्तकालयले यस संस्थाबाट नेपाली भाषा र साहित्यको उत्तरोत्तर उन्नति गरोस् भन्ने शुभकामना र परमात्मालाई प्रार्थना गर्दै यो पुस्तकालयको साँचो म योग्य दाज्यू स्व० कृष्णदास प्रधानका योग्य पुत्र स्कूलका प्रधाना-ध्यापक चिरंजीवी भतीजा श्री पञ्चरत्न प्रधानलाई सुम्पन्छु । मैले योग्य पात्र पाएको छु भन्ने विश्वासले म दुक्क भएको छु । समयसालमा यस पुस्तकालयको कामदाम सन्तोषजनक हिसाबले चलेको खण्डमा अरू यस्तै आलमारी र पुस्तकहरू दिने वचन दिँदै म मेरो वक्तव्य शेष गर्छु ।

मैले भनेका कुरा घतमा लाग्नेहरूले मनमा लिएर जानुहोला । उचित नठान्नेहरूले मेरा कुरा यहीं छोड़ेर जानुहोला । तपाईंहरूलाई यही मेरो कर जोरी विन्ती ।

आजको यो रमाइलो समारोहमा यसरी रमाइलो सम्झना सुनाउने सुअवसर दिनु भए-कालागि एस्० यू० एम्० आई० -का अधिकारी-वर्गलाई—विशेष गरी प्रधानाध्यापक श्री पञ्चरत्न प्रधानलाई मेरो मुरीमुरी धन्यवाद छ ।

यीशुले भन्नुभयो "पूणरूथान र जीवन मैं हूँ, मलाई विश्वास गर्ने मरेको भने पनि बाँच्नेछ, जो बाँच्ने र मलाई विश्वास गर्ने प्रत्येक कहिल्यै पनि मर्ने छैन ।

—यूहना ११—२५ : २६

परिवर्तन

दुर्गा बस्नेत,
एघारौं श्रेणी (कला)

प्रकृतिले विश्वमा परिवर्तन ल्याउँछ भने परिवर्तनले पनि मानिसको दैनिक जीवनमा परिणत गराउँछ, एउटाको पछि अर्को, अर्कोको पछि अर्कै, मानिसको असन्तुष्टी जीवन कहिले पनि तृप्त हुँदैन । अमरकी बहिनी बिन्दा सात वर्ष नपुग्दै उसकी आमा मरी । अमरको पिताले स्वास्नी खसेको वर्ष नपुगी काम्छी भित्र्यायो वर्ष दिनमै एक बहिनीको जन्म भयो, अमर र बिन्दाको । हिजोदेखि आज अनि आज-देखि भोलि गर्दै बिन्दाको बहिनी चार-तिर कुद्ने र बस्ने भई । अमर दश वर्ष पुग्दा बिन्दा एक वर्ष कम नै थिई । बीर-मान, अमर र बिन्दाका पिता ज्यादै रिसाहा र जाँड-रक्सीको भोगी अनि कान्छी स्वास्नी एकदमै मुखाले, सानै कुरामा निहुँ खोज्ने । माता-पिताको संधै बाझाबाझ चलथ्यो, कुटाकुट होइबस्थ्यो । दुइ दाज्यू-बहिनी डर-ले दैलोको कुनातिर लुक्थे, कहिले कतातिर भाग्थे । जति पनि झगड़ा हुन्थ्यो, अमर र बहिनीकै निम्तिमा । ती दुइमा दाज्यू-बहिनीको असीम माया थियो पवित्र सम्बन्ध थियो । एक दिन डरलाग्दो झगड़ा भयो-बिन्दाकी सानीमा रुँदै थिई । यो देखेर ती दुइले घरबाट भागेर तुरुक बस्ती मामाको घर जाने अठोट गरे ।

माघे संक्रान्तीको दिन । सबै मानिस हरूको घुइरो त्रिवेणीको मेलातिर छुटिरहेथ्यो अमर र उसकी बहिनी सबैदेखि लुक्दै, छर्लिन्दै त्रिवेणीको मेलामा पुगे । त्यहाँ सबै आफ्नै विषयमा मस्त थिए, कोही मातिरहे-का, कोही केही किन्नमा व्यस्त, सबै आफ्नै मतलबमा थिए ।

अमर र बिन्दा घुम्दै हातमा नाम लेखाउने कहाँ पुगे । दुवैले नाम लेखाउने इच्छा गरे । अमरको साथमा केवल बाह्र आना थियो र उसको मात्र नाड़ीमा अमर नाम लेखियो बिन्दालाई लेखाउन पुगेन । दुवै दुखित भए । एकक्षण पश्चात बहिनीले दाज्यू-लाई तानेरएकान्तमा लगी र उसको जामाको पिठ्यूँ पट्टिको बटन खोलेर देखाई, त्यहाँ एउटा ठूलो कालो दाग थियो जन्मदेखिकै चिन्ह । उसले बटन लगाउँदै भनी, "दाज्यू म हराएँ भने यही चिन्ह हेरेर चिन्नू म पनि त्यही लेखेको हेरेर चिन्नेछु ।" दाज्यू बहिनी हात समाउँदै घुमिरहेका थिए एक निमेषमै त्रिवेणीको वातावरण भिन्न भयो आकाशमा कालो बादल छाएर आयो, । क्षणभरमा आँधी आयो । रंगीत र टिस्टा बौलाएर भीषणरूप धारण गर्‍यो । सबै मानिसहरू बगरलाई शून्य पारेर भागे । घिर्लिङ्गको तार बीचैमा चुँडिएर आफ्नो-आफ्नो दिशामा उछिटिएर गए जस्तो अमर कहाँ पुग्यो बिन्दा पुगी कहाँ ।

× × ×

दार्जीलिङ्गको बतासे मनि लाहुरेहरूको अड्डा छ । त्यहाँ एक दल आउँछ गाउँका तरुण-तरुणीहरूलाई राइफल तालिम गराएर फेरि अर्को ठाउँमा जान्छन्, अनि फेरि अर्को दल आउँछ फेरि जान्छन् माया-मोह छोड़ी राखेर । त्यो लाहुरेको केम्प-

देखि पावा माइल टाढामा एउटा रक्सीको दोकान छ, साँगुरिएको ठाँउमा । गम पाउनेले मात्र नत्र उस्तैले देख्देन पनि । बेलुकीको समय तीं लाहुरेहरू त्यो पसलमा फटाकफुटुक जान्छन्; घेरैवेर पश्चात् फर्कन्छन । किनकि रक्सी बिकाउने प्रमुख साधन मध्ये एउटै कारण थियो । त्यहाँ एउटी पुष्ट शरीर भएकी सोलह सत्रह वर्षकी लाहुरेहरूलाई लोभ्याउने सुन्दरी युवती थी । उसले दोकान थापेको धेरै भएको थिएन यद्धपि पसलमा ग्राहक आइरहन्थे, विशेष बेलुकीको समय । त्यहाँ रक्सी किन्ने र पिउनेहरूमध्ये कसैले दोकानको पनि फाइदा उठाइराखेर जान्थे त्यही त हो रक्सी दोकानको विशेषता ।

भर्खरै अर्को दल लाहुरेको पशुपतीबाट आएको थियो । त्यो दलमा प्रायः सबै गोर्खालीहरू थिए । नायक अमर दलको टाउके । उ संधै पसल धाउँथ्यो तर मदिरा देखि अलग रहन्थ्यो । साथीहरूले उसलाई पिउने आग्रह गर्थे तर उ प्रतिवाद गर्थ्यो । अमरलाई युवतीको लोभिलो शरीरले लालायित पारिसकेको थियो । युवती मनमनै सोच्थी किन त्यो मान्छे संधै आउँछ तर रक्सी पिउँदैन, हुन सक्छ सीधा-सादा मान्छे होला भन्दा पनि यस्तो पसलमा किन आउँछ भन्ने कतिवटा विचार जन्मिन्थे युवतीको मस्तिष्कमा । तर पनि उसलाई त्यो युवक नायकलाई मन परेकै थियो । नायक आउँथ्यो, रातीमम्म बात मारेर फर्कन्थ्यो दिन बदलँदै गयो, शिशिरको उजाड़पनालाई ढाक्न आरूको स्वेत पुष्पले वसन्त आरम्भ गर्‍यो बतासेमा । यी दुइको बीचमा अनौठो प्रेमको सूत्र कसियो ।

संधै झैं एकदिनको कुरो—अमर रक्सी-पसलमै थियो । उज्यालो फर्किसकेको थियो अन्धकारदेखि डराएर दूरत्वको फेरोमा लम्किसकेथ्यो । पसलमा मधुरता छाइरहेथ्यो ।

"आज त पिउनुहोस् है" युवतीले आग्रह गरी ।

"आदत छैन" अमरले अस्वीकार गर्‍यो ।

"अँहँ पिउनैपर्छ आजको रात" युवतीले जवरजस्ती गर्दै हातमा राखी । अमरले केही संकोच नमानी स्वाट्टै पियो रक्सी ।

"अर्को हाल"

"कल कल कल" आवाज ।

"भयो ?"

"अझै एक" युवतीले हाँस्दै थपिदिई ।

अमर त्यति पिएर रम्भेड़ा जस्तो आँखा लिएर थ्याच्च बस्यो । युवतीले उसलाई उठाएर पलङ्गमा लड़ाइदिई अनि आफूलाई पनि नँग्याउन थाली । युवतीको सबै अंगले अमरलाई प्रतिक्षा गरेको थियो, स्वागत गरेको थियो । जबकि मध्य रातका तारा-हरू पनि भयावह रातदेखि डराएर रोइरहेका थिए अनि केवल बाहिर चलेको मधुर वायुले भयालबाट छिरेर चिहाए जस्तो हुन्थ्यो । मानो दुइ युगल प्रेमीको मनोरंजक प्रेम-क्रीडा आनन्ददायक भान हुन्थ्यो । कहिले त्यहाँबाट केही च्यातिएको आवाज आउँथ्यो अनि कहिले सुँकसुँकाएको नारीको करुण रोदन; फेरि कहिले द्रुत गतिमा

चलेको श्वास-प्रवास स्पष्ट हुन्थ्यो । दुवैले एकाअर्कालाई निलिसकेका थिए । एकक्षणमा अर्को हुरि आयो कोठाको वातावरण बद्-लियो जबकि तारा अस्ताइसकेथ्यो । सबै-तिर मौनता छायो । अमर केही चिसो हुँदै गयो । उसले युवतीलाई बन्धनबाट बल-जोर छुटयायो ।

"कति भयो यो दोकान राखेको ? घर कहाँ छ ?" अमरले अचानक प्रश्न गऱ्यो । "यसको एउटा दीर्घ कहानी छ दुःखमय । मेरो विगत स्थिति सुनेर सायद तपाईं रुनु हुनेछ, मेरो न घर छ न आफन्त नै, मेरो आफ्नो भन्नु नै यही दोकान" युवतीले अँध्यारो मुहार पारेर मर्माहित हुँदै भनी । युवतीले पुनः रोकेको वाक्यलाई पूर्ण गर्दै भन्न थाली । उ भन्दै थी अमर सुन्दै थियो ।

"यसरी नै एकतिर म बेपत्ता भएँ अर्कोतिर दाज्यू लापत्ता भयो ।

"मलाई एकजनो औरतले समातेर उस-को घर लगी । म औंधि रोएँ किनकि दाज्यू हराएकोमा रातभर रोएँ, कति दिन भात खाइनँ । म दाज्यूको नाम जान्दिनँ, तैपनि उसको नारीमा हेरेर चिन्न सक्छु, उसको नाम लेखेको छ त्यहाँ ।"

अमरका नयनमा आँसुका बलिन्द्र दाना खस्न लागे ।

"किन रुनु भो, कतै मेरा दाज्यूलाई देख्नु भएको छ ?" युवतीले सोधी । "अँहँ देखेको छैन" आँसु पुछ्दै अमरले भन्यो । उ भन्दै गई "त्यो घरमा नौ वर्ष नानी हेर्दै बसें । मलाई दाज्यूको यादले साह्रै सताउँछ, कहाँ छ, छ या मऱ्यो केही पत्तो छैन, त्यहाँदेखि मलाई यहाँ ल्याएर दोकान थापी राखेर उनीहरू उही रम्फुमा गए । यो दोकान थापेर बसेको तीन वर्ष भयो ।" भनेर उ त्यहाँबाट उठी र खिड़की लगाउन गई । अमरले पिठ्यूँको भाग देख्यो; फेरि अनायस आफ्नो नाड़ीमा हेऱ्यो । उसको शरीर काम्न थाल्यो, रिंगटा छुट्यो र भयभीत भई चालै नपाई भाग्यो । अमर अल्पियो । ठण्डा समीर बहिरहेथ्यो, किराका कि...रि...रि आवाजले मात्र शून्य-तालाई भंग गर्थ्यो । पुर्व आकाशमा उषाको लाली चढ़को थिएन । अन्धकारमै अमर बिलिन भयो—फेरि नआउने गरी कहिल्यै ।

बतासे बस्तीमा फेरि सनसनी फैलियो होहल्ला फिजियो, नायक अमरले आत्महत्या गऱ्यो भनेर । सबै लाहुरेको अड्डामा मृत अमरलाई हेर्न गए तर अघि नै रेड क्रसले उसलाई दार्जीलिङ्ग सरकारी अस्पताल पुऱ्याइसकेथ्यो पोस्ट मोर्टम गर्नलाई । यस्तै-मा छरपस्ट केश राशी लथालिङ्ग वस्त्रमा एक युवती भीड़लाई पन्छाउँदै मृतदेहमा पुगी हतारिँदै । मृत देहको शरीर नाङ्गो बनाएको थियो पोस्ट मोर्टमलाई अनि उसले निष्प्राण नाड़ीमा फेरि उही शब्द देखी "अमर" । युवती एकासि चिच्याई "दाज्यू !" दाज्यू !!"

उ धेरै बोल्न सकिन र त्यही अमर-को मृतआत्मा माथि घोप्टो परी । उसको पनि श्वास-प्रवासको स्पन्दन बन्द भइ-सकेको थियो, उ पनि त्यही मिलिसकेकी थी । सब मानिसहरूले त्यहाँ हेराहेर गरे, डाक्टर मौन रहे ।

ठण्डा हावा चलिरहेको थियो ।

स्मृति : एउटा पेन्टिङ

रामकुमार सुनाम,
एघारौं श्रेणी (कला)

मेरो व्यस्त आँलाहरू कुदिरहेछन्—'क्यानभसमा'। हृदयमा थुप्रै-थुप्रै रेखाहरू दौड़िदैछ कहिले डकालो, कहिले ओह्रालो, कहिले ठाड़ो, कहिले तेर्सो—गोरेटो बन्दै...नागबेली हुँदै..... ब्रुसले रङ्ग पोखाउँदैछ—नीलो, सेतो, रातो, पहेंलो, बैजनी आदि आदि। अपूर्ण क्यानभसमा पूर्णता छाउँदछ मानो नव-दुलही विभिन्न आभुषण-हरूले सुसज्जित हुँदैछे। 'अन्तिम स्पर्श' साथै मेरो व्यस्त हात रोकिन्छ। अहिले मेरा आँखाहरूले निहारिरहेछ—आफैले निर्माण गरेको त्यो आधुनिक चित्रकलालाई। म देख्छु—धेरै धेरै...रेखाहरूको परिधिभित्र एउटा चिर-परिचित मुहारले मलाई चिन्हाइरहेको। म झस्किन्छु—छक्क पर्छु—निराश हुन्छु। मेरो यो चित्रमा 'कला' चित्रित पाउँछु म। उसको त्यो हेराईमा मलाई डर लागेको अनुभव गर्छु म। म आफैलाई कुर्सीमा फ्याँकिदिन्छु—बोझा बनेर। अनि सिगरेटको रूमलिएको धूवाँ संगसंगै रूमलिन्छु आफूलाई विचारभरी पोखाएर। शीर्षक के राखूं? कला?—म सोच्छु। सोचाइको गहिराइमा नै म अतीत खोतल्न पुग्छु सागरको गहिराइमा म अनमोल मोती खोतल्न पुगे झैं...। भावनाको जागृतिमा स्मृति जन्मिएर मेरो नयन अघि फ..र...र...पल्टिन्छ उपन्यासको पाता झैं...।

* * *

'कला' मेरो एउटा पूर्ण चित्रको शीर्षक थियो। चित्रमा एउटी नवयुवती चित्रित थिई। उ मेरो भावनाको उपज थिई.....एउटा कोरा कल्पना थिई। तर पनिकिन हो मलाई त्यो चित्रमा अस्तित्वको बोध प्रतीत हुन्थ्यो। मलाई लाग्थ्यो 'कला' कहीं न कहीं अवश्य हुनुपर्छ। किन हो एउटा भ्रम भनौं विश्वासले ममा बास लिएको थियो कि 'कला' सँग मेरो एउटा आत्मीय सम्बन्ध हुनुपर्छ—शायद पूर्व जन्ममा र त म त्यो चित्रसँग आत्मीय भएछु.....प्रेम गर्न लागेछु। त्यही विश्वास कै आधारमा मैले कति पल्ट कति मुहारबिन्दहरूमा 'कला' लाई खोजेको थिएँ। अन्त्यमा एक दिन मैले साँच्चै नै उसलाई पाएँ। हो, उ 'कला' कै प्रतिरूप थिई भनौं 'कला' नै थिई। 'गीता' उसको वास्तविक नाम थियो तर मैले उसलाई 'कला' कै माध्यममा चिनें, जानें अनि मानें। उ दार्जीलिङबाट यहाँ आएकी थिई—'गुरु-तालिम' गर्नलाई। म उ प्रति आकर्षित हुनथालें। पछि पछि उसले पनि यो कुरोलाई अनुभव गर्न थालेकी थिई। त्यसैले उसको मुस्कानले मलाई स्वागतको फूल छरिदिने गरेको थियो मानो म पूजित वस्तु हूँ। समयले पाइला साँदै गयो। हामी एक हुँदै गयौं। हाम्रो प्रेमको कथा गौरीपुरको प्रत्येक फूल-बुट्टालेसम्म जानेका थिए। त्यहाँको नीरस वातावरण हाम्रो उपस्थितिले प्रफुल्लित हुन्थ्यो। अब हामी एका-अर्का बिना बाँच्न नसक्ने भएका थियौं। हो, उ यसरी मेरो जीवन भएकी थिई अनि म उसको। तर अनायसनै सितारको तार चट्ट चुड़िँए झैं दुइ वर्षको अवधि चुँड़ियो—उसको तालिम सकियो। उ घर फर्किने—दार्जीलिङ। मैले उसलाई भारी हृदयले बिदा दिएँ, साथै मेरो कलाकृति (चित्र) 'कला' उसलाई समर्पण गरिदिएँ—'स्मृति-चिन्ह' भनेर। अझ एक वर्षको अवधि बित्यो एक युग बनेर। यस बीच कलाको कति मायालु पत्रहरू आयो—मेरो

प्रेरणा बनेर । विशेषतः उसका पत्रहरूमा एउटा अनुरोध हुन्थ्यो—दार्जीलिङ आउने आह्वान । तर मैले एकै पल्ट पनि दार्जीलिङ जाने अवसर पाइनँ, अवकाश नै पाइनँ । परिस्थितिका जालोभित्र मलाई अल्झाइदियो – म अल्झिएँ—विवश भई फेरि मैले आफूलाई रङ्गमा डुबाइदिएँ—ब्रुसमा पोखाइदिएँ अनि क्यानभसमा जन्माइदिएँ—मेरो वियोगको पीड़ालाई यी रूपहरूमा—'विरह-व्यथा' 'विद्रोही-आँसु', 'विरही-साँझ', 'विद्रोह-बोल्छ', 'पतझड़,' 'चिता', आदि, आदि । यी बीच कलाको अझ कतिवटा पत्रहरू आयो मायाभरी सौगात लिएर । विवशता पोखाएर मैले उसलाई पत्रोत्तरहरू लेखें । क्रम चलिरह्यो। समय बित्दै गयो...अनि बित्दै गयो । अब त कलाकोबाट पत्र पनि आउन छोड्यो । म निराश हुन थालें । जलनले भित्र-भित्रै जल्न थालें । सिग्रेटको सहारा लिएँ अझ खाक हुँदै गएँ । अब त ती घटनाहरू अतीत बनेर इतिहासको गर्भमा लुक्न थालें । अनि त 'उ' क्षितिज भई—मेरोलागि । यही बीच मेरा दाज्यूको विवाह दार्जीलिङमा कतै हुने भयो । म हर्षित भएँ दार्जीलिङको नाम सुन्दा । तर अनायसनै हर्षको बाढ़ले हुर्काउँदै मलाई अमर्षको सीमाको क्षेत्रमा पुऱ्यायो । मैले दार्जीलिङ नजाने संकल्प लिएँ । अब मलाई कलादेखि घृणा लागिसकेको थियो । म उसलाई बिर्सन चाहन्थे । दाज्यूको विवाह सम्पन्न भयो । भाउज्यू आइन् घरमा सबैलाई खुशी तुल्याएर, घरै उज्याल्लो बनाएर—एउटा दीप बनी। अनि मेरो नैराश्यपूर्ण जीवनमा पतझड़ ल्याएर...यो मरुतुल्य जीवनमा हुरी ल्याएर..., मेरो जीवनको अभिशाप बनेर । त्यो दिन मेरो मन प्राण नै उड़्यो । जीवनमा पहिलो अनि अन्तिम चोटि अनि त सब शेष...।

आज पनि प्रकृति यथावत् छ ! समय त्यसरी नै बितिरहेछ...बितिरहेछ । यो जीवन पनि त्यसरी नै बितिरहेछ.....बितिरहेछ । 'चस्स' सिगरेटले पोल्छ, म झस्किन्छु । अहिले म वर्तमानमा आउँछु । ,बन्द आँखाहरूको एक निमेषभरीको एक युग बितिसकेछ । सिगरेट जलेको जल्यै ठुटे भइसकेछ । म ठुटे सिगरेट सँग अर्को सिग्रेट सल्काउँछु अनि कश तान्छु अनि त फेरि क्यानभसमा नजर दौड़ाउँछु ।

"शशी" अनायसैको सम्बोधनले म आकर्षित हुन्छु । अनि त सम्बोधनकर्तालाई फर्केर हेरि-दिन्छु । हातमा चियाको कप लिएर भाउज्यू उभिइरहेकी हुन्छिन् । म उनको हातबाट चिया लिएर पिउन लाग्छु ।

"शशी, तिम्रो चित्र पूर्ण भयो त ?" प्रश्न साथै उनी क्यानभसमा नजर पुऱ्याउँछिन् ।

"अधुरै छ—शीर्षक बिहीन ।" म उनलाई नहेरी छोटो उत्तर दिन्छु ।

"के रचेका छौ त शीर्षक ?"

"दुइवटा शीर्षकले मनमा द्वन्द्व मचाइरहेको छ—एउटा 'कला' र अर्को 'स्मृति' ।"

"....."

"भाउज्यू, तपाईंको नजरमा कुनचाहिँ असल अथवा उचित ठहर्ला ।"

"....होइन...होइन...'स्मृति' ठीक छ ।" हड़बड़ाउँदै उनी बोलिन् ।

"धन्यवाद, भाउज्यू ।" अहिले म क्यान-भसमा चित्रको माथि रातो रङ्गले शीर्षक कोरि दिन्छु—"स्मृति" । अनायसनै म बोलिदिन्छु—

"भाउज्यू, एउटा निवेदन—तपाईंले मलाई "शशी" सम्बोधन नगर्नु होस् ल...।"

"किन...?"

"किन भन्नु र, मलाई मन पर्दैन त्यसैले ।" अन्तर व्यथालाई मिचेर म बोलिदिन्छु ।

"शशी, मलाई थाहा छ तिमीले किन यसो भन्यौ । मलाई तिमी घृणा गर्छौं...। तिमीले मलाई 'तपाईं-तपाईं'-को रट लगाएर मप्रति श्रद्धा देखाउन खोज्छौ । तर....तर...म जान्दछु शशी, त्यो तिमीले मलाई अवहेलना गरेको हो..... । पराया...को...हो...? को...हो ? संझेको हो । म मान्छु शशी, तिम्रो हृदयमा चोट लागेको छ । तर त्यस्तै चोट मेरो हृदयमा पनि लागेको छ । तर तिमीले कहिल्यै मलाई बुझिदिने... संझिदिने चेष्टा गरेनौं । .....परिस्थितिले म तिम्रो भाउज्यू भएँ...तिमीलाई प्रेम गर्ने अधिकार अब मेरो छैन...शशी, मेरो भन्ने अधिकार पनि छैन तर...आफ्नो संझने अधिकार छ...। के तिमी त्यो अधिकार पनि गुमाउन चाहन्छौ...? शशी...भन...शशी ।" अश्रु मिश्रित स्वरमा उनी एकै श्वासमा बोलिरहिछन् । हृदयका ती अथाह व्यथा बलिन्द्रै आँसुको धारा बनेर उनको गालाबाट बहँदै भुइँमा थोपा....थोपा... बर्षिन लाग्छ ।

"....." म मूक भइदिन्छु । मेरो शिर नत हुन्छ ।

"शशी,...मलाई जवाब चाहिन्छ ।" यति भनी उनी सुकसुकाउँदै हुरिएर बाहिरिन्छिन् । अहिले मेरो नयनहरूमा कता-कताबाट आँसु ढल्पलाउन लागेको छ । मौन आँसुले बोलिदिन्छ—"कला, मलाई माफ गरी देऊ ।"

अनायसनै मेरो अश्रुमिश्रित नयन त्यो स्थानमा परिदिन्छ जहाँ 'कला' उर्फ...मेरी भाउज्यूको छरिएको आँसुका ती थोपा-थोपाहरूले बिजयी मुस्कानसाथ मलाई हेरिरहेको हुन्छ—एउटा विजयी प्रतिद्वन्दीले अर्को हारेको प्रतिद्वन्दीलाई निहारे झैं...। म नयन उठाएर क्यानभसमा हेरिदिन्छु—"स्मृति !"

अन्तर त्यो आत्मा, छ तिम्रै साथमा

मणि कुमार तिमसिना,
एघारौं श्रेणी (कला)

जहाँ गए पनि एउटै हो दृश्य, बुझ्न नेपाली,
हेरेर तिमी अमाइ बड़, सम्झेर पछाड़ी ।
जहाँ गए पनि पाउँदैछौ त्यही, मकै-मास-भटमास,
छोड़ेर ठाउँ फेरेर गाउँ, न त्याऊ मनमा बास ।
गएका छोड़ी ती दीव्य बचन, पूर्वकाल पुरुषले,
नदिई त्यो छोप्न, होसियारी राख, भावना कूरूपले ।
आकाशका तारा चम्किला देखी, नभन छि; यो गाउँ
बनाई मित्र पस्न दी मित्र, नदेऊ खेल्न दाऊ ।
अन्तर त्यो आत्मा, छ तिम्रै साथमा, स्वयंलाई अंगाले,
मात्रै छ तिम्रो भूभागमा सिक्नु, भाव-संग सम्भाल्ने ।

हँस्यौली

सकंलनकर्त्ता—राम कुमार सुनाम,
एघारौं श्रेणी 'कला'

मध्यरातको समय छ । आँधी-बतास चलिरहेछ । लोग्ने मुरिभुस सुतिरहेछ, स्वास्नी को आँखामा निद्रा छैन । छटपट ..छटपट... त्यही माथि पैरोको डर । उ लोग्नेलाई उठाउँछे "औ...औ...उठ त । कस्तो हौ तिमी त, सुंगुर जस्तो सुतेको...। हेर... त... घर नै हल्लिरहेछ ।"

लोग्ने (अर्द्ध निद्रित अवस्थामैं)—"हन के भो त...सुत न सुत...तिमी चूपचाप। किरायको घर त हो...हाम्रो थोरै हो । होस् न होस् ..लड़े पनि लड़ोस्...सुत ।"

\+ + +

एउटा केटा—"हाम्रो बाबु त भयङ्कर पौरी पो खेल्छ त है । तीन दिन सम्म पौरी खेलेर उनी आज आएका छन् ।"

अर्को केटा—"ए हाम्रो बाबु जति त छैन रहेछ नी । हाम्रो बाबु त पौरी खेल्नु गएको दश वर्ष भइसक्यो अझै फर्केर आएका छैनन् ।"

\+ + +

चार पन्नाको निबन्ध लेख्नु थियो अनि निबन्धको बिषय थियो—"आलस्य के हो ?" । एउटा अल्छे विद्यार्थीले तीनै पन्ना खालि छोड़ेर चौथो पन्नाको अन्तिम लाइन-मा लेख्यो—"आलस्य यही हो ।"

\+ + +

'मोटर स्टयाण्ड' बाट एउटा गाड़ी प्रस्थान गर्छ । एउटा बेसी बोल्ने मान्छेले नौ माइल सम्म पुग्दा नै बेसी बोलेर सबैलाई थाक्क पार्छ । अर्को गम्भीर प्रवृत्तिको मान्छेलाई साह्रो रिस उठ्छ र कराउँछ—"ए, बजिया बेसी पेर...पेर...नबोल है अहिले एक झापट दिएर टिस्टा पुर्याइ-दिऊँला ।" बेसी बोल्ने मान्छे—"ए, अलि बिस्तारो हिर्काऊ है मलाई त सात माइल मैं उत्रनु छ ।"

\+ + +

पिक्चर हुँदा हुँदै एकासि हलमा 'लाइट अन' हुन्छ । सबै अवाक् । तर कसैले केही भन्न नपाउँदै ओपरेटरको आवाज आउँछ—"यहाँ एकजना महानुभाव आइनुभएको छ अनि उहाँ भन्नुहुन्छ उहाँकी श्रीमती कुनै पराया पुरुष संग यहाँ पिक्चर हेर्दै हुनु हुन्छ अरे । सो उहाँ चाहनु हुन्छ कि उहाँकी श्रीमतीज्यू इज्जत साथ यहाँबाट उठेर घरतिर प्रस्थान गरिदिनु अरे । लौ त उहाँकी श्रीमतीज्यू को हुनु हुन्छ, म उहाँको इज्जत राखिदिनलाई दुइ मिनट 'लाइट अफ' गरिदिन्छु, त्यतिन्जेल सुटुक्कै निस्केर जाइदिनु होला । धन्यवाद.....।" 'लाइट अफ' हुन्छ । दुइ मिनट पश्चात् फेरि 'लाइट अन' हुन्छ । हलमा जति जना स्त्रीहरू थिए सबै अन्तर्धान भइ सकेका थिए ।

\+ + +

एउटा रेलमा दुइ जना धूतहरू बिना टिकट सफर गर्छन् । केही क्षणमा टिकट चेकर टिकट चेक गर्दै आउँछ । ती दुइको छेउमा आइपुग्दा एउटाले हतार हतार गोजीबाट एउटा २० पैसे टिकट निकालेर निधारमा टाँस्छ । अर्कोले पनि त्यसको देखासिकी गरी गोजी खोतल्छ तर २० पैसे टिकट उसकोमा हुँदैन र उ निराश भएर त्यतिकै बस्छ । टिकट चेकर ती दुइको अघि आउँछ ।

टिकट चेकर (पहिलो धूर्त संग)—"टिकट प्लीज ।"

पहिलो धूर्त (निधारमा टाँसेको टिकट देखाउँदै)—"म त चिट्ठी भएर पो जाँदछु ।"

टिकट चेकर (उसलाई छोड़ेर, अर्को धूर्त संग)—"टिकट प्लीज ।"

दोस्रो धूर्त—"ए...म पनि चिट्ठी न भएर पो जाँदछु—बैराङ्ग... ।"

\+ + +

मणि कुमार तिमसिना,
एघारौं श्रेणी (कला)

छोरा—आमा ! मलाई छ बजे उठाइदेऊ है !
आमा—छः त बज्यो त !
छोरा—उसो भए उठाइदेऊ !

\+ + +

नोकर—अँध्यारोमा मालिकलाई मजाले चुम्बन गर्छ !
मालिक—बजिया, यो के गरेको हँ तैले ?
नोकर—माफ गर्नु होला मत मालिकनी पो भनठानेको ।

\+ + +

श्याम कुमार गजमेर,
आठौं श्रेणी (बी०)

विजय—(बीरेसित)मेरा बाबु सबै भन्दा ठूलो मानिस हुनु हुन्छ ।
उहाँको सामने ठूला मान्छेहरूले पनि टाउको निहुँराउँछन् ।
बीरे—उहाँले के काम गर्नुहुन्छ ?
विजय—इजामको !!

मनुष्यको जन्म; असफलताको खाँबो

सुखमान राई,
दशौं श्रेणी (कला)

(१)

ऐ दुःखी मनुष्य,
जन्म लियौ पल भरमा,
हाँसो र रोदन लिएर,
अर्थ हुन्छ जन्म मरण ॥१॥

(२)

गर्छौं तिमीले कर्तव्य,
तर हुन्छ यहाँ बीच-बीचमा,
कति-कति आशा निराशा,
फल हुन्छ, यहाँ असफलता ॥२॥

(३)

असफलता जिउँछ यहाँ,
केवल ती निराशाभित्र,
हुन्छ निराशाले असफलता,
बितेर जान्छ समय ॥३॥

(४)

अब बोकेर हिंड्दा असफलता,
जहाँ पनि हुन्छ काम अधूरो,
रोएर हुन्न कराएर हुन्न,
समयको मूल्य लगिहाल्यो यसले ॥४॥

(५)

जान्न दिएन, बुझ्न दिएन,
चारैतिर यसले जाल फिँजायो,
हाँस्न र गाउँन दिएन यसले,
सिकायो बस्न निराशाभित्रै ॥५॥

(६)

अब यस्तै रीतको खाँबो बनी,
जिउनु परेको छ यहाँ,
यो मनुष्य चोला,
खाँबो हो यो असफलताको ॥६॥

"खराब संगतले भला चाल चलनलाई बिगार्दछ ।"

—१ कोर० १५:३३

अहिले तिमीहरूलाई दुःख ता हुन्छ; तर म फेरि तिमीहरूलाई हेर्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछ, औ तिमीहरूको आनन्द कसैले तिमीहरूबाट खोस्तैन ।

—बाइबल

उषा छाउन अघि

प्रदीप कुमार लामा,
दशौं श्रेणी (कला)

बिहानको भुकभुके उज्यालोमा तीन-चार जना मानिसहरू यताउता कुदिरहेका छन् । तिनीहरूको यस प्रकारको दौड़ाइमा केही घटना घटेको शंका काट्नु कुनै अनुचित भावना थिएन । एकक्षण पश्चात् सबै मानिसहरू त्यो पीपलको रूख मनि भेला भए । सबै मानिसहरू भय आदिले अत्तालिन थाले, कारण ! त्यहाँ एक आत्महत्या भएको थियो । एक नौजवान युवक भरखर किशोर अवस्थाले छाड़िसकेको । उसले पनि त कति भविष्यको विषनाहरूको कल्पना गरेको थियो तर.....

* * *

दीपक भरखर चार भोटो फटाएको बालक आफ्नो धूनमा आँगन अघि खेलिरहेको छ, केही समय पछि एक सानी बालिका पनि उसको छेउमा आएर खेल्न थाल्छे । यसरी नै यी दुइ बालक-बालिकाहरूले आफ्नो-आफ्नो माया पोखाउँछन्, दीपकले आफ्नो खेल्ने वस्तुहरू उसलाई नै खेल्न दिन्छ । दीपक अलिक पर गएर उसको साथीलाई बोलाइदिन्छ..."कमला ! अब हामी यहाँ खेलौं ल !" साथै कमला पनि त दीपकको छेउमा आई बसिदिन्छे, कति मधुर मिलन दुइ आत्माहरूको, कति मीठो जिन्दगी काँड़ा रहित गुलाबको ।

* *

दिनहरू बितिदिन्छ, रातहरू घटिदिन्छ, महीनाहरू बतिदिन्छ अनगन्ती वर्ष बितिदिन्छ । अब त दुइ आत्मा सानो बालक अवस्थाको याद छोड़ी संझनामा तड़पिदिन्छ । त्यहाँ महल खड़ा हुन्छ, साथै [illegible] पनि त दिन्छ, कस्तो अनौठो सम्झना । यहाँ शीशाको ऐना झैं चकनाचूर भइदिन्छ, दीपकले चाहन्थ्यो कमलाको रूप होइन तर आत्मा तर कमलाले ?

दीपकलाई के थाहा ? यो परिवर्तनशील संसारको विषयमा । तर आज मात्र उसलाई थाह भइरहेछ जबकि उसको सपना कल्पना नै त्यहाँ अनौठो भइदिँदा, उसले चाहन्थ्यो त्यस पवित्र महललाई उसको बासस्थान बनाउन तर उसको भावना, भावना नै रहिदिँदछ, कमलाको विश्वासघातले । अब त उसको प्रेयसी नै उ देखि दूर भइदिएकी छ—उसको जीवनबाट, उसको हृदयबाट । उ सोच्न लाग्दछ अनि त उ दिन प्रतिदिन दुब्लाउन लागिरहेछ । दिननै उसको निम्ति स्वार्थी बनिदिएको छ ।

आज त एक महीना पनि बितिसकेछ । कमलाको घर पनि सजिन लागेछ, नयाँ बसन्तको आगमनले नौलो जीवनको प्रवेशले र त आज त्यस सानो गाउँमा पनि माइकको आवाजले पहाड़-पर्वत थर्काइरहेछ तर दीपकलाई त्यस माइकको आवाजले केही प्रभाव पार्न सकेको छैन । उ सोचि.....रहेछ.....सोचि ..रहेछ... कसैलाई कसैको पर्वाह छैन ।

झमक्क साँझ पर्छ, होहल्ला मच्चिन्छ । विवाह मण्डपमा कमला नववधु भई बसिरहेकी छ । माइकबाट आवाज आउँछ हुनसक्छ शायद लगनको निम्ति पुरोहित पो बोलाएको हो कि...? त्यो सत्य हुन्छ । त्यसै समय पुरोहित बाजे माइकबाट कराइदिन्छन्—"बेहुला-बेहुली मण्डपमा आउनु पर्‍यो ।" बस्, दीपक घरमा बसी अरू केही सुन्न सक्दैन उ झट्ट उठी अंधकारलाई चिरी

बाहिर निस्कन्छ र जिस्तारै अघि बढ्न थाल्छ। उ सीधै एक पीपलको रूखमनि पुगिसक्छ उ त्यस रूखमनि आश्रय लिन पो गएको हो...कि ....? तर.....

बिहानको झुकझुके उज्यालोमा तीन चार मानिसहरू कुदिरहेका छन्, तिनीहरूको यस प्रकारको दौड़ाइमा केही घटना घटेको शंका काट नु कुनै अनुचित भावना थिएन। केही क्षण पश्चात् सबै मानिसहरू एक पीपलको रूख मनि भेला भए, सबै मानिसहरू भय आदिले अत्तालिन थाले कारण त्यहाँ एक नौजवान युवकले आत्म-हत्या गरेको थियो। सबै मानिसहरू मिलेर थानामा रिपोर्ट गरे। अनि पुलिसहरू आएर त्यस झुण्डिएको लाशलाई भूइँमा झारे। यसरी झार्दा एक्कासि त्यस लाशको शरीरबाट एक सेतो लिफाफा झर्‍यो। पुलिस अफिसरले त्यस लिफाफा खोल्यो, त्यस लिफाफामा सुन्दर अक्षरहरूमा कोरिएका शब्दका लहरहरू देखी उ पढ्न लाग्यो.....

कालिम्पोङ

प्यारो कमला...

अशेष सम्झना एवं अटुट प्यार।

सम्झना भन्नु त कति सजिलो छ तर यसलाई अपनाउनु कति गाह्रो ! कमला, मैले त तिमीलाई...स्वच्छ चन्द्रमा सम्झेथें तर..... मैले स्वच्छ चन्द्रमामा भएको कालो दाग देख्न सकिनँ कारण म तिम्रो प्रेममा अन्धा भइसकेको थिएँ ! ठीक छ कमला, म तिम्रो प्रेममा वीषलाई अमृत सम्झेर पिइदिन्छु तर अमृतलाई वीष सम्झेर कदापि पिउन चाहन्नँ। कमला, हेर यस धरतीमा नै त सीता झैं स्त्रीले जन्म लिएर आफ्नो पति भक्ति देखाएकी थिइन्, तर यही धरतीमा नै कसैको प्रेम ऐना झैं झरेर चकनाचूर भइदिन्छ। किन...? किन ?

अँ, अब त तिमी अर्को संसारको हरियाली पाखामा लुकी-चोरी खेल्न पुगिसक्यौ तर म ...। हो कमला, तिमीले ठीकै गर्‍यौ त्यस युवक संग गएर कारण जीवन खुशी संगाल्न हो, हुनसक्छ अब त तिमीले खुशी संगाल्दै हौली तर मेरा यी दुइ नयनमा आँसुको बुँद किन ? अब त तिमी त्यस हरियाली पाखामा खेल्दै हौली तर म...म त्यस उजाड़ पाखादेखि पनि त्यस विशाल मरुभूमिमा पुगिसकेको छु। तिम्रो हर सुख मेरो सुख होस् तर कमला मेरो हर दुःख तिम्रो अतीतको सुख हो यतिमा नै तिम्रो ममता, स्नेह, म प्रति छ। बस्।

उही तिम्रो,
दीप

पुलिस अफिसरले दीपकपट्टि फर्केर हेर्‍यो तर दीपक अनन्तको यात्रा भइसकेको थियो। दीपकको फेरि कहिले बिहानी भएन कारण उ धरतीबाट हिंड़िसकेको थियो उषा छाउन अघि।

एउटा कथा यसरी निस्कन्छ

हरिश मोक्तान,
दशौं श्रेणी (विज्ञान)

हो, प्रकाश, उसको नाम । तर 'उ' नेत्रहीन छ, दशौं श्रेणी पढ्छ । साह्रै मिलनसार । क्रोध देखाउन उसले जानेन । श्रेणीमा सबैको प्यारको पात्र। यसो भनौं—प्रकाश आँखाको तारा । उसको मुहार जहिले पनि उज्यालो—भनौं, घाम अस्ताएन, गुलाफ मुर्झाएन। छल कपट छैन—निस्कलंक छ ।

हिनैंपी प्रकाशको घर छ र पनि छैन । सानैदेखि उ भयो—सानीमाको आँखाको छारो। सानै हुँदा नै उसको पिताले यो कालेबुंग नेत्रहीन पाठशालामा भर्ती गरिदिएको थियो । उसका पिता दोस्रो महासमरको मेजर । सात वसन्त काट्न नपाई उसकी आमाले संसार छोड्नु । मेजर बूढ़ाले फेरि दोस्रो नवदुलही भित्राए । सानीमाको काख भरेपछि प्रकाशको माया आफ्नी छोरीलाई पोखिन । मेजर बूढ़ा कान्छी स्वास्नीको छाँयामा छोरा प्रकाशलाई विर्सन लागे । जब प्रकाश अन्धा हुनुपर्‍यो, तब मेजर बूढ़ाले आधा धनराशी उसको नाममा राखेर नेत्रहीन पाठशालामा भर्ना गरिदिए । अब त, मेजर बूढ़ा पनि यस संसारमा छैनन । सानीमा प्रकाशदेखि पर भइन । प्रकाश भयो —एउटै ठूठो। विशाल धरतीमा भयो—एक्लो ।

आज आइतवार—

प्रकाश अहिले त्यही नेत्रहीन पाठशालाको हरियो [illegible] बसेको छ । हातका औंलाहरू गितारका तारहरूमा लगातार चालिदैछ एउटा हृदयस्पर्शी [illegible]। उसको आँखा किन हो कसरी आँसुको साथ अनुरिएर गालाको वक्ष भरि पोखिन लाग्छ...[illegible] मानो—अतीतका शब्दहरू संगीतसंग दौंजा गर्न खोजे झैं...। औंलाहरू अझै दौड़िरहेछ—बेसुर बेसुर, मानो आज प्रकाश दुःखको बोध गरिरहेछ—शायद एक्लोपन बेरमाइलो लागेर होला...। क्षणभरको निस्ति हातका औंलाहरू रोकिन्छन । उसको दाहिने हात पतलूनको गोजी-भित्र पस्छ—अनि बाहिरिन्छ —एउटा सेतो रूमाल लिएर अनि फेरि रूमाल गालाको वक्षभरी पोतिन्छ—भावनामय आँसुको मोतीहरू टिप्न । प्रकाश केही अस्पष्ट स्वरमा बर्बराउछ—"बाबु ! यदि तपाईंले दोस्रो आमा (सानीमा) विहे न गरेको भए...काश !" उ विस्तारो उठ्छ; उसका पाइलाहरूले उसको आफ्नो कोठातिर डोऱ्याउँदै लान्छ ।

\+ \+ \+

पारि क्षितिजमा सूर्यको रक्त रञ्जित रश्मि सररर . पोतिएर पाखाहरूमा तरल सूत पोखे झैं भयो । रातभर कक्रिएको त्यो सिक्किम, होम्सको डाँड़ा र दूर्वीन डाँड़ाहरू न्यानो, तातोपन पाएर बौरिन लागे । चरा-चुरुङ्गीहरू हर्षोल्लास गान गाउन लागे । कृषक दाज्यू भाइ खेतालो जान तर्खर गर्न लागे । विस्तार-विस्तार सूर्यले आफ्नो मुख फेरिरहेको छ.....आज सोमवार...स्कूले छात्र-छात्राहरू बार-बारती स्कूलतिर आइरहेछन । मेन रोडको अलकत्रे छातिभरि कालो सेतो, हरियो सेतो, नीलै-नीलो, हलका नीलो, खाकी सेतो लगाएको छात्र-छात्राहरू हिँड़िरहेछन—आफ्ना-आफ्ना पाठशालातिर...।

कविता ! कन्या पाठशालाकी छात्र । विज्ञान लिएर पढ़्छे—नवौं श्रेणीमा । सधैं-सधैं कविता, जिज्ञासु आँखा लिएर बाटो छेउको

श्रेणी कोठामा बसेकी हुन्छे—एउटा प्रतिक्षा साँझेर...। कोठाको कोलाहल संग उसकी केही सरोकार छैन । 'उ' त सँधै प्रकाशको सुन्दर मुहार हेर्न उत्सुक रहन्छे । हँसिलो लामो मोहड़ा, सुहाउँदो नाक, वर्ण गोरो। काश...प्रकाशले देख्न सक्ने भए ..! जे होस् उ त्यस्तै के-के सोच्दै जिज्ञासपूर्ण आँखा लिएर पखिबसेकी छे ।

"गुड मोर्निंग प्रकाश !" घुम्ती मनि कसैले, शायद उसको सहपाठीले होला, प्रकाशलाई शुभ-प्रभात जनाइरहेको कविताले सुन्छे । कविताको मुहार उज्यालिन्छ अनि अधरमा फुल्छ गुलाफ । आँखा त्यसै-त्यसै लालायित भएर आउँछ, हृदय पुलकित भएर उठ्छ ।

"मोरनिंग !" प्रकाशको कोमल स्वर बाहिरिन्छ—उत्तर दिन । कवितालाई लाग्छ—अहा ! कति मीठो स्वर ! उसले देख्छे—प्रकाशको हँसिलो, उज्यालो मुहार । दुइ मित्रहरूले प्रकाशलाई दाहिने-देब्रे हातमा सहारा दिई डोहोराई लगेको । कविता मनमा के सोच्छे—खिस्स हाँस्छे; अनि गुनगुनाउन थाल्छे—एउटा वसन्तको हरियालीलाई अंगालेर...। दिन यसरी वित्दै जान्छ—सुलुलुल...। कविता हृदय मित्र-भित्र प्रकाशलाई माया गर्न थालिसकेकी हुन्छे । उ प्रकाशलाई अन्तरबाट ठानिसकेकी हुन्छे—एउटा आराध्य देव । कविता सधैं प्रकाशलाई सम्झन्छे, पाठ्य-पुस्तक पढ्दा पनि उसले देख्छे—प्रकाशको हसिलो मुहार । उ आत्मा विभोर भइसकेकी हुन्छे । कुन्नि किन 'उ' प्रकाशलाई हृदय भित्र भित्रै चाहन लागिसकेको हुन्छे ।

तर काश, कविता !!

कविता, जो एउटा पतझडलाई वसन्त सम्झीसकेकी थिई । कविता जो हाड़ र छाला भएको अस्थिपंजरको अस्तित्वहीन मान्छेलाई उसको मायाको दरवार (हृदय भित्र) भित्र आराध्य देवको स्थान दिइसकेकी थिई । काश, कविताले यो सब बुझिदिने भए ! दिनहुँ, उ प्रकाशको आराधना गर्न थालेकी थिई जिन्दगी साँच्चै नै साह्रै अचम्भको छ, सृष्टिको उत्पत्तिदेखिनै । यस्तै हो—हाँसो-रोदनको बीचमा झेलिएको यो क्षणभंगुर जीवन । काश ! यो जीवन, यो मुटुले एकार्कालाई अनुभव गर्नसक्ने भए । काश ! कविताको मुटुले प्रकाशको हृदयको स्पन्दन जान्न सक्ने भए । रक्तिम कञ्चनजंगाको पृष्ठभूमि साक्षी राखी उसले प्रकाशको भक्ति गरिरही ।

एक दिन—

'स्कूल फाउण्डेशन डे' मा राखिएको दिउँसोको कार्यक्रममा प्रकाशले 'एक प्यार का नगमा है' भन्ने हिन्दी गीतको धून आफ्नो भाइलेनमा बजाएर दर्शकवर्गको सामु पेश गरेको थियो । एक त उ अन्धा त्यही माथि उसको हृदय-स्पर्शी राग !! एउटा अमिट, गहिरो छाप दर्शकवर्गको हृदयमा बसालेको थियो । यति मात्र होइन—अरू दर्शकवर्गमा समावेश भएकी कविता र उसकी साथी कौशल्या त सुकसुकाएका पनि थिए । दर्शकवर्गको दर्दनाक 'वाह-वाह'-ले प्रकाशको प्रशंसा उठाएको थियो । प्रकाश तिनीहरूको प्रशंसाको एउटै पात्र !

एक साँझ—

कविता गुनगुनाउँदै स्वेटर बुनिरहेकी थिई । कौशल्या आइपुगी । कौशल्या उसकी फुपुकी छोरी । उ पनि कविताकै घर-छिमेकी भनौं । कुरै कुरामा ती दुइको मुखमा 'प्रकाश'-को नाम झुण्डियो । कविताले घेरै-घेरै गुनासोहरू पोखी अनि अन्तमा एउटै प्रश्नमा अड़किई—"कौशल्या, प्रकाश दाइ त अन्धा नहुनु पर्ने नि? ..विचारा...!" एकाएक कौशल्या बोली—"नि, हाम्री आमाले

भन्नु भा'को प्रकाश दाज्यूलाई त उसको सानीमाले कुट्दा लड़ाइछ अनि लड्दा खेरी भूईंमा ढुँगामा परेर आँखा बिग्रिएछ। बाबु चाहिँ पेन्सन थाप्न दार्जीलिङ जानु भएको रहेछ र उता संगैको पल्टने साथीहरूले गर्दा दुइचार दिन उतै बसेछ..." कौशल्या केही क्षण रोकिई। "अनि पछि आउँदा त छोरोको आँखा बिग्रिसकेको रहेछ। त्यति बेला, कुनताको, दवाई-पानीको कमजोरी...यहाँको ब्लाइण्ड' स्कूलमा भर्ती गरिदिएछ।" यति कुरा सुनेर प्रकाशको जीवनको छोटो घटना—कविता केही पनि डगमगाइन।

संसार परिवर्तनशील छ। मान्छेले के चिताउँछ अनि के हुन पुग्छ। संसार रहस्यमय छ। यसरी दिन-रातले पल्टा खाँदै यो नश्वर जिन्दगी आजको रमाइलो क्षणहरू भोलिको करालकाल भित्र विलुप्तिन पुग्छ। यसैलाई हामी जीवन भन्न हिचकिचाउदैनौं।

एक बिहान—

कविता, सूर्यले आधि बाटो नाघिसक्दा पनि सुतिरहेकी थिई! आमा आइपुगिन् अनि भनिन्, "कवू उठ् उठ् आठ बजी सक्यो, के विघ्न सुतिबसेकी" भन्दै सिरक तानिदिइन्। बिहानी चिसो सिरेटोको स्पर्श पाउने बितिकै कविता उठी। आमाले पुनः भनिन्—"एइ, सुनिस् अस्ति क्या त एस्० यू० एम्० का भाइलेन बजाउने अन्धा नानी त हिज बेलुकी खसेछ।" यस्तो अशुभ घटना कविताले सुन्न सकिन। उ पल्लो कोठा पुगी अनि त त्यो स्वर्णीम मायाको महलका भग्नाशेष टुक्राहरू बटुल्दै धेरै बेरसम्म रोइरही। शायद, त्यो भत्किएको उसको महलका टुक्राहरूले प्रकाशको छाती भरी-भरी बिछ्याउँदै होला तर दैवको लीला बड़ो विचित्र छ। हिज हाँस्ने, प्रकाश हिजकै करालभित्र एउटा अबलाको करुण पुकार सुन्नु नपाई विलुप्तिएछ...।

केही गर्नु परेको छ

अशेष चन्द्र सुब्बा,
नवौं श्रेणी (विज्ञान)

आँसुले भरिएको जीवनमा
हाँस्न केही परेको छ,
लाखन् काँड़ाले भरिएको पथमा
दुइ पाइलो बढ़ाउनुपरेको छ।

कागजको वक्षभरी
कलमलाई डगुराउनुपरेको छ,
पीर-सताएले जलाए पनि
शान्त भई बाँच्नुपरेको छ।

सत्य, प्रेम र अहिंसाको
पाठ अझै सिकाउनुपरेको छ,
गान्धी, नेहरू बुद्धलाई
फेरि जन्माउनुपरेको छ।

यो धरतीमा बाँचेर
सबैले बुझ्नुपरेको छ,
अनि सभ्यताको शिखरमा पुग्नलाई
केही न केही गर्नुपरेको छ॥

गरीबी एक अभिशाप

सुरज कुमार प्रधान,
एघारौं श्रेणी (कला)

"औ...! औ...!" फूल्मायाले रामलाल-लाई सम्बोधन गरी। "हूँ"...! तन्द्रामा भास्सिएको रामलालको मुखबाट अनायसै लवज निस्कियो।

"हन निदायौ कि क्या हो?" भन्ने प्रश्नले अझ ब्यूँझाइदियो। रामलाल थकित शरीरको जिब्रोले गाह्रो संग सोध्यो—"किन?" "हन अब त चन्द्रले पनि यहाँको स्कूल सक्छ, त्यसर्थ अर्को स्कूल पठाउनुपर्छ, यसो-पैसाको-बन्दवस्त गरिहेरन।"

यो कुरा सुन्नासाथ स्वप्नमा डुबेको रामलाल कल्पनामा डुब्न लाग्यो।

उता चाँहि चन्द्रे आमा र बाबुको त्यस्तो कुरा सुनेर दुःखको ज्वालामा दन्किरहेथ्यो! यही ज्वालादेखि बञ्चित हुनको निम्ति भविष्यको सुखमय जीवनको कल्पनाको महल सृजना गर्दा-गर्दै, चन्द्रे निन्द्रा देवीको काखमा शान्तिको श्वास फेर्न पुग्यो। क्षणभरमै त्यहाँ नीरवताले छायो।

यो निस्तब्धताको छात्तीलाई चिर्दै खोरबाट कौंढ़े भालेको डाकले उषाको संकेत गर्दै राम-लाललाई ब्युँझाइदियो। सिमसारको झार जस्तो बिस्तारै पह्राएको जाड़ोमा मनले मानी-नमानी ओढ़्को पुरानो कम्बललाई फुत्त फ्याँक्यो अनि चूल्हामा आगो सल्काउन थाल्यो। त्यस पछि चिया बसाएर आगो ताप्दै, खरानी खेलाउँदै छोराको पढ़ाइको बिषयमा सोंचिरह्यो। "स्वाँ...ई...ई..." चिया उम्लेर आगोमा परेको आवाज सुन्नसाथ उ...झस्कियो।

चिया बनाउँदै गर्दा फूलमाया र चन्द्रे उठेर आइपुगे अनि सबैजना बसेर चिया पिउन थाले तर रामलाल चाहिँ तातो चियाको ढड़्को धूवाँ संग-संगै मन उढ़ाइरहेको थियो। अनि उसको मन बीरधोजकोमा गएर टक्क अड़ियो, चिया-को अन्तिम घुटको पिएर बीरधोजकोमा जानु पऱ्यो भनेर फुत्त निस्कियो।

× × ×

बाहिर सिकुवामा बसिरहेको बीरधोजले रामललाई एका बिहानै जाड़ोले सिऊ-सिऊ गर्दै आएको देख्यो। रामलाल उसको छेउमा गएर नमस्ते गऱ्यो। बीरधोजले पनि उसको नमस्कारलाई स्वीकार गर्दै उसको छेउमा बस्ने आदेश दियो।

रामलाल बस्ता-नबस्तै बीरधोजले एका बिहानै आउनको कारण सोध्यो। उसले पनि अन्कनाउँदै आफ्नो दुःखलाई पोखायो। केही ऋणको निम्ति निवेदन चढ़ायो। उसको सम्पूर्ण विवरण सुनेर पैसा भएर पनि बीरधोजले ऋण नदिने बिचार प्रकट गऱ्यो।

उसको यस्तो बिचार देखेर रामललले एकक्षण घोरिएर आफ्नोमा भएको पिता-पूर्खाको निशानी सानो खेतलाई मासीकट्टामा लाउने बिचार गऱ्यो, अनि कुरा पनि चलायो। यो कुरा सुनेर बीरधोजको मनले अर्कोपट्टि मोड़ लियो अनि उसले चन्द्रेको एकवर्षको लागि जति लागेको खर्च पेल्ने बिचार गऱ्यो। बीरधोजको यो कुराले उ हर्षित हुँदै घर फर्कियो। भोलिको दिन चन्द्रेको परीक्षाको फल हुने भएको थियो।

× × ×

बिस्तारै भाष्करले लुकी-चोरी खेल्दै पश्चिमको अन्तिम डाँड़ामा पुग्यो । रातीको खाना खाएर दुवैजना बिछ्यौनामा पल्टिएर छोराको स्कूल सम्बन्धी सल्लाह गरेर अन्त्यमा कालिम्पोङ एस्० यू० एम्० आई०-मा पढ़ाउने बिचार गरे ।

पुषको दिन फास-फूस भने झैं जाड़ो तीव्र हुँदै गयो साथै दिन पनि बित्दै गयो । बिस्तारै स्कूलहरू लाग्ने बेला भयो, रामलालले चन्द्रेलाई एस्० यू० एम्०मा नवौं कक्षामा भर्ना गरेर छात्रावासमा राखिदियो । दिन बित्दै गयो अनि छात्रावासमा सबै बिद्यार्थीहरू रंगी-चंगीको चिसो वातावरणमा रूमलिन थाले तर चन्द्रे त्यो वातावरणदेखि पृथक रह्यो । घड़ीको टीक...टीक... आवाजले क्यालेण्डरको प्रत्येक पन्नाहरूलाई अतीत बनाउँदै बार्षिक परीक्षाको संघारमा आइपुग्यो । परीक्षा इतिश्री गरेर उसले ठण्डा महीनाको छुट्टिमा घरको बाटो लियो । समयको घड़ी नढिलो-नछिटो भने झैं बिस्तारै परीक्षा फल हुने बेला भयो, चन्द्रेको मुटु मीनपचासमा कामेको माछा झैं काम्न लाग्यो । दिन-दिनै डाकवालाको निम्ति मुटुको ढुकढुकीले स्वागत गरिरह्यो । एक दिन उ आफ्नो परीक्षाफल बिलम्ब भएको कारण सोधिरहेको थियो, अनावश्यक ढोकाको ढक-ढक आवाजले उ ढोका खोल्नु पुग्यो, अनि त्यहाँ उसले देख्यो डाकवालालाई लामो खागी-रंगे-खाम लिएर उभिएको !

यो देखेर चन्द्रेको हाथ बिजुली जस्तो अघि बढ्यो । भित्र गएर त्यो खाम च्यात्ने साहस बटुल्यो । आज उसलाई यस्तो लागिरहेको थियो कि खाम नच्यातेर आफ्नो छाती च्याती दिनेछ तरै पनि बलैले खाम च्यात्यो अनि हेर्दा त आफ्नो आँखाले धोका दिए झैं लाग्यो । त्यसपछि फेरि आँखा मिचेर हेऱ्यो अनि अब उसलाई बिश्वास लाग्यो उ श्रेणीमा प्रथम भएको थियो । यो कुरा सुनेर माता-पिता बहुतै खुशी भए, तर गरीबीको कारणले यस्तो खुशीयालीको दिन पनि फोस्रो हाँसोको सिवाय अरू केहीले साथ दिएन । यो खुशीको दिन बिरानो हुँदैगयो, फेरि अतीतको घाऊ आलो भएर आयो, अनि एउटै प्रश्न उठ्यो—पैसा कहाँबाट पाउने ? संझदा-संझदै ठण्डा महीनाको छुट्टि पनि बित्यो ।

कठोर परिश्रम र सोचाइले रामलाल-लाई क्षयरोगले समात्यो । घरको परिस्थिति देखेर चन्द्रेले पढ़ाइबाट हात धुएर कामको निम्ति चारैतिर आँखा घुमायो अनि धेरै ठाऊँमा इन्टरभिउ पनि दियो तर आज पैसा भन्ने अर्को डिग्री खोलेको कारणले उसको केही जोर चलेन । उता बाबुको अवस्था प्रतिदिन क्षितिजमा पुगेको घाम झैं हुन थाल्यो । यो देखेर उसलाई बाबुको इलाजको निम्ति पैसाको खाँचो पऱ्यो । जुन चीज चाहिँ उसको निम्ति पानीको थोपा-बाट आकाशमा चढ़नु बराबर थियो । मानिस परिस्थितिको दास हुनाको कारणले, बाबुको ओछ्यान संग मिलदै गएको अवस्था देखेर उसको मन निचोरिएर अमिलो भएर आयो । उसले चोर्न ठोस कदम उठायो । बिस्तारै साँझ पर्दै गयो । सिम्-सिमे पानी परिरहेको थियो अनि झ्याउँकिरीको कर्कश आवाज आइरहेको थियो । लक्ष्यहीन चन्द्रे संघारमा आएर एकक्षण घोरियो । उ हर्कमानको घरतर्फ बढ़्यो ।

त्यहाँ पुगेर मयालबाट भित्र पसेर यता उता आँखा घुमाउँदै अघि बढ़्दा उ एउटा पुरानो टेबलमा ठोकियो...ढ्वाङ्ग ! यो आवाजले घरको समस्त प्राणीलाई ब्यूँझाइ-

दियो । उसले भाग्ने प्रयास गऱ्यो उसको टाउकोमा डण्डा बज्रियो । उ बेहोश भयो। त्यसपछि एकै चोटि उसले आफैलाई जेल-खानाको चारदिवार भित्र पायो। सजाय भयो, दुइ वर्षको कारावास ठहरियो ।

यो खबर सुनेर रामलालको मृत्यु भयो। फूलमाया दुइतिरको शोकले व्याकुल भई । पगली जस्ती भएर यताउती डुल्न थाली । यसरी डुल्दा-डुल्दा एकदिन उ मिलीटेरी गाड़ीको चक्का मनि परेर मरी। जेलखानाको चारदिवारमा जुम्रा र उपियाँको तमाशा हेर्दा हेर्दा उसको दुइ वर्षको अवधि पनि बित्यो। उ छुट्टि पाएर सीधै घरतिर प्रस्थान गऱ्यो तर उसले आफ्नो सानो झुपड़ीमा पाउँछ केवल मुसाको चकचकी र माकुराको जाल मात्र ।

अब चोरको कलंकले गर्दा उसलाई सान्त्वना दर्शाउने अरू कोही थिएन । यस बिषयमा सझँदा-सझँदै उसको शोक निचोरिएर साउने झरी झैं अश्रु बहन लाग्यो। आँसुले धमिलिएको आँखा चारैतिर दौड़ायो। सहाराको निम्ति भारमा झुण्डिएको डोरी सिवाय अरू केही देखेन । अनायसै उसको खुट्टा संग-संगै हाथ अघि बढ्यो, हाथमा डोरी लिएर अन्तिम बिदाई उसले गऱ्यो —डोरीमा झुण्डिएर ।

जीवन

विनोद चन्द्र कोइराला,
एघारौं श्रेणी (कला)

जीवन त हिज आई,
आज बसी,
भोलि त फर्की जाने—
यो एउटा क्षणिक नाटक हो ।
तब त यो जीवन रहँदै
यो मुटुको धड़कन सम्म
यहाँ हामीले केही गरी राखौं
आज भरि हामीले
आँसु र हाँसोलाई स्वागत गरी राखौं
समवेदना र सहानुभूति
यहाँ बाँटी दिऊं,
किनकि भोलि त यो
जीवनको—'अन्त' !

मरो निम्ति त प्रकृति नै प्यारो

सरोज मोक्ताम,
दशौं श्रेणी (विज्ञान)

चाँदीका ती पहाड़मा
भानुको उज्जवल रश्मि
कति मनोहर देखिन्छ
अम्बरका ती ताराहरू
हीरा मोती झैं चम्किदा
कति सौन्दर्य्य झल्कन्छ ।
चूक घोप्टाएको रातमा
खस्दा किरण
कति आकर्षित देखिन्छ ।
निश्चय प्रकृतिले टक्र्याएका
यी गुणहरू
अवर्णनीय छन्—तरै पनि;
तिम्रो निम्ति
विशेषता कुन गुणको छ ?
भानुको ? ताराको ? वा—इन्दुको ?
निश्चय भानुको विशेषता तिम्रो निति वेमूल्य छ;
किनकि—
भानुले तिमीलाई
संसार देखाउँदै भन्छ—यी हेर—
यो संसारमा केहि गरेर मनैहरूकै
नाँउ अमर रहन्छ; अघि बढ़-बढ़दै जाऊ'—
आशिष भानुको रहन्छ ।
होइन, होइन—
मेरो निम्ति त ताराकै विशेषता वेमूल्य छ-
तिमी भनौला; तारालै—
'उ' झै चम्किरहने सदैव
बाटो देखाउँछ; आशिष दि रहन्छ
त्यसो पनि होइन
तिमी भनौला—मेरो निति त
इन्दुनै प्यारो— ।
भानुले गर्मी दिन्छ उज्यालो दिएता पनि,
तारालै ठोक्कर दिन्छ, गहन निशामा चम्किएता पनि,
तर इन्दुले—
दिन्छ ज्योत्सना पनि शितलता पनि
उज्याली पनि सौन्दर्य पनि ।
तर—कसैले मलाई यो प्रश्न गरे
म भन्छु;
मेरो निम्ति त—
यो जम्मै गुणहरू प्रदान गर्ने
प्रकृतिनै प्यारो—प्रकृति प्यारो भएपछि-
उसले प्रदान गरेका
जम्मै गुणनै प्यारो, अति प्यारो ।।



मेरी भान्जी माया

डेनिस कार्थक,
दशौं श्रेणी (कला)

हो त उ मैले बेस्सरी बेस्सरी माया गरेकी भान्जी "कान्छी माया" यस्तै १२ वर्ष उमेर भएकी छे । उसको स्वभाव अरू सँग घेर बोल्दिन सायद मेरी भान्जीलाई भोक लागेको पनि कसैले थाहा पाउँदैन होला । उ मेरै घरको छेउ अलिक पर बस्छे । तर उसलाई अब त मैले मेरै आफ्नी भान्जी बनाएको छु ।

आज पनि बिहान मेरी भान्जी मेरो घरमा आई । मैले भनें—"भान्जी, मेरो कोठा बड़ारी देऊ ल ?" भान्जीले मात्र हुन्छ भनेर टाउको हल्लाएर स्वीकृति दिई । उ कोठा बड़ार्न लागी । एक आईतबार मैले भनें,—"भान्जी मेरो कोठामा एउटा फूलदानी फूल नभरेर रित्तो भएको धेरै दिन भयो, आज फूल भरी देऊ ल ?" उसले फूल ल्याएर भरिदिई । यसरी नै अब त सँधै आइतबार फूल भरिदिन्छे मेरो कोठामा । यसरी नै मेरी भान्जीको कथा बढ़दै जाँदैछ । एक दिन आज भन्दा धेरै वर्ष अघि खसेकी मेरी दिदीकी छोरी "कल्पना"-को चिहान हेर्न मन पछे र म भरिदिन्छु चर्चको ओहालो एक थुङ्गा फूल बोकेर । चिहानमा पुगेर मन मनै भनिदिन्छु—दिदी "कल्पना" तिमी त हामी देखि दूर भयौ तर आज म खुशी छु । किन कि तिमी जस्तै रात्री मैले मेरी भान्जी पाएको छु । [उसको नाउँ हो "माया" र तिम्रोलागि मात्र मैले ईश्वरलाई सम्झना गरिदिएको छु ।

टङ्ग...टङ्ग माथि दुरपीन डाँड़ाको रेशम बारीको घण्टी लाग्छ । म उठ्छु चिहानदेख्ख एउटा कुन्नि कस्तो भावना बोकेर र घर आउँछु । कोठामा हेर्छु आज पनि "मायाले" ताजा-ताजा फूल भरिदिएकी रहीछ । म अलिकति मुस्कुराउँछु र कविता कोर्ने मन गर्छु—र त लेख्ने दिन्छु—

"माया" तिमीले "मामालाई" माया गरेर भरेको फूलले,
मैले मेरो अतीतको एउटा पीर भूलेको छु ।
मेरी दिदी "कल्पना" हामीदेखि दूर भएता पनि
आज साक्षात् रूपमा कल्पना जस्तो भान्जी मैले
तिमीलाई पाएको छु ।

सुकर्म : एउटा सत्य

जिवेन्द्र कुमार राई,
एघारौं श्रेणी (कला)

तिमी नबाँच आफ्नो निम्ती,
बरू बाँच अरूको निम्ती,
कति मरेर बाँची रहेछन्,
कति बाँचेर मरी रहेछन् !!

यो जीवन हाम्रो मरेर बाँच्नु,
बाँचेर दुइ चार सुकर्म गर्नु,
सुकर्म सधै बाँची रहन्छ,
कूकर्म मात्र बिलीन हुन्छ !!

म यहाँ भन्छु सुकर्म गर,
कूकर्म देखि सधै डर,
कूकर्म झूटो सुकर्म सत्य,
यसैकारण गर सुकर्म नित्य !!

उज्ज्वल भविष्य, चम्किलो बन्छ,
सुकर्म 'सत्य' सदा अपनाए,
धनी र नामी, ज्ञानी र महान्,
बनी रहन्छौं, भविष्य बनाए !!

एक झल्को बसन्तको

हिसे वाङ्केल भोटिया,
दशौं श्रेणी (कला)

बसन्तको स्वागत गरी,
कोपिला फुल्छ आज यहाँ !!
स्वर्ण किरण गगनै भरी
तेसाँई भानु मुस्काउँछ यहाँ !!

हंसिलो मुहार प्रकृतिको,
देख्दा आज देशमा ।।
प्यारो बसन्त आएको
रंगी र चंगी भेषमा ।।

फूलको रस टिप्नलाई,
भंवराले गीत गाएको ।।
मन हर्षित गराई,
बसन्त ऋतु छाएको ।।

बसन्त ऋतुको हंसिलो मुस्कान,
पहाड़ै भरी छाएको ।।
हरियो वृक्ष सुन्दर बन
चरीले प्रीति गाँसेको ।।

स्वागत गर्न वृक्ष लता,
ओढ़्छन् घुम्टो फूलै सरी ।।
बसन्त आए यता–उता,
हर्षित मन मानव भरी ।।

धेरै फुले फूल यहाँ,
कति फूल झरे पनि ।।
अझ छन् कोपिला बोटमा
फुल्ने छ भोली त्यो पनि ।।

फुलेको फूल झरी गो,
कसले पो मन्दिरमा चढ़ाउँछ ।।
हिजको ममता तोड़ी यो,
कसले पो सम्झना गराउँछ ।।

मेरा प्रतिरोधहरू

रबिन सुब्बा,
एघारौं श्रेणी (कला)

हिज तिमीले बटुली राखेको
त्यो पोखरी भरी पोखिएका
मोतीका दाना जस्तै टल्कने
मेरो प्रतिविम्ब टालिएका
झरीको थुप्रै थुप्रै दानाहरू
र,
मेरो मुटुले छोएको असंख्य जलनहरूसित
आज यदि तिमीलाई,
एकदमै डर लाग्छ भने
यो मेरो बन्दना तिमीलाई !
यो मायाहरूदेखि पनि डराएर बस
स्वयं म तिमीलाई टाढ़ैबाट नियालिदिन्छु
बस् अनभिज्ञ बनिदिएर लुक
यहाँ तिमी
स्वर्गका सुखहरू
रमाईला साँझहरू
व्यर्थमा नखोज
अहिले मेरो छातीले जन्माउन आंटका यी
प्रतिक्रियाहरू
प्रतिशोधहरू
आन्दोलनहरू
सायद केवल अर्थ हीन अभिव्यक्ति बन्न खोज्लान्
त्यसैले म भनिदिन्छु
मौनता भंग गर्दै-सँधै सधैं
यो ! मेरो बन्दना तिमीलाई !
अब यसरी फेरि फेरि
कन्याउन नआऊ मलाई
सताउन नआऊ....,
होस् तिम्रा ती
कृत्रिम प्रणयहरू
सागरको पानी जस्तै
सस्ता आँसुहरू
सस्ता मायाहरू ।

Sri K. C. Gupta (Teacher in charge of Physics) explaining how the problem of water-supply at Kalimpong could be solved.

'Birds' eye-view of a long queue !
(Students from other Schools at the Exhibition, 1973.)

Shri Siddhartha Shanker Ray, the Chief Minister, welcomed by the students & staff on his arrival on 15th May, 1973.

Students' jovial 'Thank you' to their Chief Minister.

सुमाइट

आलोचना

स्वर्गीय श्री एस० बी० डी० राई, एम० ए०
(शिक्षक)

कोही कोही भावुक बनी
लेख्छन् गद्य पद्य पनि,
किशोरावस्थाको भ्रममा परी,
बोल्छन् लेख्छन् सिल्ली सरी ॥

गद्य र पद्यले खने प्रेरणा,
पाउँदछ किशोर स्नेहको फेरमा;
न बुझी स्नेह बन्दछ किशोर,
पागल सरी आत्म-विभोर ॥

किशोर देख्छन् किशोरीलाई झलक्क,
दिनले होइन, केवल बढ़ेको हलक्क;
मुसुक्क हाँसे हुन्छन् फुरुक्क,
बा'ले थाहा पाए पर्नेछ हुरुक्क ॥

आधुनिक किशोर-किशोरी प्रति,
प्रथम भेटमें देखाउँछ मस्त गति;
छैन डर समाजको, छैन लाज रत्ति ।
गर्दैन विचार, गर्नुपर्ने अत्ति ॥

देखाउँछ ढाँचा हिमालय ढाल्ने,
सिंह र हात्ती सहजै पाल्ने;
लगाउँछ धाक चन्द्रमा झार्ने,
बुत्ता छैन, वास्तविक फिट्टा मार्ने ॥

जीवन-यात्रा, भीषण संग्राम जानी,
बुझ्नु, सिक्नु, हिंड्नु धन्दा मानी ॥
शारीरिक मानसिक खप्नु छ अति पीर ।
न राम-राज्य छ, न त सँधै खीर ॥

प्रकृति हेरी, सिकेर लिनु वेस,
हुँड़े मस्त-राम भई, लाग्छ गजबको ठेस,
तन, मन, धनलाई सिक्ने तर्ने छ पार,
न बुझने हृदय पर्ने छ लम्पसार ॥

हे युवक ! तिमी बस खूब धैर्य धरेर,
पर्ख समय र मौका पलेटी कसेर;
कान ठाड़ो पारी खोलेर आँखा होऊ तयार,
आउँछ अवसर तिमीलाई खोज्दै गर्नलाई पिधार ॥

मान वा नमान तिमी मानव जातले,
दिनै पर्छ प्रकृति नियम कोई सुरतले;
काल नआए सम्म "मेरो मित्र" भन्नेछन् सबले,
काल आए पछि सबैले भन्छन् "तर्साउँछ त्यसले ।"

जगको नियम हल गर्नै पर्छ, उदर पूर्ति-समस्या,
ओड़ारमा बसी भरिन्न पेट, गरेर तपस्या;
खियाउँनु पर्छ दशवटा नँग्रा, जगको रीत,
बिछोड़मा वेदना—मिलनमा गाइन्छ गीत ॥

प्रकृति दिन्छन् पक्षीलाई फलफूलको रूख,
भरिन्न पेट पक्षीको नपुराए फलसम्म मुख;
भालिको सोंच यसैले गर्छ आज मानव,
होश होइन केवल जोशले बन्दछ दानव ॥

यही हो जगको रीत हे मनुष्य चोला,
विचार्छ सुबुद्धिले, न बुझ्ने को होला ?
गर्छ जसले सामना, जीवनको आह्वान,
जिती संग्राम बन्छ, त्यो व्यक्ति महान् ॥

মুম্বাইট—১৯৭৩

রাম রাম গুপ্তে

মণি কুমার ছেত্রী
ষষ্ঠ শ্রেণী 'ক' বিভাগ

চেনো সবে ? নাম তার রাম রাম গুপ্তে
ভারতীয় সব কটা ভাষা যার রপ্তে।
চৌমাথা বেদীটাতে, প্রায় প্রতি হাটবার
সদ্ গুরু উপদেশ দিতে মেলে দেখা তার।

সাত রঙা পাগরীটি মস্তক জুড়ে সেই
বেশ বাসে মহাদেও, সাপ আর জটা নেই।
অনুখণ আছে শুধু গালি আর অভিশাপ
অনাচার, অবিচার চারিদিকে শুধু পাপ।

পাপে ভরা দুনিয়াটা ভরি দিতে পুণ্যে
গুপ্তেজী সারাখণ ফেরে হয়ে হন্যে।
বলে সবে ডেকে হেঁকে, 'ছোড় দেকে ধাম কাম
ভজ্ বেটা পাপী সব! পুকারকে মেরে নাম।'

পথ চলা ছেলে বুড়ো যত পাপী অভাজন
মজা পেয়ে মজা ক'রে ডেকে আনে অঘটন।
যবে কেউ মজা পেতে, দেয় তাকে রাগিয়ে
অমনি সে দুই হাতে লাঠিটাকে বাগিয়ে
দেবে যেন পৃথিবীটা রসাতলে লুপ্তে ;
আমাদের গুপ্তেজী রাম রাম গুপ্তে।

কালিমপঙে ১৫ই আগষ্ট

শ্রীদেবাশীষ দে
সপ্তম শ্রেণী

কালিমপঙে ১৫ই আগষ্ট ভারত খ্যাত। এত সমারোহপূর্ণ একদিনের উৎসব আর কোথাও হয় না। পাহাড়ের উপত্যকায়, ছোট্ট সহরের ঠিক বুকটিতে 'মেলা গ্রাউণ্ড' ময়দান। দৈর্ঘ্যে ১৪০ মিটার ও প্রস্থে ৭০ মিটার আয়তনের এই গ্রাউণ্ড, ১৫ই আগষ্ট ধারণ করে ৪০ থেকে ৫০ হাজার লোকের ভিড়। আর সে কি বিচিত্র রঙের বাহার, রঙের ইন্দ্রধনু রূপ ধারণ করে এই দিনটিতে কালিমপঙের 'মেলা গ্রাউণ্ড'।

সকাল ৮-৩০ মিনিটে আমাদের ইস্কুলের পতাকা উত্তোলন করা হলো আমাদের প্রধান অধ্যাপক দ্বারা। আমরা সকল শ্রেণীর ছাত্র সমবেত হয়ে 'জন গণ মন অধিনায়ক' জাতীয় সঙ্গীত গেয়ে ইস্কুলের পতাকা উত্তোলন সমাপন করলাম এবং সাথে সাথে এন, সি, সি ক্যাডেটদের পিছনে লাইন ধরে মার্চ পাষ্টে যোগ দিলাম মেলা গ্রাউণ্ডের উদ্দেশ্যে। সেখানে পূর্ব্বে থেকেই আমাদের ইস্কুলের স্থান নির্দিষ্ট ছিল— আমরা সেখানে গিয়ে সারি বদ্ধ ভাবে দাঁড়ালাম।

এ বছরকার মার্চ পাষ্টে আমাদের ইস্কুলের তরফ থেকে একটি অভিনব ধরণের মার্চপাষ্ট তৈয়ারী করা হয়েছিল 'আন্তর্জাতীয় মার্চ পাষ্ট' মানে ভারতীয় বিভিন্ন প্রাদেশিক বেশে বাসে (ভুটানী, নেপালী, মাড়োয়ারী;

আদিবাসী, বিহারী, লেপচা, ডুকপা, মুসলমান, বাঙ্গালী ইত্যাদি) বেশ ভূষায় সজ্জিত একটি আন্তর্জাতীয় মার্চ পাষ্ট দল। এরা সবাই সবার সঙ্গে পা মিলিয়ে যখন গ্রাউণ্ডের উদ্দেশ্যে যাচ্ছিল, তখন রাস্তার সমগ্র জনতা আনন্দে হাততালি দিয়ে তাদের উৎসাহ দানে আপ্যায়ন করছিল। এখানে জনগণ জানেন যে, এস, য়ু, এম, আই সদাই নব উদ্ভাবন কল্পে অগ্রণী। তাই এই বছরকার এই অভিনব মার্চ পাষ্ট দেখে বিপুল জনতা তাদেরকে অভিনন্দন জানালো।

এই বছরকার ১৫ই আগষ্ট আর এক দিক থেকে বিশেষ তাৎপর্যপূর্ণ হয়েছিল, মুখ্য মন্ত্রী শ্রীসিদ্ধার্থ শঙ্কর রায়, তাঁর স্ত্রী এবং স্বাস্থ্য মন্ত্রী শ্রীঅজিত পাঁজার উপস্থিতিতে। আমাদের ইস্কুলের মার্চ পাষ্ট দেখে এঁরা সবাই খুব প্রীত হয়ে বার বার অভিনন্দন জানিয়ে ছিলেন।

সারাদিন ধরে ইস্কুলের ছাত্র ছাত্রীদের দ্বারা প্রদর্শিত বিভিন্ন অনুষ্ঠানাবলীর মধ্যে দিয়ে পালিত হলো এবারকার ১৫ই আগষ্ট। সব শেষে দুইটি খ্যাতিমান ফুটবল টিমের খেলা দিয়ে যবনিকা নেমে এল সেই বিশেষ দিনটির। মটর স্পোর্টিং জিতে নিয়ে গেল এ বছরের ১৫ই আগষ্টর শিল্ড। মুখ্য মন্ত্রী স্বয়ং নিজ হাতে তাহা তুলে দিলেন দল নায়কের হাতে।

কে, সি, সি

দেখেছ কি পাহাড়ের চূড়োয় চূড়োয়,
দেবদারু পাইনের কি সমারোহয়,
কিশোর সূর্য হাসে রক্তিমাভায় ?
মেঘেদের আনাগোনা দিবস রাতি
ঝুম্ ঝুম্ নূপুরের কলতান গীতি
গেয়ে চলে কান্তার মোহন বীণায়।

নীলিমার কোল ঘেঁসে সবুজের সারি,
চিরায়ু নবীন ওই যারা যুগ ধরি,
সাড়া কি দিয়েছ কভু ওদের সাড়ায় ?
ওদের মনের মিলে একটি সে মন,
নিখিল ভুবন জুড়ে বাজে অনুখন,
জীবনের সব চাওয়া নিমিষে হারায়।

ওদের ঠিকানা নাম কোন পরিচয়,
জেনে থাকো কভু যদি সে তোমার জয়।
সঙ্গ পিয়াসী ওরা প্রাণের খেলায়।
দিন শেষে গোধূলির আলোক মালায়,
হৃদয় দেউলে যবে আরতি জ্বালায়,
করুণ! যেওনা ফেলে ওদের হেলায়।

আকাশের আঙিনায় মেঘ বলাকারা,
যদি এসে ঢেকে দেয় দিক্ দিশা সারা,
কখন সকাল সাঁজে, ঘন কুয়াসায়।
ওরা আছে, রবে যেন চাহি তোমা পথ,
ওদের যাত্রা রথ,
তব মন মঞ্জুষায়—
দেখা দেবে প্রভাতের নবারুণিমায়।